अनुसन्धान प्रतिवेदन २०७४

# नेपालमा यौनजन्य बेचबिखनका कारण, प्रक्रिया र जोखिमताहरू

यूनाईटेड मिसन टु नेपाल

UMN

INTERACT

Region Asia

**लेखकहरु**
कविन महर्जन र मधु कुमार थापा

**अनुसन्धान टोली**
मधु कुमार थापा, अनुसन्धान टोली नेता, यू.एम.एन.
कविन महर्जन, अनुसन्धान र शिक्षण सल्लाहकार, यू.एम.एन.
प्रतिक्षा खनाल, अनुसन्धान र शिक्षण अधिकृत, यू.एम.एन.
विपन शाह, अन्तर्वार्ताकर्ता
कला पाण्डे, अन्तर्वार्ताकर्ता
देभ कुमारी घिमिरे, अन्तर्वार्ताकर्ता
कला पाण्डे, अन्तर्वार्ताकर्ता
ललिता पाण्डे, अन्तर्वार्ताकर्ता
लालमती पाण्डे, अन्तर्वार्ताकर्ता
रुपा प्रधान, अन्तर्वार्ताकर्ता
तुल कुमारी राना, अन्तर्वार्ताकर्ता
राम नगिना गुप्ता, अन्तर्वार्ताकर्ता

**नेपाली अनुवादक**
महेन्द्र सापकोटा र सागर शाही

**अनुसन्धान सहायता**
इन्टेऱ्याक्ट एसिया

**सम्पादन**
लिन ज्याक्सन्

**डिजाइन**
रमेश महर्जन

**प्रकाशक**
यूनाइटेड मिसन टु नेपाल (यू.एम.एन.)
थापाथली, काठमाडौं, नेपाल
पोष्ट बक्स १२६
फोनः ९७७ ०१ ४२२८ ११८, ४२६८ ९००
फ्याक्सः ९७७ ०१ ४२२५ ५५९
वेब साइटः www.umn.org.np
इमेल: umn@umn.org.np

**प्रकाशित**
वैशाख, २०७४
© २०७४ (यू.एम.एन.)

# सारांश

प्रस्तुत अध्ययनको आरम्भ मानिसहरूका विभिन्न जोखिमता तथा त्यससँगै हुने उनीहरुको छनौट र ओसारपसार प्रक्रियाको बुझाईले गर्दा मानव बेचबिखनलाई नियन्त्रण गर्न सकिन्छ भन्ने मान्यताबाट गरिएको छ। यसप्रकार यस अध्ययनले यौनजन्य बेचबिखनमा परेका प्रभावित महिलाहरूको जोखिमताका विभिन्न विशेषताहरूलाई आफ्नो विषयवस्तु बनाएको छ। यसमा जीविकोपार्जनका पुँजी र स्रोतहरूलाई विश्लेषण गर्न प्रचलित पुँजी नमूनालाई आत्मसाथ गरिएको छ भने घटनाजनीन अवस्था र ओसारपसारको स्थिति एवम् पीडित र पीडकबीचको अन्तरसम्बन्धलाई बेचबिखन र शोषणको नमुना (मोडेल) का आधारमा व्याख्या गरिएको छ। प्रभावितहरू शैक्षिक स्तर, सीप, सामाजिक सम्पर्क र सदस्यता आदि पुँजीको स्रोतहरूबाट ज्यादै बञ्चितीमा रहेका छन् जबकि रोजगारी र आय आर्जनको स्रोतहरूमा पनि तिनीहरूको न्युन पहुँच रहेको कुरा अध्ययनको निष्कर्ष छ। पुरूषप्रधान समाजमा जोखिमता अझै घनीभूत रहेको देखिन्छ जहाँ लैङ्गिक असमानता, विभेद र हिंसाको सामाजिक स्विकारोक्ति बढी रहने गर्दछ। यस सन्दर्भमा प्रभावित महिलाहरूको बेपर्बाही व्यवहारहरू र जानाजान भए - गरेका गम्भीर त्रुटिहरू पनि बेचबिखनका लागि केही हदसम्म जिम्मेवार छन् भन्ने तर्क यस अध्ययनमा रहेको छ। यस अध्ययनले छनौट र ओसारपसार प्रक्रियाको विश्लेषण गर्दै बेचबिखनकर्ताको सीप र रणनीतिहरु प्रभावितहरुको विवेकभन्दा कसरी शक्तिशाली हुन्छ भन्ने व्याख्या गर्दछ। त्यसकारण अध्ययनले बेचबिखनको रोकथाम र नियन्त्रणका लागि निम्न रणनीतिहरुमा केन्द्रित हुने गरी एक बृहद खाकाको सिफारिस गर्दछ :

१) अपराध नहुने वा निरूत्साहित गर्ने रणनीतिहरू, जस्तो कि कसूरदारको फाइदाभन्दा तुलनात्मक रुपमा त्यसको परिणाम भयावह हुने स्थिति निर्माण गर्नु,

२) व्यवसायिक यौन शोषणका लागि हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय मागलाई घटाउने रणनीतिहरू अवलम्बन गर्नु, र

३) बेचबिखनका लागि कुनै पनि व्यक्ति जोखिम हुने अवस्थाहरु (संरचनागत र व्यक्तिगत दुवै कारणजन्य जोखिमताहरु) को न्यूनीकरणका लागि रणनीतिहरू तर्जुमा गर्नु।

प्रस्तुत तीन रणनीतिहरुको अवलम्बनले सैद्धान्तिकरूपमा मानव बेचबिखनका घटनाहरु ज्यादै कम हुनपुग्छन्। अर्कोतिर उपरोक्त रणनीतिहरूमध्ये कुनै एकको पनि निष्कृयता वा बञ्चितीको प्रयास वा रणनीतिले बेचबिखनलाई रोकथाम गर्न सक्दैन।


**मूलशब्दहरुः** जीविकोपार्जनका पुँजीहरु, जोखिमता, बेचबिखन प्रभावित वा पीडित, यौनजन्य बेचबिखन, रोकथाम, छनौट र ओसारपसार

# विषय सूची


**१. पृष्ठभुमि** ........ १

**२. अध्ययनका उद्देश्य** ........ ३

**३. साहित्य पुनरावलोकन** ........ ४

३.१ यौनजन्य बेचबिखनको परिभाषामा मतैक्यता ........ ४

३.२ प्रभावितहरुको पहिचान ........ ४

३.३ छनौट र ओसारपसारका प्रक्रिया ........ ५

३.४ जीविकोपार्जनको पुँजीसम्बन्धी अवधारणा ........ ५

३.५ अपराध किन र कसरी हुन्छ ? ........ ६

३.६ पीडितशास्त्र सिद्धान्त ........ ६

**४. अनुसन्धान विधि** ........ ८

४.१ उत्तरदाताहरुको पहिचान ........ ८

४.२ सघन समूह छलफलहरु र सूचना–मुलक अन्तर्वार्ता ........ ८

४.३ अन्तर्वार्ता प्रक्रिया ........ ८

४.४ तथ्याङ्क विश्लेषण ........ ९

४.५ अध्ययनका नैतिक पक्ष ........ ९

४.६ अध्ययनका सीमाहरु ........ ९

**५. वैचारिक रुपरेखा** ........ १०

**६. निष्कर्ष तथा छलफल** ........ १२

६.१ जीविकोपार्जनका पुँजीहरु र जोखिमता ........ १२

६.१.१ प्रभावितहरुबारे आधारभूत जानकारी ........ १२

६.१.२ जीविकोपार्जनका पुँजीहरुको मापन ........ १३

६.१.३ प्रभावितहरुको मानवीय पुँजी ........ १४

६.१.४ प्रभावितहरुको भौतिक पुँजी ........ १४

६.१.५ प्रभावितहरुको प्राकृतिक पुँजी ........ १५

६.१.६ प्रभावितहरुको सामाजिक पुँजी ........ १५

६.१.७ प्रभावितहरुको वित्तीय पुँजी ........ १६

६.२ बेचबिखन प्रभावित र अपराधीबीचको सम्बन्धको पहिलो चरण ........ १६

६.३ जोखिमसम्बन्धी आशा र व्यवहारहरु ........ १८

६.४ बेचबिखनका तरिकाहरु: छनोट गर्ने बेला छनोटकर्ताका मनोवैज्ञानिक तथा व्यवहारिकरण नीतिहरु ........ २१

६.४.१ राम्रो काम र अवसरको बाचा कसम ........ २१

६.४.२ विश्वास जितेर ........ २१

६.४.३ भौतिक सम्पति तथा सहयोग दिएर ........ २१

६.४.४ तिनीहरूको अवस्था दयनीय छ भन्ने बनाएर ........ २१

६.४.५ लगातार भेट गर्दै र निरन्तर एउटी अवसर दोहोऱ्याउनु ........ २२

६.४.६ बेचबिखनकर्ताहरूसँग राम्रो सञ्जाल छ भन्ने पारेर ........ २२

६.४.७ भनिएको जानकारी सत्य हो भन्ने पारेर ........ २२

६.४.८. लैङ्गिक विभेद र सामाजिक छुवाछुतलाई औजारको रूपमा प्रयोग गर्दै ........ २२

६.४.९ चिन्तालाई नियन्त्रण गर्नु र दार्शानिक तर्कहरूले सामीप्य हुनु ........ २२

६.४.१० साथीको जस्तै व्यवहार तथा भाषाहरू प्रयोग गर्नु ........ २३

६.४.११ ऋणको जालो बनाएर ........ २३

६.४.१२ स्वतस्फुर्त कार्यहरूमा जोड गरेर ........ २३

६.५ छनोट प्रक्रियाको समय अवधि ........ २३
६.६ प्रभावितको परिवारसंग छनोटकर्ताको सम्बन्ध ........ २३
६.६.१ बेचबिखनकर्तासँग परिवारको परिचय कत्तिको नजिक छ ? ........ २४
६.६.२ बेचबिखनकर्तासँग परिवारका सदस्यहरूले छोरी, श्रीमती तथा बहिनीहरू भेटेको वा गएको कसरी थाहा पाउछन् ? ........ २४
६.६.३ बेचबिखनकर्तासँग भएका वार्तालापबारे प्रभावितहरूले परिवारलाई कत्तिको भन्दछन् ? ........ २४
६.७ ओसारपसार प्रक्रिया ........ २५
६.७.१ ओसारपसार ........ २५
६.७.२ ओसारपसार केन्द्रहरु ........ २६
६.७.३ गन्तव्यहरू ........ २७
६.७.४ ओसारपसार अवधिको खर्च ........ २७
६.७.५ ओसारपसार चरणको समय र समयावधि ........ २७
६.८ ओसारपसार अवधिमा प्रयोगहुने चालहरू ........ २८
६.८.१ प्रभाववितलाई शक्तिविहीन बनाउनु ........ २८
६.८.२ पीडितहरूको लागि सूचनाको प्रवाहलाई सीमित गर्नु ........ २८
६.८.३ ओसारपसारमा गैरकानुनी पदार्थर औषधीहरू प्रयोग गर्नु ........ २८
६.८.४ पीडितले शंका गर्न शुरू गरे अझै क्रियाशिल हुनु ........ २८
६.८.५ रात्रीको समयमा ठाउँ छाड्नु ........ २९
६.८.६ शुरूवातदेखि अन्तिम गन्तव्यसम्म एकै व्यक्तिलाई प्रयोग गर्नु ........ २९
६.८.७ ओसारपसार प्रक्रियामा एक भन्दा बढी बेचबिखनकर्ता संलग्न हुनु ........ २९
६.८.८ एक समयमा एउटै व्यक्तिलाई मात्र वा सानो समूह लिनु ........ २९
६.८.९ प्रभावितलाई प्रत्येक अस्थायी गन्तव्यहरूमा भरोसा दिलाउनु ........ २९
६.८.१० यात्रामा सुरक्षा कर्मचारीसँग जम्काभेट ........ ३०
६.८.११ भूगोलको बारेमा शुन्य सचेतना ........ ३०
६.९ बेचबिखन र बिक्री - अन्तिम चरण ........ ३०
६.१० लैङ्गिक दृष्टिकोण ........ ३२
**७. निष्कर्ष ........ ३३**
**८. सिफारिसहरू ........ ३५**
**९. सन्दर्भ सामाग्रीहरु ........ ४१**

# १. पृष्ठभुमि

विश्वव्यापीरूपमा मानव बेचबिखनलाई दासत्वको एक नयाँ आयामको रूपमा लिइन्छ जसले स्वतन्त्र रूपले बाँच्ने, सुरक्षित रहने र सम्मानित जीवन जिउने आधारभूत मानव अधिकारबाट मानिसलाई बञ्चित गर्दछ । बलपुर्वक, बदनियतपूर्ण र जोखिमताको नाममा हुने वा गरिने कुनै पनि प्रकारको शोषण आदिलाई मानिसको वैयक्तिक अधिकारको गम्भीर उल्लंघन मानिन्छ[१] । कुनै पनि उमेर समूह, लिङ्ग, जात र राष्ट्रियताको नागरिकहरूमाथि हुने यस्ता क्रियाकलापहरू कानुनी रूपमा विश्वव्यापी अपराध ठहर भएका छन् ।

दुर्भाग्यपूर्णरूपले मानव बेचबिखनको क्रम विश्वमा बढिरहेको छ । बेचबिखनका घटनाहरूको सन्दर्भमा अपनाइने भिभिन्न परिभाषाहरू, पहिचानका आधारहरू, तथ्याङ्क संकलन तथा अनुसन्धान विधिहरू र घटनाजन्य सामाजिक-राजनीतिक गाम्भीर्यता आदि कारणहरूले गर्दा त्यस्ता घटनाहरूको वस्तुपरक तथ्याङ्क यकिन गर्न कठिन हुने गर्दछ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को एक अनुमान अनुसार हाल विश्वमा २०.९ मिलियन (अर्थात् २० करोड ९ लाख) मानिसहरू बेचबिखनबाट प्रभावित छन् जसमध्ये ७८ प्रतिशत दबाबमूलक श्रमबाट प्रभावित हुन् भने ७८ प्रतिशत यौनजन्य प्रभावितहरू हुन् (ILO, 2012:13)[२] । लैङ्गिक र उमेरगत विश्लेषण गर्दा महिला र वयस्कहरू बेचबिखनबाट बढी प्रवाभित भएको देखिन्छ, जस्तो कि कुल प्रभावितहरू मध्ये ५५ प्रतिशत महिला र बालबालिका, ४५ प्रतिशत पुरूष र केटा र ७४ प्रतिशत वयस्कहरू रहेका छन् । मानव बेचबिखनको यस दुरावस्थाले विश्व अर्थतन्त्रको एक ठुलो हिस्सा ओगटेको छ । आइएलओका दुई संस्करणका प्रतिवेदनहरूका अनुसार मानव बेचबिखनबाट प्रतिवर्ष करिब ३१.६ बिलियन अमेरिकी डलर (अर्थात् करिव ३१ अर्ब ६० करोड ने.रु.) मुनाफाको रूपमा विनिमय हुन्छ (ILO, 2005:55)[३], जबकि दबाबमूलक श्रम शोषण र बेचबिखन प्रभावितहरूको आर्थिक व्ययभार २०.९ बिलियन अमेरिकी डलर (अर्थात् करिव २० अर्ब ९० करोड ने.रु.) भन्दा बढि हुने देखिन्छ (ILO, 2009: 32)[४] । बेचबिखनका कारण र प्रभावहरू केवल मानव अधिकारको क्षेत्रमा मात्र होइन, समकालीन विकासका विभिन्न भाष्यहरू जस्तै गरिबी, सुशासन, स्वास्थ्य, शिक्षा, बसाईसराई र अर्थतन्त्र आदिमा समेत सन्निकट रहेको छ । यसप्रकार मानव बेचबिखनलाई एक विश्वव्यापी समस्याको रूपमा लिन र बुझ्न जरुरी छ, जसका लागि राष्ट्रिय र क्षेत्रीयस्तरभन्दा पनि वृहत्तर अन्तर्राष्ट्रिय सहकार्यको आवश्यकता देखिन्छ ।

मानव बेचबिखनका विश्वव्यापी भाष्यहरू एक पक्षीय, दुई-पक्षीय वा बहु-पक्षीयरूपमा जुनरूपले उठ्ने गरेका छन्, त्यसमा नेपाल पनि निरपेक्ष छैन । नेपालको भूमि मानव बेचबिखनका बिभिन्न प्रकारहरूको स्रोत, गन्तव्य र ओसारपसारको केन्द्र बन्दै गईरहेको छ । सीमा वारपार र अन्तरदेशीय प्रसारले नेपाललाई भौगोलिक रूपले छिमेकी भारत लगायत एसियाली देशहरू, मध्यपुर्व, सब-सहारा अफ्रीका र संयुक्त राज्य अमेरिकासँग जोड्दछ । राष्ट्रिय मानव अधिकार आयोग (NHRC, 2011:17) को एक अनुमान अनुसार सन् २०११ को जनवरीदेखि डिसेम्बर सम्मको अवधिमा ११,५०० मानिसहरू बेचबिखनमा परेका वा त्यसबाट प्रभावित थिए जबकि यो संख्या अघिल्लो वर्ष (२००९-२०१०) को सोही अवधिमा झन्डै आधा अर्थात् ५,५०० थियो । नेपाल र भारतबीचको खुला सीमाना र आर्थिक-सामाजिक अन्तरनिर्भरताका कारणले नेपालबाट हुने मानव बेचबिखनको मुख्य गन्तव्यका रूपमा भारत नै देखिन्छ। आइएलओको एक वृहत अध्ययन अनुसार १९९७ देखि १९९९ को दुई वर्षको अवधिमा २१ हजारदेखि दुई लाखसम्म महिला र केटीहरू बेचबिखनमा परेका र यौनजन्य क्रियाकलापमा संग्लन हुन विवश पारिएका थिए (KC et al., 2001:7) । अमेरिकन बार एसोसिएसन र कानुनी अनुसन्धान तथा स्रोत विकास केन्द्रको पछिल्लो तथ्याङ्क अनुसार सन् २०११ पछि वार्षिक रूपले करिव ५००० देखि १५००० जना महिला र केटीहरू यौनजन्य व्यवसायका लागि नेपालबाट भारतमा पुर्‍याउने गरिन्छ, जबकि वर्षेनी करिब ६०० देखि २००० सम्म नेपाली बालबालिकाहरू भारतीय सर्कसहरूमा कुनै न कुनै भूमिकामा कार्यरत छन् जसमा ९० प्रतिशत बालिकाहरू र १० प्रतिशत मात्र बालकहरुको संग्लनता देखिन्छ (ABA and CeLRRd, 2011: 20) ।

नेपालबाट भारत लगायत अन्य देशमा मानव बेचबिखन हुने मात्र होइन, यहाँको कमजोर शासन प्रणाली र कानुनी संरचनाको फाइदा उठाउँदै यस स्थानलाई प्रायः दक्षिण एसियाली देशहरूका बेचबिखनकर्ताहरूले विभिन्न एसियाली देशहरूबाट नेपाल मार्फत मानव ओसारपसार गर्ने क्रम पनि बढ्दो छ । यसप्रकार मानव बेचबिखनका विभिन्न आयामहरू र अन्तरदेशीय सम्बन्ध हुने गर्दछन् । नेपालमा अन्तरिक रूपमा हुने बेचबिखन पनि गम्भीर प्रकारको छ । देशका विभिन्न भागहरूमा विविध प्रकारका निर्माण कार्य, घरेलु काम, इट्टा कारखाना, जुट कारखाना र व्यावसायिक यौन पेशा आदिको लागि बालबालिका, महिला र पुरूषहरूलाई ओसारपसार गर्ने गरिन्छ । यी मध्ये पनि यौनजन्य पेशाको लागि हुने महिला र बालिकाहरूको ओसारपसार तथा बालबालिका र वयस्कहरूको सस्तो श्रमका लागि शहरहरूमा हुने ओसारपसार बढि

[१] संयुक्त राष्ट्रसंघीय मानव बेचबिखन प्रोटोकल, धारा ३ अनुसार मानव बेचबिखन भन्नाले "छलौट, ओसारपसार, सरुवा,व्यक्तिहरूलाई आश्रय दिने वा राख्ने आदि प्रक्रिया हो जसका लागि डर, दबाब र अन्य प्रकारका बलजफ्ती, अपहरण, झुठ, धोकाधडी, शक्तिको दुरुपयोग, स्थान वा पद जन्य जोखिमता, कुनै प्रकारको फाइदा वा पैसा दिएर वा लिएर शोषण गर्नको लागि कसैलाई सहमत गराउने वा बाध्य पार्ने" कार्य हो । शोषण अन्तर्गत देह व्यापार वा अन्य किसिमको यौन शोषण, बलपूर्वक हुने श्रम वा सेवा, दासत्व र यस्तै खालका अन्य अभ्यासहरू, पराधीनता वा अंगहरू झिक्ने आदि कार्यहरू पर्दछन् । यसले बेचबिखन तीन प्रकारका तत्वहरू प्रस्तुत गरेको छः कानून, साधन र उद्देश्य । (UNODC, 2008) ।

[२] राष्ट्रिय तथा अन्तर्देशीय बेचबिखन सम्बन्धी तथ्याङ्कोविश्वसनीयतामाथि कतिपय विद्वानहरूले प्रश्न उठाएका छन्, जस्तो कि तथ्याङ्कलाई एउटा खेलको रूपमा आलोचना गर्न सकिने र प्रभावितह( रूलाई सहयोग गर्दा राम्रो प्रचार सामाग्री बन्ने पनि हुन्छ (Clark, 2008: 78) । साथ-साथै आमसंचार-प्रेरिततथ्याङ्क र नैतिकरूपले दुखदायी तथ्याङ्क (Chapkis, 2003) पनि निर्मित हुन्छन् जसले भ्रामक अनुमान वा भ्रान्तिकरण गरेर यौनजन्यपीडालाई सामाजिक वेदनाका रूपमा प्रस्तुत गर्दछ र त्यो विवादित बन्न पुग्दछ न कि कुनै प्राज्ञिक (Meshkovska et al., 2015: 391)

[३] नाफाको यस समग्र तथ्याङ्कले विश्वब्यापी रूपमा बलजफ्ती यौन कार्य वा अन्य श्रम कार्यमा लगाईएका मानिसहरूको शोषणबाट आर्जित वार्षिक आम्दानी वा आर्थिक मुनाफाको समष्टि हो ।

[४] शोषण वा दबाबहरूको मूल्य भन्नाले बाध्यकारी श्रम गर्दा वा बेचबिखनमा पर्दा हुने अवसरहरूको मूल्यका रूपमा बुझ्नु पर्दछ, जसका कारणले प्रभिवितहरूको वास्तविक ज्याला गुमेको हुन्छ र साथै छलौट हुँदा आर्थिक व्यय बेहोरेको हुन्छ । यसले बलजफ्ती यौन कार्यमा लगाईएका मानिसहरूको शोषणबाट आर्जित मुनाफालाई समेटेको हुदैन ।

गम्भीर देखिन्छन् । यौनजन्य मनोरञ्जनको क्षेत्रले क्याबिन रेस्टुरा, डान्सबार, दोहोरी घर र साँझ[५] र मसाज पार्लर आदिलाई समेट्छ भने सस्तो श्रम भन्नाले होटेल वा रेस्टुरामा हुने बाल श्रमलाई बुझिन्छ । नेपाल सरकारद्वारा सन् २००८ मा गरिएको एक अध्ययन अनुसार काठमाडौंमा मात्रै करिब १२०० मसाज पार्लर, डान्सबार र क्याबिन रेस्टुरा रहेका थिए र जसले झन्डै ५०,००० मानिसहरूलाई रोजगारी दिएकोमा ८० प्रतिशत त केवल १२-३० वर्ष उमेर समूह भित्रका महिलाहरू थिए (Subedi, 2009) । झन्डै ५० प्रतिशत कामदारहरू कुनै न कुनै प्रकारको शोषणमा रहेको अनुमान गर्न सकिन्छ, जबकि त्यसमध्ये ९,०००-१५,००० कामदारहरू त न्यून उमेर समूहका थिए । समग्रमा हेर्दा अन्तरिक र बाह्य दुबै रूपले बेचबिखन प्रभावितहरूको संख्या मध्यमाञ्चल विकास क्षेत्रमा बढि देखिन्छ भने जनजाति समुदाय[६] र न्यून शैक्षिकस्तर भएका मानिसहरू उल्लेख्य रूपले प्रभावित छन् (NHRC, 2011) । कानुनी रूपमा नेपालको मुलुकी ऐन (वि.स. २०२०) ले कुनै पनि प्रकारको मानव बेचबिखन र ओसारपसारलाई बन्देज लगाएको छ । नेपाल सरकारले बेचबिखन रोकथाम र नियन्त्रणका लागि कैयन नीति, ऐन र नियमावलीहरू लागू गरेको छ । यस सन्दर्भमा वैदेशिक रोजगार ऐन (२००७) र नीति (२०१२), मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २००७ र नियमावली, २००८ तथा महिला हिंसा विरुद्ध एवम् बालबालिका संरक्षणका लागि तर्जुमा गरिएका अन्य कानुनी संरचनाहरू उल्लेखनीय छन् । अन्तराष्ट्रिय रूपमा नेपाल सरकारले बालअधिकार, महिलाअधिकार र श्रमसम्बन्धी संयुक्त राष्ट्रसंघीय विभिन्न अभिसन्धि र सम्झौताहरू अनुमोदन गर्नुको साथै आइएलओ अभिसन्धि र महिला बेचबिखन रोकथाम र नियन्त्रणका लागि दक्षिण एसियाली अभिसन्धि आदिमा हस्ताक्षर गरेको छ । महिला तथा बालबालिकाका सवालहरूलाई प्राथमिकता दिई नेपाल सरकारको मन्त्रिपरिषद्ले २०१२ मार्चमा बेचबिखन नियन्त्रण र रोकथामका लागि राष्ट्रिय कार्ययोजना (NPA) तर्जुमा गरेको छ । यस कार्ययोजनाले राष्ट्रियस्तरमा मानव बेचबिखनको रोकथामको लागि निम्नलिखित पाँचवटा योजना र रणनीतिहरूको प्राथमिकीकरण गरेको छ :

(क) रोकथाम वा निरोध;[७]

(ख) संरक्षण;

(ग) कानूनी कारवाही;

(घ) क्षमता अभिवृद्धि; र

(ङ) समन्वय, सहयोग र सहकार्य ।

विभिन्न कानुनी प्रावधान र राष्ट्रिय योजनाहरूको तर्जुमासंगै नेपाल सरकारले संस्थागत संरचनाहरूको विकास र तिनको क्षमता अभिवृद्धिमा पनि प्राथमिकता दिएको छ । मानव बेचबिखन र ओसारपसार रोकथाम एवम् नियन्त्रण गर्ने सरकारी संयन्त्रहरू मध्ये महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय मुख्य रूपले जिम्मेवार छ । राष्ट्रिय मानव अधिकार आयोग अन्तर्गत मानव बेचबिखनसम्बन्धी विशेष सहचारी सेल रहेको छ भने महिला अधिकार प्रवर्धनका लागि राष्ट्रिय महिला आयोगको काम पनि प्रभावकारी हुने देखिन्छ । त्यसरी नै मानव बेचबिखन र ओसारपसार रोकथाम तथा नियन्त्रणका लागि बनाईएको राष्ट्रिय समितिले र मातहतका जिल्ला समितिहरूले जनचेतना जगाउने, बहस-पैरवी गर्ने, वार्षिक कार्ययोजना बनाउने र लागु गर्ने, पुनर्स्थापनाकेन्द्रहरू संचालन र अनुगमन गर्ने आदि कार्यहरू गर्दछन् । बेचबिखनको सवालहरूका सन्दर्भमा राष्ट्रियस्तरमा केहि महत्वपुर्ण ऐन र निर्देशिकाहरु लागू गरिएका छन, जस्तोकि मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा नियमावली (२०६५) ; कार्य स्थलमा हुने महिला यौन दुर्वयवहार रोक्न बनेको नियमावली (२०६५) ; बेचबिखन रोकथामका लागि स्थानीय समितिहरूको गठन र परिचालन (२०७०) आदि । सुरक्षित घरहरू निर्माण गर्ने, अनुसन्धान र सुनुवाइमा बढोत्तरी गर्ने, राष्ट्रिय बजेट घोषणामा मानव बेचबिखनको रोकथामका लागि प्रयाप्त रकम दिने र कक्षा १० को राष्ट्रिय पाठ्यक्रममा बेचबिखनसम्बन्धी सवालहरू समावेश गर्ने आदि रणनीतिहरू पनि प्रभावकारी हुनसक्दछन् । नेपालमा प्रत्येक वर्ष मानव मर्यादा र स्वतन्त्रताको सम्मानका लागि सेप्टेम्बर महिनाको पहिलो हप्ता मानव बेचबिखन विरूद्धको दिवस मनाउने गर्दछ । यस्ता प्रयासहरूका वावजुद नेपाल सरकारले बेचबिखन निराकरण गर्न न्यूनतम अन्तर्राष्ट्रिय मापदण्डहरू अवलम्बन गरेको देखिदैन, जसले गर्दा संयुक्त राज्य अमेरिकाको मानव बेचबिखनसम्बन्धी विभागद्वारा प्रकाशित हुने प्रतिवेदनले यसलाई टायर-२[८] मा राखेको छ । सरकारी संयन्त्रहरूका अतिरिक्त नागरिक समाजका कैयन संस्थाहरू (जस्तैः माइती नेपाल, श्री एन्गल्स, एबिसी नेपाल, बालिका बेचबिखन विरूद्धको राष्ट्रिय संजाल, शक्ति समूह आदि) पनि बेचबिखन विरूद्धको अभियानमा सक्रिय छन् । नीतिगत पैरवी, स्थानीय स्तरमा जनचेतना जागरण, हेल्प लाइन स्थापना, सीमा क्षेत्रमा निगरानी र परामर्श केन्द्रहरूको निर्माण, कानुनी सहायता, प्रभावितहरूको उद्धार र सुधार, घटनाको दस्तावेजीकरण आदि कार्यहरूमा यी संस्थाहरूको क्रियाशीलता देखिन्छ ।

संस्थागत संरचना निर्माण र स्रोतहरूको परिचालनका वाबजुत बेचबिखन नियन्त्रणको प्रगतिमा नेपाल धेरै नै पछाडी रहेको छ । बेचबिखनकर्ताहरूले आफ्नो धन्दा सुचारुगर्न नयाँ-नयाँ रणनीति, माध्यम र विधिहरूको विकास गर्दैगइरहेका छन् । यस सन्दर्भमा प्रस्तुत अध्ययनले बेचबिखनलाई प्रोत्साहित गर्ने जोखिमताहरूको प्रकृति र ओसारपसारका प्रक्रियाहरूको विश्लेषण गर्दै बेचबिखन न्यूनीकरणका लागि एक वृहत्तर रणनीतिक मोडेल प्रस्तुत गर्नेछ । आन्तरिक वा अन्तरदेशीय यौनजन्य बेचबिखनबाट प्रभावित महिलाहरूको विषयवस्तुमा यस अध्ययन केन्द्रित छ । यसका लागि 'पीडित' र 'प्रभावित' जस्ता शब्दहरू समनार्थी रूपमा प्रयोग गरिएका छन् जसले जीवनको कुनै कालखण्डमा यौनजन्य अभिप्रायले बेचबिखनमा परेका वा प्रभावित भएका महिलालाई बुझाउँदछ । जोखिमताको राम्रो बुझाई र ओसारपसारका प्रक्रियाहरूबारे गहन विश्लेषणबाट बेचबिखन नियन्त्रणका लागि उपयुक्त रणनीतिहरू तर्जुमा गर्न निर्णायक हुने कुरामा यस अध्ययनले मान्यता राख्दछ ।

[५] रेष्टुराहरु जहाँ ग्राहकहरुलाई मनोरञ्जन गर्न प्रत्यक्ष लोकदोहरी गीतहरु गाइन्छ/नाचिन्छ ।
[६] जनजातिहरु नेपालका आदिवासी समूह वा समुदाय हुन् ।
[७] महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, नेपाल सरकारले सन् २०१६ मा "Progression in the Trafficking in Persons Scenario and Response for Prevention, Protection and Prosecution" नामक एक गहन अनुसन्धान गरेको थियो जो मानव बेचबिखन बिरुद्धको राष्ट्रिय कार्ययोजनामा आधारित थियो ।
[८] टायर-२ विश्वव्यापीरूपमा बेचबिखनकासवालहरूको आधारमा गरिएका देशहरूको वर्गीकरण हो, जसका सरकारहरूले बेचबिखन प्रभावितहरूको संरक्षण ऐन (TVPA) का न्युनतम मापदण्डहरूलाई अनुसरण गर्दैनन, यद्यपि त्यस दिशामा केही सकारात्मक कदमहरू हासिल गरेका भने हुन्छन् ।

# २. अध्ययनका उद्धेश्य

प्रस्तुत अध्ययनका निम्न लिखित अनुसन्धानमुलक उद्देश्य र प्रश्नहरु रहेका छन्:

**उद्देश्य १:** मानिसहरु बेचबिखनमा पर्न सक्ने जोखिमताहरुको विशेषता पहिचान गर्दै तिनीहरुका जीविकोपार्जनका पुँजीहरुको मापन एवं सामाजिक-आर्थिक अवस्थाहरुको मुल्याङ्कन गर्ने ।

**अनुसन्धानका प्रश्नहरु**

- बेचबिखनको जोखिमतामा सबभन्दा बढी को छन् ?
- तिनीहरुको आर्थिक, सामाजिक र परिवारिक पृष्ठभुमि कस्ता छन् ?
- जीविकोपार्जनको कुन पुँजीले बेचबिखनका लागि व्यक्तिलाई जोखिम बनाउँदछ, र कसरी ?

**उद्देश्य २:** समकालीन अवस्थामा मानव बेचबिखनका छनौट र ओसारपसार प्रक्रियाहरु र अवधारणाहरुको नक्सांकन गर्ने ।

**अनुसन्धानका प्रश्नहरु**

- बेचबिखनकर्ताहरुले मानिसहरु छनौट गर्न र ओसारपसार गर्न के कस्ता विधि र उपायहरु प्रयोग गर्दछन् ?
- बेचबिखनमा पर्ने मानिसहरु कसले छनौट गर्दछ ? बेचबिखनकर्ता र बेचबिखनका लागि छनोट गर्ने मानिसहरुका कस्ता कस्ता विशेषताहरु रहेका हुन्छन् ?

# ३. साहित्य पुनरावलोकन

## ३.१ यौनजन्य बेचबिखनको परिभाषामा मतैक्यता

यौनजन्य बेचबिखनको परिभाषामा भएका विवादहरू मध्ये एउटा आलोचनात्मक सवाल यौनजन्य कार्यमा सहभागी हुने व्यक्तिहरूको सहमति छ वा छैन भन्ने रहेको पाइन्छ । Gallagher (2001: 984) ले "कुनै बाध्यतामा नपरेको र बसाई सरेको वयस्क मानिसको देहव्यापार लाई बेचबिखनको परिभाषामा समेटिनु पर्छ वा पर्दैन" भनी प्रश्न गर्दछन् । यस विवादको एक पहेलीको रूपमा महिला बेचबिखन विरूद्धको विश्वव्यापी सहकार्य (Global Alliance Against Trafficking in Women-GAATW) ले देहव्यापारलाई वैधानिक क्रियाकलाप भन्दै समर्थन गर्दछ। यदि कुनै वयस्क महिला आफ्नो स्वेच्छा, गरिबी वा अन्य कुनै कारणले यौन उद्योगमा प्रवेश गर्दछ भने त्यो बेचबिखनको दायरामा नपर्ने तर्क सञ्जालको रहेको छ (Gozdziak and Collett, 2005; Doezema, 2005) । अर्को धारको नेतृत्व महिला बेचबिखन विरूद्धको अन्तर्राष्ट्रिय सञ्जाल (Coalition Against Trafficking in Women International-CATW) ले माथिको अवधारणालाई अस्विकार गर्दै यौन उद्योगमा सहभागी महिलाहरू कतै न कतै उद्यम वा गन्तव्यमा, कुनै न कुनै ढंगले दुरूपयोग भएका र बलजफ्त गरिएका हुन्छन्, र तिनीहरू बेचबिखनबाट प्रभावित हुन्छन भन्ने तर्क गर्दछ (O'Connor & Healy, 2006; Cameron, 2008) । Hughes (2004) ले महिलाहरूको विवेकले कहिल्यै पनि यौनजन्य उद्योगमा सहभागी हुन चाहदैन, त्यसकारण तिनीहरू चाहे आफ्नो इच्छाले वा कुनै बाध्यता या बलपूर्वक सहभागी भएको होउन, बेचबिखनबाट प्रभावितहरू नै हुन् भन्ने तर्क गर्दछन् । Aronowitz (2015) को तर्क महिलाहरू देहव्यापारमा सहभागी हुन छोडे पनि उनीहरू आफ्नो गन्तव्य स्थानमा शोषण र धोकाधडीमा परिरहन्छन् भन्ने रहेको छ। प्रस्तुत अध्ययनले यी दुबै प्रकारका बहस पैरवीहरूलाई बेचबिखन प्रभावितहरूको पहिचान र तिनको कारणहरूको विश्लेषणमा प्रयोग गरेको छ ।

## ३.२ प्रभावितहरुको पहिचान

विभिन्न अध्ययनहरूले बेचबिखन प्रभावितहरूको सामान्य र मिहिन विशेषताहरू आँकलन गरेका छन् । बेचबिखनको जोखिमतामा पर्न सक्नेहरूको खास विशेषताहरूमा गरिवी, बेरोजगारी, शिक्षामा न्यून पहुँच, ग्रामीण जीवन र जीविकोपार्जन सहजताका लागि बसाईसराई आदि पर्दछन् । Feingold (2005:32) ले त बेचबिखनलाई एक "गलत र त्रासदीपूर्ण बसाईसराई" भनेका छन् । कतिपय विद्धानहरूले यौनजन्य बेचबिखनका सन्दर्भमा खास विशेषताहरूको पहिचान गर्ने प्रयास गरेका छन् । यस सन्दर्भमा Vijeyarasa (2013:1024) ले यौनजन्य बेचबिखनमा लैङ्गिक कारकलाई महत्व दिदैं भन्दछन् कि "बेचबिखन लैङ्गिक हुन्छ, र त्यो लैङ्गिकता भनेको महिला नै हो"। आइएलओका लागि गरिएको अर्को एक अध्ययन अनुसार दुर्व्यवहार र शारीरिक शोषण, मदिरा सेवन, मानसिक तनाव, बहुविवाह, वृहद परिवार संख्या, पुरूषप्रधान संरचना, बालविवाह र चाडपर्व एवम् भोज-भतेरमा खर्चिने बढी समय आदि कारणहरूले जोखिमता बढाउने गर्दछ र प्रकारान्तरले ती बेचबिखनकालागि कारक बन्न पुग्दछन् (KC et al. 2001) । अर्कोतर्फ MoWCSW (2016) ले अठार वर्षभन्दा कम उमेरका, काठमाडौं उपत्यकाभन्दा वाहिरका बसाइसराइकर्ता, अविवाहित, आफ्नो परिवारभन्दा बाहिर बसेका, अशिक्षित आदि व्यक्तिहरुलाई जोखिमयुक्त समूहकोरुपमा पहिचान गरेको छ ।

एक अर्को अध्ययन (Artadi et al. 2010) ले फिलिपिन्समा मानव बेचबिखनका सन्दर्भमा जोखिमताका तत्वहरूको बुझाई र विशेषताबारे प्रकाश पारेको छ । त्यस अध्ययनमा करिव ५० प्रतिशत प्रभावितहरूको शैक्षिक स्थिति आधारभूत तहभन्दा ज्यादै न्यून थियो । केटीहरूमध्ये ८५ प्रतिशतले सम्भाव्य फाइदाहरूको अतिरिक्त मुल्याङ्कन र घाटाहरूको न्यूनतम मुल्याङ्कन गर्दै उच्चतम अभिलाषा सहित घर छोड्ने गर्दथे । ६५ प्रतिशत केटीहरू आफ्ना साथी वा कुनै चिनेजानेको मानिससमार्फत यौन कार्यमा सहभागी हुने गर्दथे । पारिवारिक स्थिति पनि बेचबिखनका लागि एक महत्वपुर्ण कारकको रूपमा रहेको थियो । यस अध्ययनको क्रममा अन्तरवार्तामा संलग्न २० प्रतिशत केटीहरूका आमा नभएका थिए र तिनीहरूको घरमा सधैं पारिवारिक झैं-झगडा भैरहन्थ्यो । घरको जेठी छोरीलाई सबभन्दा बढि जोखिमता हुने गर्दथ्यो । परिवारमा जति धेरै बाल-बालिकाहरूको संख्या भयो र त्यसमा पनि बालकहरूको संख्या बालिकाको भन्दा बढी हुँदा पितृसत्तात्मक लैङ्गिक हिंसा हुने र बालिका वा महिलाहरू बेचबिखनको जोखिमतामा पर्ने गरेका छन् ।

विद्वान Nils Christie को आदर्श पीडित वा प्रभावित भन्ने अवधारणाले जोखिममा परेका र प्रभावित भएकाहरूको विशेषताहरूलाई बुझ्न सहयोग गर्दछ । उनका अनुसार आदर्शरूपले प्रभावितहरू निम्न छ प्रकारका हुन्छन् (Christie, 1986, in Dignan 2004:17) :

क) पीडक वा बेचबिखनकर्ताको तुलनामा प्रभावित हुने मानिस बढी कमजोर हुन्छ; र त्यो प्राय: महिला, बिरामी, ज्यादै वृद्ध वा ज्यादै युवा (वा यी सबैको समग्रता) हुने गर्दछ;

ख) प्रभावित मानिसले सकेसम्म इमान्दार र कानूनी रूपले आफ्ना नित्य कर्म र क्रियाकलापहरू गर्दछ,

ग) प्रभावितले विगतमा के भएको थियो भन्ने आरोप दावी गर्न सक्दैन,

घ) प्रभावित हुने मानिस आफुलाई बेच्ने वा ओसारपसार गर्ने नौलो मानिससँग या त असम्बन्धित हुन्छ या त उसलाई चिन्दैन,

ङ) बेचबिखनकर्ता निश्चित रूपमा ठूलो र खराब हुन्छ,

च) प्रभावित हुने मानिससंग शक्ति, प्रभाव वा सहानुभूतिको राम्रो परिचायक हुन्छ जसले निहित र प्रत्युत्पादक ईच्छाहरूलाई चुनौती नदिईकनै प्रभावको चंगुलबाट बाहिर आउन सक्दछ ।

प्रस्तुत प्रतिवेदनले बेचबिखनबाट प्रभावित हुने र उनीहरूलाई आइपर्ने जोखिमताका विभिन्न आयामहरूबारे अध्ययन गर्ने उद्देश्य राखेको हुँदा यस्ता उदाहरणहरूलेजोखिमताका के–के विशेषताहरू हुदाँरहेछन् र तिनको रोकथामको लागि चाल्नुपर्ने कदमहरू के कस्ता हुन सक्छन् भन्ने बारेमा प्रकाश पार्दछन् ।

## ३.३ छनौट र ओसारपसारका प्रक्रिया

छनौट एक त्यस्तो प्रक्रिया, धारणा र कार्य हो जहाँ बेचबिखनकर्ताले सम्भावित प्रभावित मानिसको पहिचान गर्दछ उसलाई प्रलोभनमा पार्दछ; जबकि छलछाम र धोकाधडी बेचबिखनमा अपनाइने एक महत्वपुर्ण रणनीति हो (Angelina and Blagojce, 2014) । Lutya and Lanier (2012:564) को तर्क अनुसार बेचबिखनमा हुने छनौट प्रक्रियाका पूर्वशर्त नै बेचबिखनकर्ता र प्रभावितबीचको शक्तिमा हुने असमानता हो । बेचबिखनका लागि प्रायः जसो अपनाइने रणनीतिहरूमा महिलाहरूको आर्थिक दुरावस्थालाइ बढाईचढाई गर्नु र राम्रा–राम्रा नोकरी वा कमाईको अवसर पाइने कुराको भ्रमपूर्ण प्रतिबद्धता गर्नु (Crawford and Kaufman, 2008; Vindhya and Dev, 2011), देखावटी वा जालीविवाहहरू गर्नु र मनोरञ्जनका लागि घुमफिर गर्नु (IOM, undated; Zimmerman et al., 2003) आदि देखिन्छन् । कहिलेकाहीँ बेचबिखनकर्ताले तेस्रो पक्षको प्रयोग गरेर पनि छनौट गर्न सक्दछ जसलाई सम्भावित प्रभावितहरूको छनौट प्रक्रियामा आफु संलग्न भएको थाहा हुन या नहुन पनि सक्दछ ।

प्रभावितहरूको ओसारपसारको सन्दर्भमा Angelina / Blagojce (2014) ले बेचबिखनकर्ताहरूलाई 'विशेषज्ञ'का रुपमा दर्ज गरेका छन् । तिनीहरू एकदमै संगठित समूह हुन् (Shelley, 2010), र ती वास्तवमा 'सिकीरहने संस्थाहरू' पनि हुन् किनकि तिनले परिवर्तित अवस्थामा नयाँ नयाँ रणनीतिहरूमार्फत छनौट, ओसारपसार र बेचबिखनको प्रक्रियालाई निरन्तरता दिन्छन् (Leman and Janssens, 2008) । ओसारपसारको यात्रा चलनचल्तीमा रहेका औपचारिक बाटोहरुभन्दा भिन्न भएर गन्तव्यमा पुग्दछ र यस क्रममा नयाँ, भिन्न र विविध बाटो वा केन्द्रहरू र फरक–फरक यातायातका साधन वा विधिहरू पनि प्रयोगमा ल्याइने गरिन्छ (KC et al., 2001) । बेचबिखनमा परेकाहरू यस्ता अवस्थाहरूमा धेरै जोखिमता र खतरापूर्ण अवस्थामा रहेका हुन्छन् । बेचबिखनमा परेका कतिपय महिलाहरू कैयनपल्ट बिचौलियामार्फत बाटोमा नै पुनः बेचिन्छन् र अन्य प्रकारले थप शोषणमा पनि पर्दछन् (Motus, 2004) । विभिन्न अध्ययनहरूको यस पुनरावलोकनले बेचबिखनका सन्दर्भमा कसरी मानव ओसारपसार हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । नेपालमा बेचबिखनका केन्द्रहरु र ओसारपसारको प्रक्रियाका बारेमा विश्लेषण यस प्रतिवेदनको दोस्रो उद्देश्य रहेको छ ।

## ३.४ जीविकोपार्जनको पुँजीसम्बन्धी अवधारणा

बेचबिखनको जोखिमता आधारभूतरूपले गरिबीसँग सम्बन्धित छ । जोखिमता र गरिबीको अन्तरसम्बन्धलाई यस अध्ययनले जीविकोपार्जनको अवधारणाबाट विश्लेषण गरेको छ । Erenstein तथा अन्य (2010) ले जीविकोपार्जनका पुँजी वा साधनहरूको अभाव र गरिबीलाई संगसंगै जोड्दै मानिसहरूको जीविकोपार्जनका पुँजीहरूमा हुने बढोत्तरीसंगै गरिबी र जोखिमता पनि घट्ने गर्दछ भन्ने तर्क गर्दछन् । Moser and Felton (2007) र Erenstein (2009) हरूका अनुसार कुनै व्यक्तिको पुँजी वा साधनहरूमा पहुँच बढ्नुले उसको जीवनको गुणस्तर बढ्नु वा गरिबीको मापनस्तर मुल्याङ्कन गर्दछ। अन्तर्राष्ट्रिय विकास नियोग (DFID) को पञ्चभुजे जीविकोपार्जन अवधारणा (1999) ले दिगो जीविकोपार्जन कायम गर्न र गरिबी न्यूनीकरण गर्न पाँच प्रकारका पुँजीहरूको[१] उल्लेख गरेको छ (भौतिक, वित्तीय, मानवीय, प्राकृतिक र सामाजिक) । यस अवधारणाको उद्देश्य मानिसहरूको "वास्तविक शक्ति वा आर्जनहरू (जस्तै पुँजी, सम्पति वा स्रोत) प्राप्त गर्नु हो र तिनलाई कसरी सकारात्मकरूपमा परिवर्तन गरेर प्रतिफल प्राप्त गर्नु भन्ने हो । यसका लागि मानिसहरूलाई धेरै र विविध प्रकारका जीविकोपार्जनका पुँजीहरूको जरुरी रहेको हुन्छ, न कि त्यसको प्रतिफलका लागि कुनै एक पुँजी वा साधन त्यसका लागि प्रयाप्त हुने गर्दछ" (ibid:5) ।

बेचबिखनको अध्ययनमा धेरै विद्वान् वा स्रोतहरू (जस्तै Clark, 2008; Kempadoo et al., 2005; NHRC Nepal, 2011) ले जोखिमताका अवस्थाहरू वास्तवमा सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिकरूपले निर्धारित हुन्छन् र यसकारणले गर्दा रोकथामका प्रक्रियामा पनि यी आयामहरूलाई ध्यान दिन जरुरी छ भन्ने तर्क गर्दछन् । कुनै पनि पुँजीको वञ्चितीले अन्ततोगत्वा मानिसहरूको जोखिमतालाई बढाउँछ । Gallagher (2013:15) का अनुसार बेचबिखनकर्ताले यस्ता जोखिमताहरूलाई अतिशय बनाइदिएर त्यसको दुरुपयोग गर्दछन् । त्यसैले पुँजीमा आधारित अवधारणाले जीविकोपार्जनका साधनहरू र जोखिमताहरूको अन्तरसम्बन्धबारे प्रकाश पार्दै बेचबिखनको प्रक्रियाको विश्लेषण गर्दछ । जोखिमता न्यूनीकरण गर्दै रोकथामका उपायहरू तर्जुमागरी सम्भावित प्रभावितहरूको जीविकोपार्जनका पुँजीहरूको विस्तार गर्न यो जानकारी महत्वपूर्ण हुने देखिन्छ ।

[१] क) मानव पुँजीः सीप, ज्ञान, कामगर्ने क्षमता र राम्रो स्वास्थ्य; (ख) सामाजिक पुँजीः मानिसहरूलाई बाच्नकोलागि आवश्यक पर्ने सामाजिक स्रोतहरू जस्तै (बढी शक्तिशाली मानिसहरूसँगको सम्बन्ध (ठाडो सम्बन्धहरू) वा आफूजस्तै अन्यहरूसँगको सम्बन्ध (तेर्सो सम्बन्धहरू) वा समूहहरू र संस्थाहरूको सदस्यता; (ग) प्राकृतिक पुँजीः मानिसहरूको जिविकोपार्जनमा प्रभाव पार्ने जमिन, जंगलहरू, पानी, हावा लगायतका प्राकृतिक स्रोतहरू; (घ) भौतिक पुँजीः बाँच्नको लागि आवश्यक आधारभूत पूर्वाधारहरू त्यस्तै उनीहरूले प्रयोग गर्ने औजारहरू र मालसामानहरू; र (ङ) वीत्तिय पुँजीः विभिन्न रूपमा हुने बचत, वित्तीय सेवाहरूमा पहुँच र पैसाको नियमित प्रवाह (DFID, 1999) ।

यस अध्ययनले DFID द्वारा प्रतिपादित दिगो जीविकोपार्जनको अवधारणा (1999) लाई आत्मसाथ गर्दै प्रभावितहरूको बेचबिखनभन्दा पहिलेको जीविकोपार्जनका पुँजीहरूको मापनगर्दै बेचबिखनका सन्दर्भमा उनीहरूको जोखिमताको विश्लेषण गर्दछ । पुँजीका विभिन्न आयामहरू र अन्य महत्वपुर्ण कुराहरू समेटेर यस ढाँचाले व्यक्ति विशेषको जीविकोपार्जनका प्रतिफलहरूलाई पूर्णतया समेट्न नसके पनि यस अध्ययनले जीविकोपार्जनको ढाँचालाई आधारभूतरूपमा प्रयोग गरेको छ जसले बेचबिखनका सवालहरूलाई उजागर गरेका छन् । विशेष प्रकारका पुँजीहरूको अभाव वा कमीहरूको पहिचानले बेचबिखन रोकथामका लागि रणनीतिहरू तर्जुमा गर्न प्रभावकारी भूमिका खेल्न सक्छन् ।

## ३.५ अपराध किन र कसरी हुन्छ ?

एक अपराधकोरुपमा बेचबिखनको प्रक्रियालाई बुझ्न सैद्धान्तिक आधारभूत आधार आवश्यक हुनजान्छ । अपराधशास्त्रका साहित्यहरूमा गरिएका विभिन्न सिंहावलोकनका माध्यमबाट Lutya र Lanier (2012:563) हरूले मानव बेचबिखनलाई व्याख्या गर्न सैद्धान्तिक रूपमा एकीकृत रूपरेखा विकास गरेका छन् । उनीहरूका अनुसार जबरजस्ती हुने वेश्यावृतिका लागि युवती तथा केटीहरूलाई बेच्ने वा अपराधजन्य घटनाकालागि निर्णय गर्ने प्रक्रियामा तीनवटा कारक तत्वहरू रहेका हुन्छन्: (१) स्वतन्त्र चाहना (२) माग र (३) प्रभावितहरूको जोखिमता । निर्णय गर्ने प्रक्रिया एक स्वतन्त्र चर बन्दछ किनभने यसले स्वतन्त्र इच्छा, माग र प्रभावितहरूको जोखिमतालाई अगाडि ल्याउँदछ । यहाँ स्वतन्त्र इच्छा भनेको अपराधको नाफा र नोक्सानको विश्लेषणको आधारमा बेचबिखनकर्ताको तार्किक छनौट, मागले गन्तव्य स्थानमा यौन धन्दाका लागि महिला तथा केटीहरूको आवश्यकतालाई जनाउँछ[१०] भने प्रभावितहरूको जोखिमता भन्नाले उनीहरूको कमजोर पक्षहरू जसलाई बेचबिखनकर्ताले फकाउन, बढाइचढाइ गर्न र मनाउनका लागि प्रयोग गर्दछ । Lutya र Lanier का अनुसार बेचबिखनकर्ताले अपराधबाट आउने सम्भावित नाफालाई जब गणना गर्दछ,[११] विस्तारै अपराध गर्नको लागि माग बढेको रूपमा देख्दछ र त्यसपछि सम्भावित प्रभावितलाई पहिचान गर्छ । त्यसपछि मात्रै छनौट प्रक्रिया शुरु हुन्छ ।

उनीहरूले छनौट चरण शुरू हुनको लागि "शक्ति र असमानताबीच कार्य–कारण सम्बन्ध रहन्छ, जहाँ स्वतन्त्र इच्छा र जीवनशैलीका जोखिमताहरूले अवसर सिर्जना गर्न सक्नुपर्दछ" भन्ने तर्क समेत गर्दछन् । यसको अर्थ बेचबिखनकर्ता जहिले पनि प्रभावितको तुलनामा ज्ञान तथा सीपहरू र अन्य पक्षहरूमा शक्तिशाली तथा उच्च रहन्छन् । त्यस्तैगरी, सम्भावित वा प्रभावितहरूले पनि बेचबिखनकर्ताको प्रस्तावको आधारमा लगानी र नाफाको बारेमा विश्लेषणगरी निर्णय लिने गर्छन् । अन्त्यमा प्रभावितको जीवनशैलीको जोखिमतासँग अन्तरसम्बन्धित रहन्छ (यसलाई भाग ३.६ मा उल्लेख गरिएको छ) । त्यसैले Lutiya र Lunier ले "प्रभावितहरूको जीवनशैली, लैङ्गिक, सामाजिक तथा आर्थिक अवस्था, जातीय बनोट र प्रत्येक वर्गको मागहरूको जानकारी तथा ज्ञानविना बेचबिखनकर्ताले उनीहरूले छनौट वा ओसारपसार गर्न सक्दैनन्" भनी दावा गर्छन् (ibid:564) र अन्य विज्ञहरूले पनि अपराध हुनको लागि त्यस्तै किसिमको अवस्थाहरू र घटकहरू हुने गर्छन् भन्ने तर्क गर्छन् । Cohen र Felson (1979) र Miethe र Meier (1994) का विचारमा कुनै पनि अपराधको वृहद भेदभित्र प्रभावित, संरक्षकहरूको अनुपस्थिति वा अभाव, उत्प्रेरित अपराधी र अपराधहरूको पटाक्षेप वा सार्वजनिकता आदि पर्दछन् र यस विवेचनाले बेचबिखन एउटा मुख्य अपराधको रूपमा बेचबिखनका कारकहरू, त्यसका प्रक्रियाहरू र संयन्त्रको बारेमा स्पष्ट सैद्धान्तिक चित्र प्रदान गर्छ ।

## ३.६ पीडितशास्त्र सिद्धान्त

पीडितशास्त्र भनेको एउटा सैद्धान्तिक रूपरेखा हो । यसले किन कोही व्यक्ति वा समूह प्रभावित हुन्छन् र तिनीहरू अरूभन्दा बढी जोखिममा हुन्छन् भनेर राम्रोसँग विस्तृत व्याख्या गर्ने उद्देश्य राख्दछ । यसले पीडितीकरणको प्रक्रिया बुझ्नलाई अपराधका कारक तत्वहरू, घटनाहरू, सन्दर्भहरू र अपराधी तथा प्रभावितबीचकोसम्बन्ध आदिको बारेमा विश्लेषण गर्छ । अपराधशास्त्रका गतिशीलतालाई बुझ्न धेरै परिकल्पनाहरूलाई आत्मसाथ गरिएका छन् । प्रस्तुत अध्ययनले यसलाई निम्न दुई वर्गका आधारमा हेर्दछ ।

क) प्रभावित जो आफ्नो पीडितीकरणलाई स्वयं निम्त्याऊँछन् वा बढवा दिन्छन्, र

ख) पीडितीकरणलाई योगदान गर्ने साँस्कृतिक तथा संरचनागत सन्दर्भहरु

विज्ञहरू जस्तै Van den Hoven र Maree (2005), Franklin तथा अन्य (2012), Amir (1971) र Von Hentig (1941) आदिका अनुसार प्रभावितले नै आफ्नै जीवनशैली, लापरबाहीपन, जोखिममुलक व्यवहार, सोझोपन, सक्रियता, आफैलाई नियन्त्रण गर्ने भरोसाको कमी जस्ता कारणहरूले आफुले आफैलाई जोखिमतातिर लैजानको लागि महत्वपूर्ण भूमिका खेल्ने गर्दछन् । Von Hentig (1941) ले प्रभावितहरूले नै घटनाको श्रृंखलालाई उकास्ने गर्छन् जसले बेचबिखनकर्ताको छनौट प्रक्रियाहरूलाई सहयोग तथा सहजीकरण गर्ने काम गर्छ र तत्पश्चात उनीहरू पीडितीकरणको अवस्थामा पुग्ने गर्दछन भन्ने वकालत गर्छन् । त्यसैगरी Lutiya र Lunier (2012) ले बालबालिका तथा महिलाहरूको बेचबिखनको जोखिमतालाई निर्धारण गर्न उनीहरूको अग्रसरता, कुण्ठा र उत्तेजनाहरू नै मुख्य घटकहरूका रूपमा लिएका छन् । यो विचार वास्तवमा प्रभावितहरूप्रति उदासीन छ र यतिमात्र नभएर यसले प्रभावितहरूलाई सहानुभूति दिनुको साटो बेचबिखनमा उनीहरू नै मुख्य जिम्मेबार मतियार हुन् भनेर कडा आरोप लगाउने गर्छ (Mendelsohn, 1956) ।

[१०] Hughes (2004) भन्दछन् कि महिलाहरूको बेचबिखन यौनजन्य उद्योगमा हुने माग आपूर्ति बीचको प्रतिफल हो, जहाँ बेचबिखनकर्ताहरूले महिला र केटीहरू बेचेर माग पूर्ति गर्न उत्प्रेरित हुन्छन् ।
[११] McCray (2006) का अनुसार कम दण्ड हुनु वा पाउनुले बेचबिखनकर्तालाई अपराध गर्ने निर्णय गर्ने प्रेरित गर्दछ, किनकि उसलाई लाग्दछ कि दुखदायीता भन्दा पनि निश्चितता बढी महत्वपूर्ण हुन्छ ।

वैकल्पिक दृष्टिकोणले उनीहरु आरोपरहित छन् भनेर वकालत गर्छ (Cameron, 2008) । यो विचारधाराले पीडितीकरणलाई सहज गर्नमा जिम्मेवार भनेको सामाजिक सन्दर्भ तथा संरचनाहरु हुन भनेर तर्क प्रस्तुत गर्दछ (Hindelang et al., 1978; Berg et al., 2012; KC, 2001) । यसले सामाजिक तवरले परिभाषित गरेका भूमिका, तथा जिम्मवारीहरु र साँस्कृतिक सन्दर्भहरु नै पीडितीकरणतर्फ डोऱ्याउने गर्छ भनेर दाबी गर्छ । कहिलेकाहीँ कुनै विशेष समुदायको संस्कृति र मूल्यमान्यता र सुरक्षित जालोहरुले हिंसा, शोषण तथा छुवाछुत (जस्तै दलितहरु प्रति गरिने भेदभाव,[१२] महिला विरुद्ध हुने हिंसा र बँधुवा मजदुर आदि) लाई स्विकार्ने र त्यस किसिमको साँस्कृतिक अभ्यासहरुको अगाडि वैधानिक कानुन शक्तिविहीन हुन्छन् (Anderson, 1999; Berg et al., 2012) । कतिपय महिला अधिकारकर्मीहरु (DeKeseredy and Schwartz, 2009; Usman, 2014) ले 'पुरुषवादी पुँजीपतीहरुको विश्वव्यापीकरण' नै महिलाहरु बेचबिखनमा पार्नुको मूल जड हो भनेर दाबी गर्दै समाजमा महिलाहरु पीडितीकरणमा पर्नुका पछाडि पितृसत्तात्मक सँस्कृतिहरु नै जिम्मेवार छन् भन्ने विचार राख्दछन् ।

संक्षेपमा जोखिमतालाई एकतर्फ व्यक्तिगत तत्वको रुपमा हेरिन्छ भने अर्कोतर्फ संरचनागत तत्वको रुपमा हेरिन्छ । यस बैचारिक खाकाले कसरी कुनै व्यक्ति बेचबिखन पीडित हुन्छन् भन्ने बिश्लेषणको लागि आधार प्रदान गर्दछ ।

[१२] *दलित:* जातीय स्तरीकरणमा तल परेको जात; सामाजिक र आर्थिकरूपले उच्च वञ्चितीकरणमा परेको समूह ।

# ४. अनुसन्धान विधि

## ४.१ उत्तरदाताहरुको पहिचान

आधारभुतरुपमा यो अध्ययन उद्धार गरिएका अथवा वेश्यालयबाट भागेर सुरक्षित घरमा बस्दै सामान्य जीवन बिताइरहेका बेचबिखन प्रभावितहरुबाट प्राप्त प्राथमिक सूचनाहरुमा आधारित छ । नेपाली समुदायमा लिङ्गसँग सम्बन्धित बेचबिखन धेरै संवेदनशील सवाल हो । त्यसैले सम्भावित उत्तरदाताहरुको उपल्बधतालाई छिटो थाहा पाउन र अनुसन्धान विधिलाई परिभाषित गर्न पहिले नै एउटा नमूना अध्ययन गरियो । त्यस पूर्व अध्ययनको आधारमा खासगरी नेपाल र भारतबीचको बस्तीहरु तथा उद्धारकर्मीहरुले सञ्चालन गरेको बिभिन्न घरहरुबाट उत्तरदाताहरुलाई यो अध्ययनमा समाबेश गरियो । सबै गरेर २८ जना प्रभावितहरुसँग अन्तर्वाता लिइयो । तिनीहरु पहिलो पटक बेचिँदा उनीहरुको उमेर ९ देखि ३८ बर्षको थियो । यद्यपि तथ्याङ्क संकलन गरिसकेपछि विश्लेषण गर्नु अगाडि ६ वटा घटनाहरुलाई तथ्याङ्क तालिकाबाट हटाइयो । उनीहरुको प्रभावबाट तथ्याङ्कको आधिकारितालाई बचाउन यसो गर्न आवश्यक थियो किनभने उनीहरुले यौनभन्दा अन्यप्रकारको बेचबिखनलाई प्रस्तुत गरेका थिए जबकि यौन, यो अध्ययनको बिषय थियो । समाबेश गरिएका केही घटनाहरुले बिबादस्पद प्रतिक्रिया दिदै थिए । त्यसैले विश्लेषणका लागि नमूनाको आकार २२ वटा घटनाहरुलाई निर्धारण गरियो ।

नेपालको मध्यपहाडि क्षेत्रहरु (धादिङ, नुवाकोट, सिन्धुपाल्चोक र काठमाडौं उपत्यका) र पश्चिम तराई[१३] (नवलपरासी र रुपन्देही जिल्ला) बाट बेचिएका प्रभावितहरु रहेका भौगोलिक क्षेत्रफललाई समाबेश गरियो । सीमा र शहरी किनाराका बस्तीहरुबाट बेचबिखन पीडितहरुलाई पहिचान गर्न स्नोबल–नमूना विधिलाई प्रयोग गरियो र उद्देश्यमुलक नमूना विधिलाई सुरक्षित घरहरुमा प्रयोग गरियो । सम्भावित उत्तर दाताहरुलाई पहिचान गर्न सामान्य नमूना सीमाहरुलाई निर्धारण गरियो, जस्तोकि प्रत्येक उत्तरदाता निम्न अवस्थाका हुनुपर्ने नै थिए:

- यौन बेचबिखनमा परेको,
- कुनै पनि उमेर समूहका महिला र
- नेपालबाट बेचिएको

## ४.२ सघन समूह छलफलहरु र सूचनामूलक अन्तर्वार्ता

चेलीबेटी बेचबिखनबिरुद्ध काम गरिरहेका संघसंस्थाहरुसँग ३ वटा सघन समूह छलफल गरियो । यसै विषयबस्तुमा रहेर उद्धारकर्मी, मिडिया, कार्यकर्ता, विज्ञ तथा सरकारी अधिकृतहरुसँग सूचना अन्तर्वार्ता गरियो ।

## ४.३ अन्तर्वार्ता प्रक्रिया

प्रभावितहरुले सूचना जानकारी गराउन सहज महसुस गरुन् भनेर र मुद्दाको संबेदनशीलतालाई ख्याल गर्दै योग्य सहजकर्ताहरुलाई सघन अन्तर्वार्ता गर्न लगाइयो । महिला पीडितहरुले आफ्ना दुखद् अनुभव तथा विचार सजिलै भन्न सकुन् भनेर लैङ्गिक मैत्री अवधारणालाई अवलम्बन गर्दै महिला सहजकर्ताहरुलाई मात्र छनौट गरियो । चेलीबेटी बेचबिखन विरुद्ध काम गर्दै गरेका स्थानीय तहमा रहेका व्यक्ति तथा उद्धार कार्यक्रम गर्दै गरेका संघसंस्थाहरुबाट सहजकर्ताहरुलाई छनौट गरियो । अनुसन्धान टोलीले सहजकर्ताहरु लागि अनुसन्धानको बारेमा विचार तथा अवधारणहरु, अनुसन्धानका विधिहरु, अन्तर्वार्ताका निर्देशनहरु दिदै तथा निरन्तर तथ्याङ्कलाई केलाउँदै सिफारिस गरे । सघन अन्तर्वार्ता निर्देशिकाहरुले बेचबिखनपूर्वको छनौट प्रक्रिया, ओसारपसार र जीविकोपार्जनको पुँजीहरुको मापनलाई जोड दिएका थिए । प्रश्नावली अनुसार छनौटका लागि हिड्नुपूर्वका मुद्दाहरुले बेचबिखन पीडित तथा अपराधीबीचको अर्न्तक्रिया, छनौटकर्ता र परिवारबीचको सम्बन्ध, छनौट गर्न र बिक्री गर्न लागेको समय, र प्रभावितको इच्छा तथा चाहनालाई समावेश गर्छन् । त्यसैगरी ओसारपसार प्रक्रियाले ओसारपसारको तरिकाहरु, ओसारपसार केन्द्र र यात्रा अवधिभरको कैद आदिलाई समेट्छ ।

[१३] नेपालको दक्षिणी क्षेत्रमा रहेको समथर भू–भाग, जो भारतको उत्तरी सीमासँग जोडिएको छ ।

## ४.४ विश्लेषण

यस अध्ययनका क्रममा द्वितीय स्रोतहरुको सिहांवलोकनभन्दा अगाडि नै आवश्यक मूल शब्दहरु छनोट गरिएको थियो जसले गर्दा बेचबिखनसम्बन्धी उपयुक्त दस्ताबेज र साहित्य स्रोतहरु खोज्न सहयोग गरेको छ । आधिकारिक दस्ताबेजका स्रोतहरु जस्तै सम्बन्धित सवालका विज्ञहरु, पत्रपत्रिका, आलेखहरु, संघसंस्थाहरुका बेचबिखनका बारेमा प्रकाशन गरेका प्रतिवेदनहरु, छलफल पेपरहरु र विद्यावारिधिका शोधपत्रहरुलाई सिंहावलोकन गरियो ।

जीविकोपार्जनका पुँजीहरु तथा पीडितशास्त्रका विचारहरु र अवधारणाहरुलाई विश्लेषणको ढाँचाको रुपमा प्रयोग गरिएको छ । त्यसअनुसार बेचबिखनमा पर्नुभन्दा पहिले पाँचप्रकारका पुँजीका स्तरहरुलाई तालिकीकरण गरिएको छ र तिनलाई औषत मध्यकमा गणना गरेर चार्टमा; बढी, मध्यम र कमको स्तरीकरणमा देखाइएको छ । यो अध्ययनमा उच्च अंक २ लाई मानेको छ र डिएफआईडिले जीविकोपार्जनका पुँजीहरुको ब्याख्या गरे जस्तै २ अंक गुणस्तरीय जीवनको वास्तविक सुचक हो, त्यसैले २ अंक भएका व्यक्तिको जीविकोपार्जन पर्याप्त रहन्छ । यो पर्याप्त तथा गुणस्तरीय जीवनले राम्रो काम खोज्नको लागि बेचबिखनकर्ता सामु जानबाट रोक्छ । १ अंकलाई पर्याप्तको मध्यम बिन्दु मानेको छ । यो अध्ययनको लागि त्यसभन्दा कम अंक र दर खासमा ० अंक भएकालाई जीविकोपार्जनका पुँजीमा कमी वा न्यूनतम भएको जनाउँछ । उदाहरणको लागि वित्तीय पुँजीलाई गणना गर्न रोजगारीलाई एउटा सूचकको रुपमा लिइएको थियो । यो सूचकलाई थप तीन वटा उप–सूचकहरुमा मापन गरिएको थियो ।

१) सूचाङ्कमा ० अंकले बेरोजगारीको अवस्था वा कुनै पनि वित्तीय पुँजीको अभावलाई जनाउँछ ।

२) सूचाङ्कमा १ अंकले आंशिक तथा मौसमी राजेगारीको अवस्था वा कम्तीमा केही आम्दानीको स्रोत भएको जनाउँछ ।

३) सूचाङ्कमा २ अंकले पूर्ण रोजगारीको अवस्था वा आम्दानीको स्रोत सुरक्षित छ भन्ने जनाउँछ ।

यसले प्रभावितहरुको जीविकोपार्जनका पुँजीहरु तथा बेचबिखनको जोखिमताबीचको सम्बन्धलाई विश्लेषण गर्न सहज गर्ने छ । कसरी अपराधीहरुले सम्भावित प्रभावित महिला तथा केटीहरुलाई यौनकोलागि बेचबिखन गर्छन भन्ने भित्री तथ्य जान्नको लागि गुणस्तरीय सामग्री विश्लेषण पनि गरियो । यसले छनौटकर्ता र प्रभावितहरुबीचको सम्बन्ध तथा तिनीहरुको विशेषताहरुबारे केही जानकारी दिन्छ । यी गुणस्तरीय अवधाराणहरुले घटनाक्रमलाई राम्रो अर्थ तथा विबरणहरुमा अभिव्यक्त गर्छन् (Silvermann, 2000) । यसरी यी विविध गुणस्तरीय जानकारीहरु उपयुक्तरुपले अध्ययनका क्रममा संकलन गरिएको थियो ।

यस अध्ययनको अनुसन्धान अवधि २०१६ को फेब्रवरीदेखि डिसेम्बरसम्मको थियो ।

## ४.५ नैतिक पक्ष


अनुसन्धान नैतिकतालाई मुद्दाको संवेदनशीलताको दृष्टिकोणमा एकदमै ध्यान दिएर पालना गरियो । साक्षात्कारदाताहरुलाई अन्तर्वार्ता रेकर्ड गर्नुभन्दा पहिले नै सहमति फारममा दस्तखत गराइएको थियो । गोपिनीयताको अवस्थामा सबै उत्तरदाताहरु आफ्ना जानकारी तथा अनुभबहरु प्रकाशनका लागि सहमत भए । त्यसैले उनीहरुको पहिचान यस प्रतिवेदनमा सुरक्षित गरिएको छ । अध्ययनका क्रममा संकलन गरिएको तथ्याङ्कलाई संयुक्त राष्ट्रसंघको मानव बेचबिखनसम्बन्धी कार्यगत परिभाषा र टुलकिट अनुरुप सुरक्षित राखिएको छ (पादटिप्पणी १ हेर्नुहोस् ।) ।

## ४.६ अध्ययनका सीमाहरु

प्रस्तुत अध्ययनले अनुसन्धानका सीमाहरुलाई स्वीकार गदर्छ जस्तै केही प्रभावितहरु बेचबिखनको घटनाहरु स्मरण गर्न नसकेको र कसै–कसैले अन्तर्वार्ताको क्रममा अनुसन्धानकालागि जानकारीहरु नै भन्न वा दिन नचाहिरहेको अवस्था थियो । स्मरणको सवालमा हालसालैको घटनाहरुका पीडितहरुबाट सूचना तथा जानकारी संकलन गर्न सम्भव थिएन किनभने उनीहरु मानसिक तथा संबेदनात्मक तवरले अबरुद्ध थिए र अन्तर्वार्ताको लागि तयार थिएनन् । सम्पत्ति वा पुँजीहरुको घटकलाई जोड्दिदै जीविकोपार्जनका रुपरेखाको अरु महत्वपूर्ण घटकहरुलाई नजोडिएको हदसम्म तिनका प्रतिफलहरुको विश्वासीलो चित्र कोर्न सकिदैन भन्ने तथ्यलाई यो अध्ययनले स्वीकार गर्छ । यद्यपि यो बेचबिखनको जोखिमतालाई निम्त्याउने आधारभूत कारक वा घटक भनेको जीविकोपार्जनका पुँजीमा कमी हुनु हो भन्ने मान्यतामा आधारित छ । यस अध्ययनको निष्कर्षले यौनजन्य कार्यसंग मात्रै सम्बन्धित महिला बेचबिखनलाईलाई प्रस्तुत गर्छ । यसकारण यो अन्यप्रकारको बेचबिखनसँग सामान्यकरणको लागि योग्य हुनसक्दैन । अध्ययनहरुको सीमित उपलब्धताले गर्दा कतिपय पुराना सन्दर्भ सामाग्रीहरु प्रयोग गरिएको छ ।

# ५. वैचारिक रूपरेखा

प्रस्तुत अध्ययनले बेचबिखनलाई बुझ्न मानवअधिकारको दृष्टिकोणलाई अपनाएको छ जसले हरेक मानिसहरू स्वतन्त्र भएर सुरक्षित जीवन जिउने र सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुन्छ भन्ने मान्यता राख्दछ। यसले बेचबिखनलाई व्यक्तिको बसाइसराइ वा प्रवासीकरणको एक अपमानजनक अवस्थाको रुपमा हेर्ने गर्छ जसका लागि संवैधानिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुलाई प्रभाबकारी तरि काले कार्यान्वयन गर्दै उनीहरूको सम्मान तथा अधिकार हरूलाई सुरक्षित गर्नु पर्छ। अध्ययनको यस दृष्टिकोणमा मुख्यरूपले जीविकोपार्जनका पुँजीहरूको बञ्चितीकरण संरचनाहरूले निम्त्याएको जोखिमता र व्यक्तिगत कारणहरूले निम्त्याइएको जोखिमता रहेका हुन्छन्। त्यसैले यो अध्ययन र विश्लेषणमा दुइवटा अबधारणाहरू महत्वपूर्ण छन्:




*चित्र : १ अध्ययनको वैचारिक रुपरेखा*

१) डिएफआईडिको दिगो जीविकोपार्जनको रूपरेखाको पुँजीसम्बन्धी अवधारणा र
२) अपराधशास्त्रमा आधारित पीडितशास्त्रसम्बन्धी अवधारणा।

जीविकोपार्जनको पुँजीको केन्द्रिय आशय भनेका व्यक्तिको जीविकोपार्जन रणनीति वा दिगो गुणस्तरीय जीवन मुख्यगरी पाँचवटा पुँजीहरुमाथि रहेको पँहुच तथा नियन्त्रणमा आधारित रहन्छ। ती पाँचवटा पुँजीहरू अन्तर्गत निम्न पुँजीहरु पर्दछन्।

१) प्राकृतिक पुँजी
२) भौतिक पुँजी
३) मानवीय पुँजी
४) वित्तीय पुँजी र
५) सामाजिक पुँजी

यी पुँजीहरू र तिनीहरूबीचको सम्बन्धले गरिबीको लागि बहुआयमिक अख्तियारी प्रदान गर्दछ (Erenstein, 2011)। एक प्रकारको पुँजीले अन्य पुँजीलाई प्रभाव पार्नसक्छ। कम वा निश्चित पुँजीको पँहुच र जीविकोपार्जनको पुँजीबीचको सम्बन्धले गरिबीलाई बढवा दिन्छ जसको आधारमा कुनै एक व्यक्तिलाई बेचबिखनबाट कमजोर वा असुरक्षित बनाउन सकिन्छ। साहित्य पुनरावलोकनमा छलफल गरिएका तथ्यहरूले अशिक्षित, आर्थिक अवस्था कमजोर भएको परिवारहरू, ग्रामीण जनसंख्या, घरबार बिग्रिएका परिवार र कम भौतिक स्रोत तथा साधन भएका परिवारहरु बेचबिखनबाट धेरै असुरक्षित भएको देखाएका छन्। बेचबिखनको बेला बेचबिखनबाट प्रभावितहरुको जीविकोपार्जनको पुँजीहरूको मापन गर्नु यो अध्ययनको मुख्य अभिप्राय हो। यो अध्ययनले पीडितहरूको जीविकोपार्जको पुँजीसँग जोडिएको जोखिमताको मुल बिशेषताहरूलाई उत्खनन् गर्ने आशा गर्दछ। यो अवधारणको प्रयोग गर्नुको औचित्य भनेको स्पष्ट प्रतिनिधित्व तथा बिभाजित तथ्याङ्कहरूको आधारमा कम जीविकोपार्जनको पुँजीले मानिसहरूलाई बेचबिखनबाट बढि असुरक्षित बनाउँछ भनेर अनुमान गर्नु हो। बेचबिखन पीडितहरूका जीविकोपार्जनको पुँजीको गणनाले जोखिमताको कारकको बृहत मान्यताहरू बनाउनु र सामान्यकरण गर्नुभन्दा जीविकोपार्जनको पुँजीहरूका प्रकारको आधारमा विशेष जोखिमताको स्थितिबारे राम्रो जानकारी तथा तथ्याङ्क दिन्छ।

यो अध्ययनमा बेचबिखनको बेलामा हुने छनोट सुत्रलाई व्याख्या तथा नक्शांकन गर्न अर्को अवधारण पीडितशास्त्रलाई समाबेश गरियो। पीडितशास्त्रको भाष्यले घटनाक्रमको श्रंखला र सम्बन्धहरू 'निश्चित मानिस वा महिलाहरू नै अरूभन्दा बढी किन प्रभावित हुन्छन्' भन्ने कुरा उजागर गर्छ (Lutya and Lanier, 2012:560)। यसले प्रभावितको गल्तीहरू, सम्भाबित प्रभावितको जीवनशैली र प्रभावित र अपराधीबीचको अन्तरक्रियाहरुलाई ती मानिसहरू प्रभावित हुनुको कारकको रुपमा विश्लेषण गर्छ। यो रुपरेखालाई प्रयोग गर्नुको औचित्य भनेको यसले

प्रभावितको जीवनशैली, उत्तेजना र प्रभावित तथा अपराधीबीचको सम्बन्धहरूले वेश्यावृतिकालागि गरिने बेचबिखनका बिभिन्न चरणहरू जस्तै छनोट प्रक्रिया तथा ओसारपसारलाई कसरी योगदान गर्छन् भनेर विश्लेषण गर्न स्थान प्रदान गर्छ । यो विश्लेषणले छनोट र ओसारपसार बीचको अवधिमा हुने पीडित र अपराधबीचको सम्बन्ध र जोखिमताको आयामलाई राम्रोसँग प्रकाश पार्दै रोकथामको उपायहरू निरुपण गर्न कोशेढुङ्गा हुनसक्ने बनाउँछ ।

त्यसैले यो अध्ययनको जानकारीहरूलाई तर्कसहितको रूपरेखामा आधारित भएर विश्लेषण गरिन्छ । अन्ततः यो अध्ययनले बेचबिखनकर्ताले अपनाउने बिभिन्न उपाय र तरीकाहरू तथा बेचबिखनमा गरिने ओसारपसारका प्रक्रियालाई नक्शांकन् गर्नेछ ।

# ६. निष्कर्ष तथा छलफल

## ६.१ जीविकोपार्जनका पुँजीहरु र जोखिमता

यो खण्डले प्रभावितहरू बेचिनुपूर्व रहेको जीविकोपार्जनको पुँजीहरूको मापनलाई समेट्छ। यो मापन र मुल्यांङ्कनले जोखिमका घटकहरूलाई सम्बोधन गर्न सहयोग गर्छ र यसले प्रमाणमा आधारित रोकथामका उपायहरू तर्जुमामा पनि योगदान गर्छ।


### ६.१.१ प्रभावितहरुबारे आधारभूत जानकारी

संकलित ५० प्रतिशत घटनाहरू १६ वर्षभन्दा मुनिका केटीहरूका थिए जबकि एउटा घटना ९ वर्षीय केटीको थियो। बालबालिकाहरूको अन्तर र्राष्ट्रिय परिभाषा अनुसार ती सबै बालबालिका थिए । बाँकी ५० प्रतिशत युवाहरूको घटना थियो जो २० देखि ३९ वर्ष उमेर समूहमा पर्छन्।

जातिगत आधारमा हेर्दा ६० प्रतिशत उत्तर दाताहरू मुख्यगरी मगर र तामाङ्ग आदिवासी समूहका थिए भने २३ प्रतिशत दलित र केही क्षेत्री[१४] र मधेशी[१५] जातीय समूहका थिए।

लगभग २३ प्रतिशत बिबाहित थिए भने बिवाहितहरुमा पनि ६० प्रतिशत एकल महिला थिए।

शैक्षिकस्तरमा धेरै उत्तरदाताहरू बढीमा ८ कक्षासम्म पढेका थिए । ५५ प्रतिशत उत्तर दाताहरू बेचिनुपुर्व ३ देखि ८ कक्षामा अध्ययनरत थिए र बाँकी ४५ प्रतिशत अशिक्षित थिए जबकि कुनैपनि उत्तरदाताले प्रवेशिका वा सोभन्दा माथि अध्ययन गरेका थिएनन्[१६]।




*चित्र २: उत्तरदाताहरुका विशेषताहरू*

कहाँबाट तिनीहरू बेचिए भनेर भौगोलिक क्षेत्र हेर्न खोज्दा लगभग ३३ प्रतिशत उत्तरदाताहरू पश्चिम तराईका जिल्लाहरू नवलपरासी र रूपन्देहीबाट, लगभग ३३ प्रतिशत काठमाडौं उपत्यकाबाट र २७ प्रतिशत मध्यपहाडी जिल्लाहरू धादिङ, नुवाकोट र सिन्धुपाल्चोकबाट बेचिएका थिए। सूचनामुलक अन्तर्वार्ता र सघन समूह छलफलले जनजाति मुख्यगरी मगर र तामाङ्ग जाति एवं दलितहरू धेरै असुरक्षित जातीय समूह भएको पाइयो। KC तथा अन्य (2000) को अध्ययनले पनि पहाडि जातीय समूह र तल्लो जातिहरूका यौवन अवस्थाका केटीहरू उच्च खतरामा रहेको पहिचान गरेको थियो। नेपालमा ८५ जना प्रभावितहरूसँग उनीहरूले गरेका सर्बेक्षणमा ४७ प्रतिशत पहाडि जातीय समूह रहेको थियो जहाँ २३.५ प्रतिशत बाहुन र क्षेत्री, १७.७ प्रतिशत दलित र ११.८ प्रतिशत तराईका समूह थिए। उमेरको आधारमा एक

[१४] क्षेत्री: परम्परागत जातिप्रथामा शासक वर्ग।
[१५] मधेशी: नेपालको तराई क्षेत्रमा बसोबास गर्ने चार प्रकारका जातीय समूहहरु।
[१६] शैक्षिकरूपले साक्षर भन्नाले उत्तरदाताहरू बेचबिखनको सवालबारे जानकार थिए भन्ने कुरा बुझाउदैन र निरक्षर भन्नाले तिनीहरू बेचबिखनको सवालबारे अनभिज्ञ थिए भन्ने कुरा पनि जनाउँदैन यद्यपि शिक्षाको अवस्था र पहुँचले बेचबिखन रोक्न भने ठुलो भूमिका खेल्दछ।

चौथाई १४ बर्षमुनिका र आधा भन्दा धेरै १६ बर्षमुनिका थिए । यसप्रकार कै निष्कर्ष यो अध्ययनमा आएका छन् जहाँ तामाङ्गपछि दलित, क्षेत्री र मधेशीहरू उच्च असुरक्षित उमेर समूहहरू हुन् ।


चाखलाग्दो त यो छ कि शहरीक्षेत्र (काठमाडौं) र ग्रामीण क्षेत्रमा बराबर र उच्चरूपमा बेचबिखनकालागि छनोटहरू हुने गर्दछन् । यस्तै प्रकारले Evans and Bhattarai (2000) अध्ययनमा धेरै घटनाहरूमा महिलाहरू शहरको कामगर्ने स्थानबाट बेचिएको पाइन्छ । प्रभावितहरू शैक्षिकस्तरमा एकदमै कमजोर छन् जसले शक्तिको असमानतालाई इंकित गर्छ र यसले बेचबिखनकर्तालाई सम्भावितहरूको छनोट र नियन्त्रण गर्न थप सहज बनाइदिन्छ (Lutya and Lanier, 2012) ।

## ६.१.२ जीविकोपार्जनका पुँजीहरुको मापन

यो भागले महिलाहरू बेचिनुपूर्व उनीहरूसँग रहेका जीविकोपार्जनका पुँजीको अवस्थालाई मापन गर्ने प्रयास गर्छ । चार्ट १ ले प्रभावितहरूको जीविकोपार्जनको सारांशलाई तीनतहमा प्रस्तुत गरेको छ: उच्च २ अङ्क, मध्यम १ अङ्क र कम ० अङ्क ।

यो अध्ययनमा अन्य पुँजीहरूको तुलनामा मानवीय पुँजी नै बढी उच्च देखिन्छ जसले कुल २ अंकमध्ये ०.८० प्राप्त गरेको छ । त्यसपछि भौतिक पुँजीले ०.७४ अंक, प्राकृतिक पुँजीले ०.७३, सामाजिक पुँजीले ०.५८ र अन्तमा जीविकोपार्जनको पुँजीहरू मध्ये सबैभन्दा कम ०.४१ अङ्क वित्तीय पुँजीले ल्याएको छ ।

प्रभावितहरुको जीविकोपार्जन पुँजीहरु
चार्ट १





तालिका १ ले सबै अङ्कहरूको बर्गीकरणलाई देखाउँछ जहाँ उपचरहरू जस्तै शिक्षा, सीपहरू, सञ्जाल, सदस्यता र बचतले ०.५ भन्दा कम रहेर अत्यधिक बञ्चितीमा रहेको देखाएका छन् भने स्वास्थ्यबाहेक अन्य बाँकी उपचरहरू अलिक कम बञ्चितीकारणको अवस्थालाई इंकित गर्दै १ अङ्क कायम गरेका छन् । Erenstein र अन्य (2010) तथा Gallagher (2013) हरूको भनाईलाई सापटी लिने हो भने पुँजीहरूको बञ्चितीकारणले व्यक्तिको बेचबिखनको जोखितालाई बढवा दिन्छ । त्यसैले यो एकदमै छिटो सम्बोधन गरिनु पर्दछ जसले व्यक्तिलाई असुरक्षित बनाउँछ । यसलाई Ray (2005) ले छनोटलाई सहज गर्ने वातावरणलाई भत्काउनु हो भनेर तर्क गर्छन् । सम्पत्ति मापन रूपरेखाले जोखिमता आम्दानीको गरिबीको दृष्टिकोणभन्दा पर जान्छ भनेर प्रष्ट पारेका छ । त्यहाँ सामाजिक, साँस्कृतिक, आर्थिक तथा राजनैतिक जोखिमता र बेचबिखनकाबीच अन्तरसम्बन्ध भएता पनि दुर्भाग्यबश रोकथामका रणनीतिहरूमा तिनलाई वेवास्ता गरिन्छ (Clark, 2008) । त्यसैले रोकथामका रणनीतिहरूलाई निर्धारण गर्दा विशेषगरी कम सम्पत्तिको आधार भएका प्रभावितहरूको जीविकोपार्जनलाई बढी जोड दिनुपर्दछ । यो बिच्छेदनलाई चार्टहरू २, ३, ४, ५ र ६ मा घट्दोक्रममा प्रष्ट गरिन्छ । तलको विश्लेषण पनि प्रभावितहरू बेचिनुभन्दा अधिको जीविकोपार्जनकको पुँजीको अवस्थाहरूमा आधारित छ ।

| जीविकोपार्जनका पुँजी | अंक | चरहरु[१७] | अंकहरु | कैफियत |
|---|---|---|---|---|
| मानवीय पुँजी | ०.८० | स्वास्थ्य | १.८० | |
| | | शिक्षा | ०.३२ | |
| | | सीप | ०.२० | |
| भौतिक पुँजी | ०.७४ | सार्वजनिक वस्तु | ०.८९ | |
| | | निजी वस्तु | ०.६९ | |
| प्राकृतिक पुँजी | ०.७३ | जमिन | ०.८२ | |
| | | जंगल | ०.८२ | |
| | | पानी | ०.७७ | |
| सामाजिक पुँजी | ०.४६ हुनु पर्नेमा ०.५८ | परिवारिक सम्बन्ध | ०.९३ हुनु पर्नेमा १.३० | सम्बन्धित भागमा हेर्नुहोस |
| | | सञ्जाल | ०.४४ | |
| | | सदस्यता | ०.०० | |
| वित्तीय पुँजी | ०.४१ | आम्दानीका अन्य स्रोतहरु | ०.६१ | |
| | | रोजगारी | ०.५७ | |
| | | बचत | ०.०५ | |

*तालिका नं. १ जीविकोपार्जनका पुँजीहरुका सबै चरहरु (छोटकरीमा)*

[१७] जीविकोपार्जनका आयामहरू र तिनका चरहरूको मापनको लागि छानिएका उपचरहरूको छनोटका लागि विभिन्न सन्दर्भ स्रोतहरू प्रयोग गरिएको छ । जस्तो कि हेर्नुहोस् (DFID-1999), Moser and Felton (2007), Erenstein et al. (2010) र UMN को जीविकोपार्जन र विकाससम्बन्धी आफ्नै अनुभव ।

### ६.१.३ प्रभावितहरुको मानवीय पुँजी




पीडितको मानवीय पुँजीलाई मापन गर्न तीनवटा चरहरुलाई छनौट गरियो :


१) शैक्षिक स्तर
२) स्वास्थ्य अवस्था, र
३) सिकेको सीपहरू

पीडितले प्राप्त गरेको शिक्षाको आधारमा शिक्षालाई, उनीहरूको स्वास्थ्य अवस्थाको आधारमा स्वास्थ्यलाई र उनीहरूले प्राप्त गरेको पेशागत तालिमहरूको आधारमा सीपलाई मुल्याङ्कन गरिएको छ। २ अंकमा शिक्षाले ०.३२, स्वास्थ्यले १.८६ र सीपले ०.२० अंक प्राप्त गरेका छन्।[१८]

यो चार्टले तिनीहरू बेचिनुभन्दा अघि सबैजना स्वस्थ्य रहेको प्रष्ट गर्छ। कुनै द्विविधामा नपरी बेचबिखनकर्ताले अशक्त व्यक्तिलाई भन्दा कामगरी खान सक्ने व्यक्तिलाई निशाना बनाउने इंकित गर्छ। स्वास्थ्यको तुलनामा अन्य चरहरू जस्तै क्रमश: शिक्षा र सीप निकै कम छन्। अध्ययनमा प्रभावितहरुले आधारभुत शिक्षादेखि कक्षा ८ सम्ममा अध्ययन गरेको पाइयो। ५५ प्रतिशत उत्तरदाताहरूले मात्र कक्षा ३ देखि कक्षा ८ सम्म पढ्न पाएका थिए भने बाँकी ४५ प्रतिशत उत्तरदाताहरू भने अशिक्षित थिए। उत्तर दाताहरूसँग सीपको पनि अभाव देखियो जसले गर्दा उनीहरु उत्पादनमुलक कामहरूमा जान सकेनन्। ६९ प्रतिशत उत्तरदाताहरू सीपबिहीन बालबालिका थिए भने बाँकी सबै गृहिणी[१९] थिए। केही (३१ प्रतिशत) हरूसँग कृषिसम्बन्धी सामान्य सीप थियो। जम्माजम्मी गरेर ९ प्रतिशतहरूले केही तालिम लिएको बताए जसले उनीहरूको सीपलाई राम्रो बनाउन सक्थ्यो।

यदि औषत विश्लेषणमा स्वास्थ्य चरलाई बेवास्ता गरेको भए पीडितको मानवीय पुँजी धेरै घट्ने थियो। यसैबेला मुख्य जानकारहरूसँग विशेषगरी उद्धार कर्मचारीहरूसँग गरिएको साक्षात्कार तथा सघन समूह छलफलमा शिक्षित मानिसहरू पनि बेचबिखनमा परेको पाइयो। KC तथा अन्य (2001) ले पनि आफ्नो अध्ययनमा आधाभन्दा बढी सहयोग गरिएका पीडितहरू प्राविधिक तथा विश्वबिद्यालयबाट प्रमाणपत्र लिएको पाएका छन्। यसले शिक्षाले बेचबिखनको सम्भावनालाई घटाउँछ तर शिक्षा एक्लैले बेचबिखनको जीविकोपार्जनलाई निर्धारण गर्न सक्दैन भन्ने कुरा झल्काउँछ।

### ६.१.४ प्रभावितहरुको भौतिक पुँजी




यसलाई निम्न दुई चरहरूका आधारमा मापन गरिएको छ :

१) पीडितको सार्बजनिक वस्तुहरू जस्तै सडक, बिद्युत, सञ्चार, खानेपानी, बजार, बिद्यालय, स्वास्थ्य सेवाहरू तथा प्रहरीमाथिको पँहुचको स्तर र
२) निजि वस्तुहरू जस्तै घर, निजी सवारी साधन, बस्तुभाउ, बिद्युतीय साधनहरू र घरमा पीडितको निर्णय गर्ने अवस्था।

अध्ययनमा ७७ प्रतिशत उत्तरदाताहरूसँग गोरेटो बाटो, ५० प्रतिशतसँग बिद्युतमाथि पँहुच नभएको, ६८ प्रतिशत सञ्चारमाथि पँहुच नभएको, ५४ प्रतिशत उत्तरदाताहरू पानी लिनको लागि करिब ३० मिनेटदेखि २ घण्टासम्म समय लाग्ने गरेको, ४५ प्रतिशत उत्तरदाताहरूलाई नजिकैको बजार पुग्नको लागि ३० मिनेटदेखि २ घण्टासम्म लाग्ने, ५९ प्रतिशतहरूलाई विद्यालय पुग्न कम्तीमा ३० मिनेटमा लाग्ने गरेको बताए (यद्यपि यो जानकारीले उनीहरू बिद्यालय गएको भनेर इंकित गर्दैन)। ५० प्रतिशत उत्तरदाताहरूसँग स्वास्थ्य सेवामा राम्रो पँहुच भएको बताए किनभने उनीहरूको बस्तीदेखि ३० मिनेटमा स्वास्थ्य चौकी पुग्न सकिन्छ। ४१ प्रतिशत उत्तरदाताहरूलाई प्रहरी चौकी पुग्न २ घण्टा ३० मिनेट समय लाग्ने गरेको पाइयो। त्यसैगरी निजी वस्तुहरूमा जम्माजम्मी उत्तरदाताहरू मध्ये ४५ प्रतिशत उत्तरदाताहरूसँग झुपडीभन्दा राम्रो परम्परागत घर रहेको पाइयो र ९० प्रतिशत उत्तरदाताहरूसँग कुनैपनि प्रकारको सवारीसाधन नभएको पाइयो। ५४ प्रतिशत उत्तरदाताहरूको घरमा बस्तुभाउ रहेको, ६४ प्रतिशत उत्तर दाताहरूसँग आधुनिक प्रकारको बिद्युतीय समाग्री नभएको र ५५ प्रतिशत घरको घरायसी निर्णय लिने बलियो क्षमता रहेको पाइयो। समग्रमा जम्मा २ अंकमध्ये ०.८९ अंक सार्वजनिक वस्तुहरूले निजी वस्तुहरू ०.६० अंक प्राप्त गरेको पाइयो। यो अध्ययनको अन्य चरहरू तुलनामा यी चरहरू धेरै राम्रो अंक ल्याएको इंकित गर्छ। यद्यपि, बृहत पुँजीको रूपरेखामा यसले कम नै जनाउँछ।

[१८] यहाँ चरहरूको केवल समग्र अर्थात् समुच्च मुल्य प्रतिपादन गरिएको छ।
[१९] यस अध्ययनको सन्दर्भमा घर–गृहिणीलाई सीपबिहीन सामान्य महिलाको रुपमा मानिएको छ, जबकि लैङ्गिक अध्ययनहरुले तिनीहरुमा बिभिन्न सीप र क्षमता हुने कुराको वकालत गर्दछन्।


### ६.१.५ प्रभावितहरुको प्राकृतिक पुँजी

प्राकृतिक पुँजीहरूको मापनकोलागि निम्न तीनप्रकारका चरहरूको प्रयोग गरियो :

१) भूमिमा पहुँच,
२) पानीमा पहुँच र
३) वन पैदावारमा पहुँच

प्रभावितहरुको प्राकृतिक पुँजीहरु

चार्ट ४




कुल २ को पूर्ण अङ्कमा भूमिको पहुँचसम्बन्धी चर ०.८२ मापन गरिएको छ, त्यस्तै वनको पनि ०.८२ र पानीको ०.७७ रहेको देखिन्छ । आधाजति उत्तरदाताहरूले आफ्नै घरमा बसेको बताए अर्थात् उनीहरू भाडा वा सुकुम्वासीको रुपमा बसेका थिएनन् । ५४ प्रतिशतसंग कृषि भूमि थियो जसबाट ४ देखि ११ महिनासम्म खान पुग्थ्यो । यसबाट करीब ५० प्रतिशतलाई भूमिमा केहि पहुँच थियो भन्ने स्पष्ट हुन्छ। अर्कातिर जम्मा २७ प्रतिशतसंग वन पैदावारको पहुँच थियो र ५५ प्रतिशतसंग सिंचाईको सुबिधा थिएन र आकासे पानीमा निर्भर थिए । ३१ प्रतिशतसंग बस्तुभाउका लागि प्रर्याप्त पानी थियो । तथ्याङ्कहरूले के देखाउछन् भने भूमि, वन र पानीका प्रत्येक चर र उपचरहरू सन्तोषजनक छन् जबकि पहुँचको स्तर उच्चतम २७–३१ प्रतिशतसम्म थिए । समग्रमा ती चरहरूको मानको वितरण उस्तै–उस्तै देखिन्छ ।


### ६.१.६ प्रभावितहरुको सामाजिक पुँजी

यस अन्तर्गत निम्न तीनवटा चरहरूलाई विश्लेषण गरियो:

१) सामाजिक सम्बन्धलाई बढाउने बिभिन्न सामाजिक संघ–संस्थाहरूको सदस्यता;
२) सञ्जाल जसले उनीहरुसँग को नजिक छन्, समस्याको बेला कसले सहयोग गर्छ भन्ने पहिचान गर्दछ र
३) परिवारको सम्बन्धलाई पहिचान गर्ने परिवारको अवस्था

प्रभावितहरुको सामाजिक पुँजीहरु

चार्ट ५




पुरै २ अंकमध्ये सदस्यताले ० अङ्क, सम्बन्धले सञ्जालले ०.४४ अङ्क र पारिवारिक सम्बन्धले १.३० अङ्क प्राप्त गरे ।

सदस्यता चरलाई खोतल्न खोज्दा कुनैपनि उत्तरदाता कुनैपनि संघ तथा संस्थाहरू जस्तै आमा समूह, सहकारी समूह, बाल क्लव अथवा कुनै विकासे परियोजनाको समूहहरूमा आबद्ध नभएको पाइयो । सम्बन्ध सञ्जालले आर्थिक वा सामाजिक तथा राजनैतिक संकटको बेला बाहिरबाट सहयोग लिने ५९ प्रतिशत उत्तरदाताहरूलाई पहिचान गऱ्यो । ६० प्रतिशत औषत उत्तरदाताहरूले कुनैपनि संकट (जस्तै बेचबिखन) मा आफुमात्र एक्लो रहेको वा परेको बुझ्दछन् । पारिवारिक सम्बन्धको सन्दर्भमा यस अध्ययनले अन्य चरहरूको तुलनामा पीडितको पारिवारिक अवस्था राम्रो रहेको देखायो ।

उपघटकको उपचरहरूको वर्गमा ५९ प्रतिशत उत्तरदाताहरूसँग व्यवस्थित परिवार रहेको र ५० प्रतिशतहरूले उनीहरूलाई घरमा कुनै किसिमको पनि भेदभाव नरहेको बताए । यद्यपि, गुणस्तरीय जानकारीको तुलनामा यो जानकारी धेरै बिरोधाभासपूर्ण भएको पाइयो । गुणस्तरीय विश्लेषणले घरबार बिग्रिएको जस्तै अनाथ, आभिभाबक बिहीन, सम्बन्ध बिच्छेद गरेको अभिभाबक, एकल महिला, बहुविवाह आदि कुनै व्यक्ति बेचबिखनमा पर्नुको एक जिम्मेवारी निर्धारक हो भनेर पत्ता लगाएको थियो । गहन रूपमा जाँच गर्दा पारिवारिक अवस्थालाई दुई चरहरू, जस्तै–

१) पीडित अनाथ, एकल आभिभावक वा राम्रो परिवारबाट आएको हो कि भनेर पारिवारिक अवस्था पहिचान र
२) घरमा पाएको सजाय तथा हिंसाहरूलाई मापन गर्दै पारिवारिक स्थितिलाई मापन गरियो ।

संख्यात्मक तथ्याङ्क र व्यक्तिको गुणस्तरीय जानकारीलाई ध्यानपुर्वक तुलना तथा समिक्षा गर्दा उत्तरदाताको राम्रा परिवार भएता पनि यदि त्यो टाढा छ भने उनीहरू बेचिनुपूर्व केही अवधिसम्म संरक्षकको अभावमा रहेको बताए । यद्यपि यो किसिमको घटनालाई प्रश्नावली बनाउँदा राम्रो परिवारको रूपमा लिइएन । २३ प्रतिशत यस्तै किसिमको प्रतिक्रियाहरू छन् । त्यस्तैगरी अनाथ र एक्लै अर्थात् घरमा अभिभावक विहीन रहेका उत्तरदाताहरूले घरमा कुनै पनि प्रकारको आफुलाई शोषण, दुर्व्यवहार र अपमान नभएको बताए । यो किसिमको प्रतिक्रिया १८

प्रतिशतले जनाए । यी दुई कारणहरूले अङ्क बढ्नुमा योगदान गरेको पाइयो । यदि यी पक्षलाई बिचार गरिएको भए पारिवारिक सम्बन्ध चरले १.३० अङ्कको सट्टा ०.९३ हुने थियो । साहित्यले पनि हिंसात्मक वातावरणमा तथा अस्थीर तथा अपमानजनक परिवार हुर्किएको बालबालिका, एकल आभिभाबक भएको बालबच्चा, अनाथ र घरबाट भागेका र शरणार्थीकेन्द्रका बढी जोखिमा रहेन कुरालाई जोड दिन्छ (Motus, 2004) ।

### ६.१.७ प्रभावितहरुको वितीय पुँजी

यो अध्ययनमा तल्लो तहमा वित्तीय पुँजीलाई मापन गरिएको छ । यसलाई तीनवटा चरहरूमा मापन गरिन्छ :

१) तिनीहरूको बचतको अवस्था


२) पीडित र तिनको परिवारको रोजगारीको अवस्था, र

३) अन्य तथा बैकल्पिक आय स्रोतको पहिचान

यो तालिकाले बचतमा ०.०५ अंक, रोजगारीमा ०.५७ अंक र अन्य आय स्रोतमा ०.६१ अंक रहेको प्रष्ट पारेको छ । उपचरहरूको उपभोगहरूलाई पुनरावोलकन गर्दा कुनै पनि पीडितहरूसँग व्यक्तिगत बचत नभएको, ५० प्रतिशत आंशिकरूपमा रोजगार र ६३ प्रतिशतसँग अनिश्चित आय स्रोतहरू जस्तै मौसमी कामहरू, अल्पकालिन मजदुरी गर्ने गरेको पाइयो । यद्यपि, प्रभावितहरूले त्यसबाट झिनो मात्रामा आम्दानी प्राप्त गर्दछन् ।

प्रभावितहरुको वित्तिय पुँजीहरु

चार्ट ६




## ६.२ बेचबिखन प्रभावित र अपराधीबीचको सम्बन्धको पहिलो चरण

छनौटको शुरूवाती प्रक्रिया बुझ्न बेचबिखन पीडित र अपराधीबीचको पहिलो चरणको सम्बन्धमा तिनीहरू कसरी एकअर्कालाई चिनजान गर्दछन्, कहाँ तिनीहरू भेटघाट गर्छन् अनि के कुरा गर्दछन्, कसरी तिनीहरू नियमित भेटघाट गर्छन् इत्यादि बारेमा जान्नु निकै ज्ञानमुलक हुनेछ । तिनीहरू एकअर्कालाई कसरी चिनजान गर्छन भन्नेबारेमा यो अध्ययनमा तीनवटा तरिकाहरू देखिएका थिए:

१) पहिलै र व्यक्तिगतरूपमा चिनजान भएको व्यक्तिबाट

२) साथीहरूको सञ्जालबाट र

३) अचानक एकै छिनमा चिनजान भएर ।

यो श्रृखलाको शुरुवात धेरैजसो तिनीहरूले व्यक्तिगतरूपमा चिनजान भएका व्यक्तिबाटै जस्तै परिवारका आफन्त, छिमेकी र नजिकैको गाउँका चिनेका व्यक्तिबाट नै हुने गर्दछ, जसले छनौट गराउनमा पहिलो भूमिका खेल्दछन् । लगभग ६० प्रतिशत उत्तरदाताहरूले बेचबिखन गर्ने व्यक्ति चिनजान भएकै बताए । तसर्थ शुरुका भेटहरुबाट नै उनीहरु एकदम परिचित थिए भन्नु अव्यवहारिक हुनजान्छ, तर त्यस्ता भेटहरुले बेचबिखनकर्ताका प्रारम्भिक चरणहरुलाई सहज बनाईदिन्छन् ।

एउटा केटी घरमा एक्लै बसिरहेको पाउँदा आफ्नो छिमेकीबाट फकिन पुगिकी थिइन् । ऊनका शब्दमा:*"मलाई फकाउँने मेरो गाउँको छिमेकी दिदी*[२०] *थिइन् । हामी बस्तुभाउकालागि घाँस काट्न सँगै जाने गर्दथ्यौँ । म आफ्नो हजुरआमासँग बस्ने गर्दथे* (तिनको आमा बुवा थिएनन् तर तिनको भाई काठमाडौमा बस्ने गरेका थिए) *। हजुरआमा आफ्नी भाई बुहारीकहाँ केही दिनका लागि बस्न जानुभयो । म एक्लै बसेको ती दिदीले ख्याल गर्दैथिइन्, एक दिन घाँस काट्दै गर्दा त्यो कुरा मबाट पक्का गरिन् र मलाई लगातार भेट गर्न शुरू गरिन् । हाम्रो वार्तालाप र मेरो अवस्था अब सपनातिर मोडिन थाल्यो । तिनले मलाई फरक तरीकाले व्यवहार गर्न थालिन् र मलाई आकर्षित गर्ने तरीकाले फकाउन शुरू गरिन् । त्यो कुरा अरूलाई नभन्न बाचा कबुल समेत गराइन् । त्यस्तो भेटघाटको एक हप्तापछि तिनले मलाई यस्तो गरीबीको अवस्थामा कति दिनसम्म बस्ने भन्दै प्रश्न गर्न थालिन् । तिमी कतै राम्रो ठाउँहरूतिर जाने किन सोच्दैनौ? तिमीमात्र नभइ धेरै मानिसहरू पैसा कमाउन बिदेश जाने गर्छन् । तिमी त्यसपछि आफ्नो हजुरआमालाई स्वतन्त्ररुपले हेरचाह गर्न सक्छेऊ नि !"*

यस किसिमका चिनेजानेका छनौटकर्ताहरूले अन्य कुराहरूबाट धेरै फाइदाहरू लिन्छन् जस्तै बाहिरियाहरूबाट हुनसक्ने जोखिमहरूको जानकारी नदिई तिनीहरू सम्भावित पीडितहरूसँग सहजै कुरा गर्न सक्छन् र अन्ततः पीडितहरू सजिलै आँखा चिम्लेर विश्वस्त हुन्छन् । यस्तै खालको घटनाहरूमा सम्भावित प्रभावितहरु एक्लै हुँदा र खासगरी परिवारका सदस्यहरू टाढा रहँदा छनौटकर्ताहरुले छनौट गर्नका लागि कुराकानी शुरु गर्छन् । तिनीहरूले पहिलो भेटघाटमै अस्पष्ट कुरा गर्दै पीडितको अवस्थाका बारेमा धेरै कुराहरू, बर्तमान सम्बन्धबारे तिनहरूको दृष्टिकोण, उनीहरूका सपना आदि जान्न प्रयास गर्छन । नियमित भेट गर्ने मौका हेर्दै तिनीहरूले लोभ्याउने क्रमलाई निरन्तरता दिन्छन् । यसलाई उल्लेख गर्दा चाखलाग्दो छ कि आधाभन्दा बढी उत्तरदाताहरूको परिवारका सदस्यहरुलाई उनीहरूको यात्रा र छनौटकर्ताको बारेमा थाहा नै हुँदैन । उनीहरूलाई कि त छनौटकर्ताहरूबाट फरार गराइन्छन् या त उनीहरूलाई यस अवधिमा परिवारका सदस्यहरूबाट टाढा राखिन्छन् (यसलाई खण्ड ६.६ मा पनि चर्चा गरिन्छ ।) । एक अध्ययनमा Artadi तथा अन्य (2010) ले ६५ प्रतिशत केटीहरू आफ्नै साथीभाई



[२०] नेपाली समाजमा 'दिदी वा बहिनी' चिनजानको महिलाका लागि सम्बोधन गरिन्छ, र त्यो रगतको सम्बन्ध नहुन पनि सक्छ ।

तथा चिनजान भएकाबाटै यौन उद्योगमा काममा लगाइएको भेटाए । यसले के देखाउँछ भने छनौटकर्ताको बाहुल्यता भनेको कोही न कोही पहिचान भएकै व्यक्ति हो । बेचबिखनकर्तासँग पीडितका बारेमा पूर्वसुचना वा जानकारी नभएको अवस्थामा बेचबिखनका लागि व्यक्तिहरु छनोट गर्न कठिन हुनेगर्छ भन्ने Lutya and Lanier (2012) को तर्कलाई यसले समर्थन गर्छ ।

करिव ३० प्रतिशत उत्तरदाताहरूका अनुसार बेचबिखनकर्ताले सम्भावित प्रभावितलाई आफ्ना साथीको सञ्जालबाट पहिचान गर्ने गरेका हुन्छन् । जब बेचबिखनकर्ताले कुनै व्यक्तिलाई निशाना बनाइ रहेको हुन्छ, उनीहरूका साथीहरूलाई पनि नजानिँदो तरिकाले छनौट प्रक्रियामा तानिन्छ । धेरै घटनाहरूमा यस्ता प्रक्रियाहरु दोहोरिइरहेका हुन्छन् । केही व्यक्तिहरूले बेचबिखनकर्तासँगै जाने योजना बनाउँछन् र आफुसंग जान खोज्ने महिला वा केटी साथीहरूलाई जानकारी गराउछँन् । उपलब्ध सूचना तथा जानकारीको आधारमा यो प्रमाणित गर्न सकिदैन कि बेचबिखनकर्ताले आफ्ना साथीभाईहरूलाई परिचालन गर्दै थियो वा थिएन तर बेचबिखनकर्ताले शुरुको व्यक्तिलाई नै काम गर्न इच्छुक अन्य साथीहरूलाई पनि ल्याउन वा बोलाउन भन्ने गरेको देखिन्छ । उनले इच्छुक साथीलाई संगैजान वा एक हुन आमन्त्रण गर्छिन् र यसरी नै पीडितको बेचबिखनकर्तासँग पहिलो भेट हुन्छ । धेरै जसो बेचबिखनकर्तासँगको कुराकानी शुरुको साथीबाट नै हुन्छ र पछि उसले आफ्नो साथी संगिनीलाई अद्यावधिक गराउँदछिन् । यो अध्ययनमा देखापरेका घटनाहरूबाट, यस किसिमको संरचना अरूभन्दा निकै जोखिम रहेको पाइयो जहाँ, साथीले पूर्ण विश्वस्त गराउँछ, सुचित गराएको साथीमा भर पर्छिन् र बेचबिखनकर्ता र लगाइदिने कामको बारेमा पुरा जानकारी लिने प्रयास गर्दैनन् ।

तृतीय किसिमको भेटघाट भनेको त्यो हो जहाँ बेचबिखनकर्ता र सम्भावित पीडित अचानक भेट हुन्छन । यो किसिमको घटना भनेको असामान्य हो तर यस्ता घटनाहरु हुने गर्दछन् । यो अध्ययनले दुईवटा यस्तै प्रकारको घटनाहरू भेटायो । एउटा घटना देखा पर्‍यो जब ११ बर्षको निरूत्साहित केटी घरबाट भागेर काठमाडौं आइन्[२१] । यो शहरमा कसैलाई नचिनेको र कहाँ जाने भन्ने थाहा नभएपछि त्यो केटी अन्धाधुन्ध तरीकाले बसपार्कको एउटा बसमा चढिन । बसमा त्यो केटीको छेउमा बसेको महिला बेचबिखनकर्ता रहिछन् । त्यो केटीले आफ्नो दुःखका कहानीहरू उनीसँग सुनाइन् जुन कुरा बेचबिखनकर्ताले खोज्दै थियो र उसलाई त्यही नै प्राप्त भयो । बसमा भएको छोटो वार्तालापको भरमा केटीले महिला बेचबिखनकर्तासँगै जाने निर्णय गरिन् । अर्को घटना पनि उत्तिकै अचम्मको छ । १६ बर्षको केटीको मोबाइल फोनमा नचिनेको नम्बरबाट मिसकल आयो । आफन्तीको नम्बर हो कि भनेर उनले पछि त्यो नम्बरमा जवाफी फोन अर्थात् कलब्याक गरिन् । त्यो फोन नचिनेको व्यक्तिले उठायो र कुरा शुरू भयो । क्रमिकरूपमा उनी फोन गर्नेव्यक्तिको कुरामा बहकिन थालिन् । उसले पनि भारतमा काम खोजिदिने बाचा गर्‍यो । एकपटक उनी आफ्नो बहिनीलाई भेट्न आउँदा उसलाई काठमाडौमा भेटिन । अन्ततः उनी उसैसँग गइन् अनि भारतमा बेचिन पुगिन् ।

यी तीनवटै छनौटका प्रकारहरूबाट आएको समानताले शुरूको कुराकानी जहाँ तिनीहरूका कठिनाई र राम्रो काममा लगाइदिने बाचालाई समाबेश गर्दछ[२२] । KC तथा अन्य (2001) ले पनि आधाभन्दा धेरै घटनाहरू राम्रो रोजगारीका अवसरहरू उपलब्ध गराइदिनेसँग नै सम्बन्धित भएको तर्क गर्छन् । यो अध्ययनका धेरै उत्तरदाताहरू कामको बारेमा विरलै खोजिनीति गरेको र कतिलाई त आफु अब कुन काम वा रोजगारीको लागि जादै छु भन्नेसम्म पनि थाहा थिएन । केहीले कामको बारेमा बताए जस्तै कि सिलाई बुनाई काममा सहयोग गर्ने, जडीबुटी तथा किरिङ सप्लाई गर्ने, विवाह समारोहमा काम गर्ने आदि । बताइएका कामका क्षेत्रहरूले बाचा गरिएको काम कम सीप भएको इंकित गर्दछ । त्यस किसिमको कम सीपमूलक कामहरूबाट लालायित हुनु भनेको उत्तरदाताहरूमा शैक्षिकस्तर, पारिवारिक अवस्था र रोजगारीको अवसरहरूको अभाव रहेको जनाउँदछ ।

सबै किसिमको घटनाहरूमा प्रभावित र बेचबिखनकर्ताबीच शुरुमा र त्यसपछि नियमित विभिन्न स्थानहरू भेटघाट र कुराकानी गर्ने गरेको पाइयो । जस्तै चिडियाखाना, बसपार्क, स्थानीय रक्सी पसल, चिया पसल, काम गर्ने स्थान, पीडितको घरमै आएर (तर उनीहरूका परीवारलाई उनीहरुबीचको कुराकानीको प्रकृतिबारे जानकारी हुँदैन), बीच बाटोमा एक आपसमा भेटिदा, साथीको घरमा जम्मा भएर, घरायसी कामकाजमा एकअर्कालाई सहयोग गर्दा (दाउरा खोज्न जाँदा, बस्तुभाउ चराउँन जाँदा) तिनीहरूबीच भेटघाट हुने गर्दछ । कहिलेकही बेचबिखनकर्ताले प्रभावितलाई आफ्नै घरमा वा सम्भवत उनीहरुको अस्थायी घरमा पनि विश्वस्त दिलाउन लग्ने गर्छन् । वार्तालापको लागि सार्वजनिक वा निजी स्थान छनौट गर्ने प्रवृती देखिदैन, यद्यपि, तिनीहरूले वार्तालाप गर्दा पहिले तिनीहरूको आसपास कोही नहोस भन्ने निश्चित गर्दछन् ।

बेचबिखनको लागि सम्भावित प्रभावित छनौटका लागि गाउँमा नौला व्यक्तिहरु आएको घटनाहरु तुलनात्मक रुपमा कमै मात्र छन् । नवलपरासी जिल्लाको एउटा समुदायमा पूर्व अध्ययनको अवधिमा वृद्ध मानिसहरू अनौठा र नचिनेको व्यक्ति देख्दा निकै सचेत देखिने गरेको पाइयो । तिनीहरूले त्यस्ता मानिसहरूले त्यहाँ के गर्दैछन् भनेर जान्न प्रयास गर्दछन् र आफ्नो समुदायमा बेचबिखन रोक्न रखवारीको मुख्य भूमिका खेल्दैछन् ।

चिन्तालाग्दो बिषय त यो छ कि लगभग सबै उत्तरदाताहरूले बेचबिखनकर्तासँग भएको कुराकानी अरू कसैलाई बताउने नगरेको प्रतिम्बित गरे । किन नभनेको गरेको भनेर सोध्दा बेचबिखनकर्ताले कसैलाई नभन्न भनेकाले कसैलाई नभन्ने गरेको उत्तर दिए (यस मुद्दालाई भाग ६.४, विशेषगरी ६.४.७ मा उल्लेख गरिन्छ ।) । एक जोडी घटनामा मात्र प्रभावितहरूले आफ्नो साथी तथा परिवारलाई बताएका थिए । तिनीहरूलाई सचेत रहन सल्लाह दिइएको थियो । तर पनि यसले उनीहरूलाई जानबाट रोक्न सकेन किन भने उनीहरूले आफ्नो परिवारलाई थोरैमात्र सूचना बताएका थिए ।

[२१] उनका अनुसार, सिन्धुपाल्चोकको तामाङ संस्कृतिमा 'हाततान्नु' भन्ने एक परम्परा रहेको हुन्छ । यस परम्परामा केटी मानिसलाई उसको आफ्नो र परिवारको इच्छा विपरित बिहे गर्न बाध्य पारिन्छ । केटाको परिवारले उनीहरूलाई त्रसित गराउछ र मानसिक रूपमा केटीलाई दबाब दिन्छ ता कि बिहे नगरेमा जे नराम्रो पनि हुनसक्छ । एकदिन बिहानै आफ्नो परिवारलाई थाहै नदिई उनी भागिन् ।

[२२] महिलाहरूका लागि रोजगारी वा कामको प्रचुर आवश्यकता 'बेरोजगारीको महिलाकरण' को कारण वा सम्बन्धले गर्दा पनि हुन सक्छ (Ray, 2005) ।

## ६.३ जोखिमसम्बन्धी आशा र व्यवहारहरु

आफ्नो ठाँउ छाड्ने योजना बनाइरहँदा सामान्यतया धेरैजसो प्रभावितहरूमा राम्रो रोजगारी अवसर प्राप्त हुने सोचाई रहन्छ । अलग अलग सूचनाले केही व्यवहारिक योजना र भिन्न उमेर समूहका केही विचित्रको सपना तथा तिनीहरूले छौड्दै गरेको सन्दर्भलाई जनाउँछन् । करिब दुई तिहाई उत्तरदाताहरूसँग धेरै पैसा कमाउने र आर्थिकरूपमा आत्मनिर्भर बन्ने सपना थियो । एक चौर्थाई उत्तरदाताहरूले भने आफ्नो गाउँ घरभन्दा परको संसार हेर्न चाहेको बताए । आश्चर्य बिना ती उत्तरदाताहरू खासगरी १३ देखि १८ बर्षका बालिका थिए । बिषेशगरी त्यस्ता बालिकाहरूसंग घरायसी कामकाजको बढी बोझ थियो, उनीहरुलाई घुमफिरमा रोक थियो, उनीहरुसंग जेब खर्च थिएन, उनीहरु बाल मजदुर तथा अनाथहरू थिए । तिनीहरूका सपना तथा व्यवहारहरू कसरी जोखिमसँग सम्बन्धित हुन्छन् भनेर मुल्याङ्कन गर्दा एउटै किसिमको कार्य तथा कारणहरू प्राप्त भए जसलाई तल प्रस्तुत गरिन्छ ।

बेचबिखनमा परेका ३०-४० बर्षका महिलाहरूका तीनवटा घटनाले के देखाउँछन् भने ती महिलाहरू प्रसस्त पैसा कमाएर जग्गा र घर किन्ने सपना देखेका थिए । ती घटनाहरूमा २ जना उत्तरदाताहरू बेचबिखनमा पर्नु भन्दाअघि नै विवाहित तथा आमा बनिसकेका थिए । तिनीहरूले आफ्नो सन्तानलाई राम्रो शिक्षा दिक्षा र आरामदायी जीवन बिताउन सकिने सपना देखेका थिए । एक एकल महिला (आमा) ले आफैलाई यस दलदलमा धकेलिन । उनी घरको आर्थिक आवश्यकताहरु पुरा गर्नकालागि मृगौला बेच्न मानसिकरुपमा तयार थिइन । दुर्भाग्यबस, बेचबिखनकर्ताले त्यो अवसरको उपयोग गऱ्यो र चलाखिकासाथ मृगौला अपरेसनपछि छोरीले उनको राम्रो हेरचाह गर्न सक्छिन भन्दै आमालाई फकाउन थाल्यो । बेचबिखनकर्ताले आमा र छोरी दुबैलाई नै भारत पुऱ्यायो । पछि छोरीलाई वेश्यालयबाट उद्धार गरियो तर आमालाई के भयो भन्ने कुरा अझै अज्ञात छ । महिला मात्र भएको घरमा महिलाको काँधमा जसरी पनि परिवारलाई सहयोग गर्ने धेरै जिम्मेवारीहरू हुन्छन् र विभिन्न विकल्पहरूलाई खोज्न बाध्य हुन्छन् र वयश्क भैसकेका छोराछोरीहरूबाट छुट्टिन पनि तयार हुन्छन् । यो अध्ययनको एक तिहाई घटनाहरूमा, महिलाहरू घरको घरमूली रहेको, घरमा अनाथ छोरीहरू भएको र अन्य सदस्यलाई पनि हेरचाह गरेको पाइयो जहाँ तिनीहरूले सुनौला जिन्दगीको सपना देखेका थिए ।

परिवारमा उनीहरुको दर्जा जस्तो परिवारको जेठो वा कान्छो हुनुले पनि भविष्यको लागि कस्ता सपनाहरू देख्ने भन्ने निर्भर गर्दछ । यो अध्ययनले एक चौथाई प्रभावितहरू घरमा जेठी छोरीको रूपमा रहेका थिए र परिवारलाई हेरचाह गर्न तिनीहरूमाथि नैतिकरूपमा धेरै नै जिम्मेबारी रहेको थियो । अध्ययनमा प्रभावितहरुको सनौलो सपना कोर्न यो भूमिका एकदमै महत्वपूर्ण चरको रूपमा देखा पऱ्यो । यो धारणाले घरको जेठी छोरीहरू व्यक्तिगतरूपमा अरू बालबालिकाको तुलनामा निकै जोखिममा रहेको देखिए । लैङ्गिक आयामले पनि केटीहरुलाई सपना देखाउन प्रभाव पार्ने गरेको देखिन्छ । एक चौथाई घटनाहरूमा केटाहरुको तुलनामा केटीहरूलाई कामको धेरै बोझ, सीमित अवसरहरू र स्वतन्त्रता भएको देखियो । उनीहरु सिमित रहेको वर्तमान अवस्थाले पनि नजाँनिदो किसिमले उनीहरुलाई काल्पनिक दुनियाँतिर धकेल्दछ ।

एउटा घटनाले कमजोर तथा जोखिमयुक्त उमेर समूहका किशोरीहरू के कसरी आफ्ना काल्पनिक संसारसँग रोमाञ्चित हुन्छन भन्ने कुरा प्रस्तुत गर्दछ । एउटा १३ वर्षीय बालिकाको बुवा भारतीय सेनाका कार्यरत थियो । तर, उनी अर्को श्रीमती विहे गरेर भारतमै बस्न थालेका थिए । ती सानी १३ वर्षीय बालिकाले पैसा कमाएर एक्ली आमालाई सहयोग गर्ने सपना बनाउँदै कमाउनका लागि घरबाट भाग्ने योजना बनाइन् । उनले हतास हुँदै भनिन्: *"मलाई बिद्यालय जान मन लाग्दैन थियो । त्यो समयमा मैले सोच्थें कि काठमाडौं कहाँ छ ? कति टाढा छ ? आदि । मैले काम गर्न सकें भने मैले केही पैसा दिएर आमालाई सहयोग गर्न सक्छु कि नाई ? एक दिन बनमा घाँस काट्न जाँदा हामी चार आफन्त दिदीबहिनीहरूले काठमाडौं जानको लागि घरबाट भाग्ने योजना बनायौं । हामी सबैजना काठमाडौं गएर धेरै पैसा कमाएर धनी बनेर गाउँ फर्केको सपना देखेको थियौं । हामी कपडा लिएर घरबाट भाग्यौं । नजिकैको बजार पुग्न हामीलाई दुई घण्टा लाग्यो, र सोध्नेहरुलाई हामी साथीको घर जाँदैछौ भनी ढाँट्दै छिटोछिटो हिड्यौं ।"* काठमाडौं आएको दुई महिनापछि दुर्भाग्यपूर्णरुपले उनी र उनको एक आफन्त दिदी बेचिन पुगे । यसबाट प्रष्ट हुन्छ कि केटीहरूको इच्छा, सपनाहरू तथा व्यवहारले पनि तिनीहरूलाई जोखिमको अवस्थामा धकेल्दछ । अन्य घटनाहरूमा गरिबी, तल्लो जातको कारणले हुने हिनताबोध र सामाजिक बिचारले पनि प्रभावितहरूको मानसिकता बदल्न प्रभाब पारेका बताए यहाँ भेदभावबाट मुक्ति भन्नाले आर्थिकरूपमा सबल हुनु हो भनेर बुझेको देखिन्छ । यसले घर छोड्न निर्णय गर्न सहयोग गर्दछ ।

अध्ययनको तथ्याङ्कलाई एउटा नजिकबाट नियाल्दा बेचिनु पूर्व प्रभावितहरुका दुई स्वतन्त्र सपनाहरू रहेको पाईयो । भिन्न सन्दर्भमा सामान्य तवरले विकास भएको, उमेर समूह तथा भौगोलिक बनावटले विकास हुँदै गएको यो अपनत्वको सपना र चाहनालाई एक प्रकारको सपनाले समावेश गर्दछ जसलाई माथि नै उल्लेख गरिएको छ । अर्को भनेको बेचबिखनकर्ताले छनोटको अवधिमा प्रभावितको मानसिकतामा विकसित गरेको सपना हो । यस किसिमको छनौट प्रक्रियाले लामो समय लिएको देखिन्छ । करिब दुई तिहाई उत्तरदाताहरूसँग आफ्नै सपना थियो जसलाई बेचबिखनकर्ताले त्यसलाई मुर्तरूप दिने भन्दै तिनीहरूलाई फकाएकोले उसैसँग जाने भनेर आफ्ना लागि विवेकपूर्ण विकल्प बनाएका थिए । लगभग एक तिहाई उत्तरदाताहरूले भने आफ्नो कुनै खास सपना नरहेको बताए, तर तिनीहरू बेचबिखनकर्ताबाट लालायित भई बर्तमान जीवनयापनभन्दा राम्रो जीवन हासिल गर्ने सपना देखेका थिए ।

जब छनौटकर्ताले विदेशीभूमिको विलासी जीवनबारे सुनाए कसरी एक जना विवाहित र बालबच्चा समेत भएको उत्तरदाताकालागि आफ्नो छोराछोरीप्रतिको सामिप्यताभन्दा जीवनप्रतिको व्याकुलता ठुलो हुन पुग्यो भन्ने कुराको बेलिविस्तार सुनाउदै उनी थप्छिन: *"जब उनले* (महिला छनौटकर्ता) *ले विदेसी जीवनयापन, रोजगारीका अवसरहरू र विदेशी पुर्वाधारहरूको बारेमा बताउँदा मलाई त्यस ठाउँमा जाने अवसर कहिले मिल्छ होला? कहिले त्यो ठाउँ हेर्न पाउँछु होला? त्यहाँ के छ होला? जस्ता कुराहरु सोच्दै हतास र उत्सुक हुन पुगे । त्यस समयमा मैले बच्चा*

*जस्तै व्यवहार गरेँ । कहिलेकही मैले मेरो घरमा सानो बच्चा (५–६ बर्षको हुनु पर्दछ) भएको सम्झिएँ र सोचेँ कि म विदेश कसरी जान सक्छु ? कहिले काँहि सोचाई यति गहिरो हुन्थ्यो कि मैले म कहिले विदेस जाने मौका पाउँला भन्ने बारेमा मात्र सोच्दथेँ ।"* (यस विषयमा खण्ड ६.४ विशेषगरी ६.४.१ र ६.४.४ मा समेत चर्चा गरिएको छ।) अझ एकदमै साना लगभग ९ देखि १३ वर्षकेटीहरू पनि राम्रो कामको अवसरको नाममा बेचिन्छन् । धेरै जसो ती केटीहरूले घरबाट भागेर शहरमा सस्तो मजदुरको रूपमा काम गरिरहेका पाइयो तिनीहरुमध्ये केही अनाथहरू समेत थिए । यी घटनाहरूले बिखण्डित परिवार र बेचबिखनका घटनाहरू घनात्मकरूपले अन्तरसम्बन्धित हुन्छन् भन्ने पुष्टि गर्दछन् । करिब ५० प्रतिशत घटनाहरूमा कुनै न कुनैरुपमा अभिभावक बिहीनता, परिवारमा सम्बन्ध बिच्छेद, अभिभावकमा प्रयाप्त सूचना र ज्ञानको अभाव र बहुविवाहित आदि जस्ता कारणहरु सामेल छन् ।

प्रभावितहरूको व्यवहारिक आवश्यकता र काल्पनिक सपनाहरू दुबैले गर्दा उनीहरुलाई केही निश्चित व्यवहारिक कदम चाल्ने गर्दछन्, जसलाई एउटा घातक गल्तीको रूपमा चित्रण गरिन्छ र त्यो गल्तीले छनौटकर्ताको कामलाई सजिलो बनाउने गर्छ । एक तिहाई उत्तरदाताहरूले आफु बेचबिखनमा पर्नु अगाडि नै प्रस्तावित कामहरू लोभलाग्दा भएपनि गैरकानुनी रहेको थाहा भएको बताए । यस्तै खालको घटनाहरू मध्येका एक जना उत्तरदाताले भनिन्: *"बेचबिखनकर्ताको भनाई अनुसार त्यहाँ केही औषधी व्यवसायसँग सम्बन्धित कामहरू थिए । त्यो औषधीहरू पोखरामा* (नेपालको पर्यटकीय क्षेत्र) *बेच्नुपर्ने थियो र मलाई तिमीले धेरै कमाउने छौ भने । त्यहाँ प्रहरीको निगरानी रहेकोले पुरूषहरूबाट ती औषधी बेच्न खतरा हुन्छ । प्रहरीले महिलाहरूमाथि शंका गर्दैनन् । तिमीले औषधी लुकाउन थैलौ सहितको भित्री वस्त्र लगाए मात्र हुन्छ । यदि प्रहरीले शरीरको चेकजाँच गरे पनि मानिसको गोप्य अङ्ग छाम्दैनन् ।"* पछिल्लो अन्तर्वार्ताका समयमा उनको आमाले कुनैपनि मुल्यमा त्यस्ता गैरकानुनीकाममा नलाग्न चेतवानी दिदै आएको बताइन् । त्यसैले उनी आफ्नो काम र यात्राको बारेमा घरमा कसैलाई केही भनिनन् ।

केही घटनाहरूले चेलीबेटी बेचबिखन मुद्दा र सवालको बारेमा गाउँस्तरमा अत्यन्तै कम जनचेतना रहेको देखाए । लगभग एक तिहाई खासगरी ११ देखि १४ बर्षका किशोरीहरू मानव बेचबिखनको बारेमा केही पनि जानकारी नभएको बताए । तिनीहरूका केही प्रतिक्रियाहरू यसप्रकार छन् :

> *"त्यो समयमा मलाई थाहा थियो हामी गाउँतिर कि भेडाबाखा, कुखुरा, गाई भैंसीलाई पालेर पैसा कमाउनका लागि बेच्ने गर्दथ्यौ तर मानिस पनि बेचिदो रहेछ । यो कुरा त्यति बेलामात्र मलाई थाहा भयो जब म बेचिएको थाहा पाएँ ।"*
>
> *"हामीहरू मगर जाति थियौँ* (सामाजिक रूपमा पछि परेको एउटा समूह) *। मलाई यति मात्र थाहा थियो कि मानिसहरूलाई भेदभाव तथा दमन गरिन्छ । धनीहरूले गरिबलाई दमन गर्दछन् । तर मलाई मानिस बेचिन्छन् भन्ने बारेमा कुनै जानकारी थिएन ।"*
>
> *"म कसरी बेचिन पुगे भन्ने प्रश्न मसँग थियो । कसरी मानिसले मानिसलाई बेच्न सक्छन् ?"*

यसले तितो सत्यलाई प्रष्ट पार्दछ कि तिनीहरूलाई बेचबिखनको बारेमा केही जानकारी थिएन अझ तिनीहरूलाई मानब बेचबिखन भन्ने शब्द पहिलो पटक सुनेको बताए । अन्तिम भनाईमा प्रभावित यत्ति अपष्ट देखिए कि ओसारपसार केन्द्रमा उनलाई उनी बेचिएको जानकारी दिँदा समेत उनलाई बेचिनुको अर्थ थाहा थिएन ।

यदि बेचबिखन हुँदाका बखत उत्तरदाताहरू ११-१४ बर्षका हुँदा हुन् त यस्ता घटनाहरुमा उनीहरुलाई क्षमा दिन सकिन्छ, तर २५ देखि २८ बर्ष र उमेर समूहका महिलाहरूले पनि त्यस्तै किसिमको लापरबाही गरेर गल्ती गरेकाछन् । मानब बेचबिखनलाई राम्रोसँग बुझ्नलाई अर्को घटनालाई देखाउनु उचित होला जहाँ एउटा यौनकर्मी नै बेचिन पुग्दछिन् । उत्तरदाताको अनुसार, घरायसी आर्थिक समस्या तथा श्रीमानको सीमित आम्दानी भएकोले उनी गोप्यरूपमा यौन उद्योगमा संलग्न हुन थालिन् । उनको छिमेकीले यस्तो सल्लाह दिइन्: *"सामान्य मानिससँग सुत्नु र दैनिकरूपमा ग्राहक खोज्नुभन्दा मैले एकजना मानिस चिनेको छु जो साह्रै धनी छ । यदि तिमी त्यस्ता धनी मान्छेहरूसँग सुत्यौ भने तिमीले एकमुष्ठ पैसा कमाउने छौ । यदि तिमी तिनीहरुजस्ता पाँचनासँग मात्र सुत्यौ भने तिमीले एक दुई महिनाको घर खर्च सजिलै जोहो गर्न सक्छौ ।"* यसप्रकारको सल्लाह बमोजिम कसैलाई थाहा नदिई उनले धन्दा शुरू गरिन् । केही समयपछि ग्राहकले राम्रो काम लगाइदिने बाचा गर्दै उनलाई भारत लग्यो र बेचिदियो ।

मानब बेचबिखनको बारेमा जसलाई अलिकति थाहा छ, तिनीहरू पनि प्रस्तावित काम, जाने स्थान र छनौटकर्ता वा बेचबिखनकर्ताहरूको बारेमा पर्याप्त जानकारी लिने प्रयास नै नगरी सजिलै फक्किन पुग्छन् । जस्तो कि:

> *"मैले धेरै महिला र दिदी बहिनीहरू जो उ* (बेचबिखनकर्ता) *संग गएको र कहिल्यै नफर्किएको जानकारी पाए । यद्यपि, मैले सबै घटनाहरु बेचबिखन हुन् भन्ने सोच्दिन । अन्ततः म पनि त्यसैगरी बेचिए ।"*
>
> *"मलाई मानब बेचबिखनको बारेमा थाहा थियो तर मेरो साथीले नै मलाई त्यस्तो गर्छ भनेर कहिल्यै सोचेको थिइन ।"*
>
> *"मैले दिदी* (एकजना वयश्क साथी जसले पहिलोपल्ट बेचबिखकर्ताको सामना गरेकी थिइन र उनलाई काम गर्ने इच्छा छ कि भनेर सोधिएको थियो) *लाई भने भने: "नौला मानिसहरुलाई विश्वास नगर्नु होस् । तिनीहरुले हामीलाई बेचिदिए भने के हुन्छ ?"* दिदीले जवाफ दिइन: *"उनीहरुले हामीलाई बेच्दैनन् होला । हामी दुई तीन छोराछोरीहरुका आमा हौ । हामीलाई कस्ले किन्छ? हामीहरु बेचिने छैनौ । उनीहरुले यस्तो गर्दनन् होला ।"*

यी घटनाहरू कुल उत्तरदाताहरूको एक तिहाईलाई प्रतिनिधित्व गर्दछन् । अन्तिमको भनाईले जो कोही नि बेचिन सक्छ चाहे त्यो अधबैसे अथवा बच्चाहरूको आमा नै किन नहोस् भन्ने कुरा जनाउँदछ । यो घटना अझ बढी चिन्ताजनक छ किनभने आमाहरुसंगै नौमहिनाको बच्ची र तीनवर्षको छोरा समेत बेचिएको थियो । आश्चर्यजनकरूपमा यो उत्तरदाता आम उत्तरदाताहरू मध्ये एकमात्र थिइन् जो शुरूको अवस्थादेखि अन्त्यसम्म छनौटकर्ता, उनीहरूको व्यवहार र प्रदान गरिने कामहरूको बारेमा निरन्तर खोजिनिती गर्ने गर्दथिन् । पुरा प्रयास हुदाँहुदै पनि उनी बेचिन पुगिन् । यद्यपि, उनको विवेकपूर्ण तथा निर्णयात्मक व्यक्तित्वले गर्दा[२३] वेश्यालयबाट एक महिना पछि भाग्न सफल भइन् । यतिमात्र होइन आफुसँगै बेचिएका छोरी, छोरा र साथीलाई पनि उद्धार गरिन् । धेरै अन्तर्वार्ताहरुमा जब अन्तर्वार्ताकर्ताले स्थान, व्यक्ति, घटनाक्रमको बारेमा महत्वपूर्ण सुराकबारे जान्न चाहे प्रभावितहरूले साधारणतया थाहा नभएको बताए र त्यस समयमा खोजबिन गर्ने कोशिस गरेनन् । यसले तिनीहरूमा प्रचुर जनचेतनाको अभाव, लापरवाहीपन र/वा उनीहरु कहिल्यै बेचबिखनमा पर्ने छैनन् भन्ने विश्वासलाई जनाउँछ ।

बेचबिखनकर्तासँग घरबाट भाग्दा कसैलाई नभन्नु वा थाहा नदिनु प्रभावितहरूको ठुलो गल्ती हो । करिब एक विसांश उत्तरदाताले त्यस्तै गरेका थिए । यस अध्ययनमा बेचबिखनको ओसारपसार प्रक्रियाको बारेमा अध्ययन गर्न प्रभावितहरु आफै भाग्न सक्ने धेरै चरणहरु रहेको महसुस भयो वा धेरै संस्थाहरुले उनीहरुलाई उद्धार गर्न सक्दथे । एक तिहाई भन्दा बढी उत्तरदाताहरूले यात्राको अवधिमा सुरक्षा कर्मचारी तथा बिभिन्न उद्धार संघसंस्थाहरूसंग जम्काभेट भएको जनाए । यी चरणहरूमा प्रभावितहरूले अनुसन्धानकर्तालाई देखाएको व्यवहार तथा प्रतिक्रियाले भने बाधक तत्वका रूपमा काम गरेका थिए । उदाहरणको रूपमा तिनीहरू प्रहरी चेकजाँचलाई छल्दै, सीमा सुरक्षाकर्मीहरू र उद्धारकर्ताहरुलाई यात्राको कारणहरू ढाँट्दै र यात्राको अवधिमा खासगरी सीमा पार हुने समयमा कसैबाट समातिन नपरोस् भन्ने प्रार्थना गर्दै सीमा पार हुन्थे । पटक–पटक पक्राउ परेर सम्बन्धित निकायबाट सुझाब सल्लाह पाए पनि तिनीहरू सीमा पार गर्न बारम्बार प्रयास गर्थे (जस्तो कि एक जना केटी सीमा क्षेत्रमा तीनपटक पक्राउ पारिन् तर तेस्रोपटक छलकपट गरेर सीमा पार हुन सफल भएकी थिइन्) । यी उदाहरणहरुले के प्रष्ट पार्दछ भने उचित संख्याका प्रभावितहरु बेचिनु पर्ने स्थिति सिर्जना हुनुमा उनीहरुकै योगदान रहेको हुन्छ ।

प्रभावितहरु के कारणले र कसरी जोखिम निम्त्याउँछ भन्ने जानकारी एउटा गहन समूह छलफलले दियो । धेरै वर्ष उद्धार तथा वकालतमा बिताएका एक जना वकिल उल्लेख गर्दछन्: *"उपभोक्तावादी व्यवहारले गर्दा गरिबीसँगै युवा मानिस वा किशोर नितान्तरूपमा अवसरका खोजी गरिरहेका हुन्छन् । यदि तिनीहरू विद्यमान अवस्थामा आफुले चाहेको केहि प्राप्त गर्न सकेनन् भने त्यो अवस्थाले तिनीहरूलाई अझ जोखिम बनाउँदछ । नेपालको सन्दर्भमा आधारभुत शिक्षाभन्दा माथि अध्ययन गर्न आर्थिकरूपमा निकै कठिन छ । यो अवधिमा तिनीहरू केही नयाँ कुरा जान्नको लागि लगातार काम खोजिरहेका हुन्छन् । तिनीहरू यौनिकरूपमा सक्रिय हुन्छन् र सुन्दर जीवनयापन गर्न र घुमफिर गर्न चाहिरहेका हुन्छन् । यसरी शिक्षित वा अशिक्षित समूह जो मानब बेचबिखनको बारेमा जान्दा जान्दै पनि खतरा मोल्ने निर्णय गर्दछन् ।"* यसले एक प्रकारको जटिल अवस्थालाई प्रतिबिम्बित गर्छ जसले बिभिन्न सन्दर्भ, संरचना र व्यक्तिको इच्छा तथा चाहनालाई जोड्दै मानव बेचबिखनको जोखिमतालाई बढवा दिन्छ ।

यदि हामीले प्राप्त जानकारीहरूलाई पीडितशास्त्रको दृष्टिकोणबाट हेर्ने हो भने प्रभावितले गर्ने गरेको व्यवहार तथा कार्यले नै केही न केही रुपमा बेचबिखनलाई सहयोग गरेका स्पष्ट देखिन्छ । केही अहम् गल्तीहरूले प्रष्टरूपमा उनीहरूको लापरबाही तथा खतरनाक व्यवहारहरूलाई देखाउँदछ जस्तो कि परिवार तथा साथीहरूलाई नभनी घरबाट भाग्ने वा बेचबिखनकर्तासँग जाने, कुनै सवालबारे स्पष्ट जानकारी परिवार र साथीमा नगराउने, बेचबिखनबारे जान्दा जान्दै र सोधपुछ गर्दा गर्दै पनि सजिलै फक्किने, प्रस्तावित कामहरू आकर्षण भइकन पनि गैर कानुनी भएको थाहा पाउँदा पाउँदै घर छाड्ने, अधबैंसे महिला बेचिदैनन् भनेर सोच्दै यसलाई हल्का रूपमा लिने र यात्रा अवधिभर अन्य कुरा नखोल्ने, प्रहरीको चेकजाँचलाई छलेर तथा सीमा सुरक्षाकर्मी तथा उद्धारकर्मीहरूलाई ढाँट्दै हिड्ने, सम्बन्धित निकायबाट पटक-पटक पक्राउ परी सुझाब सल्लाह दिदा समेत सीमा पार गर्न लगातार प्रयास गर्ने, २/४ दिनको हिमचिममा पनि नचिनेको व्यक्तिसँग जानलाई फक्किने (यो सवाललाई भाग ६.५ मा पनि उल्लेख गरिएको छ ।) र व्यवसायिक यौन क्रियाकलापमा संग्लग्न हुने इत्यादि ।

Von Hentig (1941) वकालत गर्छन् कि यस्ता कार्यहरूले त्यस्तो सञ्जालमा समावेश हुन प्रत्यक्षरूपमा सहयोग गर्दछ, जो अन्ततः बेचबिखनमा गएर अन्त्य हुन्छ (Van den Hoven and Maree, 2005; Franklin et al., 2012) । अन्य अध्ययनहरूले घर छोड्नुका फाइदाहरू भनेको अतिरञ्जित गर्ने गरिएको र जोखिमतालाई भने न्यून आंकलन गरिने भन्ने देखाएका छन् (Artadi et al., 2010) । तिनीहरूले धेरै केटीहरू घर छोड्ने निर्णय बिभिन्न कारणहरूले आफैले गर्ने गरेको पत्ता लगाए जसले निश्चित रूपमा तिनहरूको जीवनलाई जोखिम बनाउँछन् । अन्य अनुसन्धानकर्ताहरूले भने प्रभावित अर्थात् पीडितलाई आरोप लगाएकोले पहिलो वैचारिक दृष्टिकोणलाई चुनौति दिन्छन् । प्रभावितहरूको प्रखर बुद्धि तथा खोजमुलक व्यक्तित्व हुदाँ हुदै पनि विविध संरचनागत कारक तत्वहरू पनि कुनै व्यक्ति जोखिममा पर्नुमा उत्तिकै जिम्मेवार छन् ।

Vijeyarasa (2013: 1024) ले एक कठोर सत्यलाई व्याख्या गरेका छन् कि "बेचबिखन भनेको लैङ्गकि हो, र लैङ्गिक भनेको महिला हो", किनभने यो समाजले महिलालाई वस्तुकोरूपमा चित्रण गरेको छ । निष्कर्षहरू जस्तै बेरोजगारीको महिलाकरण, नचिनेका व्यक्तिसँग भाग्न हतार गराउने बाल दुर्व्यवहार, बहुविवाह तथा सम्बन्धविच्छेदले गर्दा परिवारमा आमा तथा बालबच्चाहरूको दुरावस्था र आमालाई जीविकोपार्जनको वैकल्पिक उपायहरू खोज्ने बाध्यता, परिवारमा बालिकाविरूद्ध हुने लैङ्गिक भेदभाव जसले आदर्श संसारको सपना देख्न उनीहरूलाई उत्प्रेरित गर्छ र बालविवाह जसले बालबालिकालाई घरबाट भाग्न बाध्य बनाउँछ आदि इत्यादि पुरूषवादी समाज तथा साँस्कृतिक स्वीकार्यहरूसँग गहिरो तवरले जोडिएको पाइन्छ । त्यसर्थ त्यहाँ एक फिका धर्को छ र व्यक्तिगत तथा संरचनागत दुबै प्रकारका कारक तत्वहरूले जोखिमतालाई उत्पन्न गरिरहेका छन् । यदि यी कारकहरूलाई सम्बोधन गरिएन भने रोकथामको नमूना पूर्ण हुदैंन । यो अध्ययनले मानिसहरू हतोत्साहित हुनु, कुनै प्रकारको सपना नदेख्नु र बसाईसराई गर्नु हुदैन जसले गर्दा मानौ बेचबिखन रोकिन्छ भनेर वकालत गर्दैन । यो एउटा अव्यवहारिक

[२३] बेचबिखनकर्तालाई थाहा नहुनेगरी उनले आफुहरू बसेको होटेलको ठेगाना पत्र (भिजिटिंग कार्ड) लिएकी थिइन् जसबाट उनी कहाँ छन् भन्ने पत्ता लाग्यो र उनी भागिन् ।

रणनीति हो । बरू यो अध्ययनले तिनीहरूले आफ्नो जीवन राम्रो हुन्छ भने अझ ठुलो सपना देखुन् भनेर उत्साहित गर्दछ तर त्यो सपना पुरा गर्ने प्रक्रियामा तथा गति दिँदा लापरबाही गर्नु हुदैन भनेर सचेत गराएको छ ।

## ६.४ बेचबिखनका तरीकाहरु: छनोट गर्ने बेला छनोटकर्ताका मनोवैज्ञानिक तथा व्यवहारिक रणनीतिहरु

कुनैपनि बेचबिखनको घटनामा एक उत्सुकता जनाउने प्रश्न यो हो कि बेचबिखनकर्ता वा छनोटकर्ताले प्रभावितलाई के भन्छ जसले गर्दा उनीहरू परिवारसंग झुठ बोल्न र घरपरिवार छोड्न, जन्म थलो छाड्न र बेचबिखनकर्तासंग जानकोलागि समेत उत्तेजित भईहेका हुन्छन् । त्यसैगरी, बेचबिखनकर्ताले मानिस, बालबालिका तथा विवेकी वयस्कहरूलाई समेत छनोट गर्ने तथा एक स्थानबाट अर्को स्थानमा पुऱ्याउने व्यवस्था कसरी गर्दछन्? यो अनुसन्धानले केही सामान्य र विशेष पद्धतिहरू, मनोवैज्ञानिक कला, ब्यवहारिक अभ्यास, रणनीति तथा कार्यहरू पत्ता लगाएको छ । यो खण्डमा हामी छनोट प्रक्रियाको अवधिमा बेचबिखनकर्ता र प्रभावितबीच कस्ता भित्री गतिशीलताहरूले स्थान लिने गर्दछन् भनेर उजागर गर्ने प्रयास गर्छौं ।

यस सन्दर्भमा तल केही तौरतरीका उल्लेख गरिएका छन् जुन सम्भावित प्रभावितलाई बेचबिखनका लागि फकाउन निकै प्रभावकारी तथा विश्वाशीला पाईएका छन् । यो अध्ययनमा पुरै छनौट पद्धति राम्रो कामको अवसरहरू प्रदान गरिनेसँग सम्बन्धित रहेका देखिएको छ जहाँ अन्य विभिन्न अध्ययनहरूमा उल्लेख गरिए जस्तै बेचबिखनकर्ताले प्रभावितको आर्थिक जोखिमतालाई बढाई चढाई गर्दछ (Crawford and Kaufman, 2008; Di Tommaso et al., 2009; Vindhya and Dev, 2011) । यो अध्ययनमा अन्य पद्धतिहरू जस्तै जबरजस्ती र बलजस्ती, आतंकित गर्नु, झुठो विवाह आदि देखिएका छैनन् । बेचबिखनकर्ता घाटा र नाफा विश्लेषण गर्दै उत्प्रेरित हुन पुग्छ र बेचबिखनमा सामेल हुने निर्णयमा आउँछ । यसका लागि उसँग धेरै प्रकारको योजना तथा तौरतरीकाहरू हुन्छन् । यी बुँदाले प्रभावितहरूलाई फकाउन बेचबिखनकर्ता कसरी काम गर्दछन् भनेर देखाउँछ र यिनीहरू साहित्यमा भेटिएका पद्धतिहरूसँग पनि मेल खान्छन् (Lutya and Lanier, 2012: 564) ।

उत्तरदाताहरूले बेचबिखनकर्ता २५-२८ वर्ष र ३०-३५ वर्ष वा उमेर समूहका हुनसक्ने बताउँछन् । उनीहरूको हुलियाले निम्न कुरालाई समावेश गर्छः सुनको सिक्री र औंठी लगाएको, धनाढ्य देखिने, ठुलो खालको मोबाइल बोकेको, भलादमी देखिने, ठुलो व्यापारी जस्तै देखिने, तामाङ जाति जस्तै देखिने, गायककार जस्तो कपाल भएको आदि । यी दिइएका प्रतिक्रियाहरूका आधारमा खास चरीत्र भएको बेचबिखनकर्तालाई चित्रण गर्न निकै गाह्रा हुन्छ । तल प्रस्तुत गरिएका बुँदाहरू यो अनुसन्धानमा देखिएका बेचबिखनकर्ताले अपनाउने ठुला रणनीति तथा पद्धतिहरू हुन् ।

### ६.४.१ राम्रो काम र अवसरको बाचा कसम

यो अध्ययनको घटनाहरूमा मुख्य समानता भनेको छनोट पद्धतिमा प्रभावितहरूलाई फकाउन राम्रो कामको अवसरहरू पाइने बाचा कसम गर्नु हो । अझ नौ वर्षीय सानो बच्चालाई पनि यसैगरी फकाइदो रहेछ ।

### ६.४.२ विश्वास जितेर

यो आधारभूत चरणको रणनीति हो जहाँ बेचबिखनकर्ताले प्रभावितलाई *"म पनि तिमीसँग सम्बन्धित छु, तिमी जस्तै हुँ र तिम्रो शुभचिन्तक हुँ ।"* भन्ने महसुस गर्ने बनाउँछ । बेचबिखनकर्ताले चलाखीपूर्ण तरीकाले उनीहरू पनि प्रभावित झै एउटै समुदाय, जिल्ला, विकास क्षेत्र, एउटै जातीय समूह र लिङ्ग आदिका हुन् भनेर जोड्ने गर्छन् । एक जना प्रभावित महिला जसको पूर्वजहरू पहाडबाट तराईको रूपन्देहीमा बसाई सरेका थिए, तिनलाई छनोटकर्ताले आफ्नो पनि पुर्खौली घर पहाडमा रहेका बताउँदा उनी उक्त व्यक्तिबाट सजिलै फक्किन पुगेकी थिइन् । उसले भन्योः *"पहाड घर एउटै अर्थात पुर्ख्यौली घर एउटै"*[२४] । यस किसिमको संयोजनले एकै ठाउँको दिदीबहिनी र दाईभाईको नाता जोड्दै वार्तालाप शुरू गर्न र विश्वास जित्न धेरै प्रभावकारी हुन्छ । अरू प्रचलित उपायहरू भनेका बेचबिखनकर्ताले आफ्नो ठाउँ र पृष्ठभूमिका बारेमा पुराना कहानीहरू बताउने र विश्वास जित्ने (सायद झुटा) आदि देखिन्थे ।

### ६.४.३ भौतिक सम्पति तथा सहयोग दिएर

जटिल समयमा प्रभावितहरूलाई आर्थिक, नैतिक वा भावनात्मक तवरले सहयोग गर्नु भनेको विश्वास जित्ने सामान्य रणनीतिहरू हुन्, जसले गर्दा हेरचाह गर्ने कोही छ भन्ने भान दिन्छ । धेरै प्रभावितहरूको बालबच्चा बिरामी हुँदा, भान्छामा खानेकुरा नहुँदा, कहीं जादाँ कपडा नहुँदा, दुःख बिमारी पर्दा भेटघाट गरेर उनीहरूलाई सहयोग गरिएको थियो । यस्ता कार्यहरूले कहिलेकाहीं उनीहरूलाई नैतिकरूपमा छनौटकर्ता वा बेचबिखनकर्तासँग गएर सहयोगको गुन तिर्न पाए हुन्थ्यो भनेर पिरोल्छ ।

### ६.४.४ तिनीहरूको अवस्था दयनीय छ भन्ने बनाएर

बेचबिखनकर्ताले प्रभावितहरूलाई उनीहरूको बर्तमान अवस्था वा काम दयनीय र दुखपूर्ण छ जसले गर्दा उनीहरू दमनमा परेको र अर्थहीन भएको भन्ने भान पार्दथे । त्यही समयमा बेचबिखनकर्ताले सकारात्मक प्रवृतिलाई जोड्दै तिमीहरूलाई सुखसयल र सुनौला जिन्दगीले पर्खिरहेको भन्दै प्रभावितहरूलाई घर छोड्न उत्प्रेरित गर्छन् । यो त्यही अवस्था हो जहाँ बेचबिखनकर्ताले प्रभावितको सपानाबाट फाइदा उठाउनका लागि प्रभावितहरुको सपनालाई उम्रन र दिनमै सपना देख्न प्रोत्साहित गर्दछन् ।

[२४] नेपाली संस्कृतिमा पुर्खौली घर अर्थात् पहाड घर, परिवार, गोत्र र वंश आदि धेरै महत्वपूर्ण संयोजक तत्वहरू हुन् ।

### ६.४.५ लगातार भेट गर्दै र निरन्तर एउटै अवसर दोहोऱ्याउनु

आफ्नो दुई दिदी र बहिनीहरू तथा हजुरआमाको हेरचाह गरिरहेकी कुनै एक जना अनाथ उत्तरदाताले यस्तै कारणले गर्दा घर छोडेर भागिन् । उनले त्यो कर्तुतलाई यसरी बयान गरिन्: *"तिनीहरूले दुई जना बेचबिखनकर्ता (जो मेरो काकाको साथी थिए ।) मलाई क्याट्रिना कैफ (भारतीय अभिनेत्री) को फोटो देखाउने गर्दथे र यदि काठमाडौँ गयौ भने तिमी पनि त्यो हिरोइन जस्तै सुन्दर बन्ने छौ भनेर फकाउने गर्दथे । म घाँस काट्न जाने गर्दथें र जहाँ सुकै भेटेमा पनि तिनीहरूले त्यही कुरा दोहोऱ्याउने गर्दथे कि मैले राम्रो बन्ने, मिठो मसिनो खाने र राम्रो काम गर्ने अवसर पाउनेछु । तिनीहरूले मलाई काठमाडौँको सपनाको बारेमा सुनाउदा मेरो दिमागमा त यस्तै कुरा मात्र घुमिरहन्थ्यो । तिनीहरूले फकाउँदा र ठुला ठुला सपना देखाउँदा कहिलेकाहीं त तपाईं (प्रश्नकर्ता) पनि एक न एक पटक त्यसको बारेमा सोच्न बाध्य हुनुहुन्छ । मैले पनि कडा मेहेनत गर्छु, आत्मनिर्भर बन्छु र परिवारको राम्रो हेरचाह गर्छु भन्ने सोँचे । त्यो कुरा मेरो दिमागमा भरियो, अनि म सहमत भएँ ।"* यसरी जब एउटा कुरा मात्रै लगातार थोपरिन्छ, तब प्रभावित त्यो कुराको बारेमा गम्भिर भएर सोच्न थाल्छ जुन कुरा बेचबिखनकर्ताले चाहिरहेको हुन्छ ।

### ६.४.६ बेचबिखनकर्ताहरूसँग राम्रो सञ्जाल छ भन्ने पारेर

बेचबिखनकर्ताहरूले प्रभावितहरूसँग निरन्तररूपमा धेरै कुराहरू भनिरहेका हुन्थे जस्तै गन्तव्य स्थानमा उनीहरूसँग विभिन्न संघसंस्थाहरूसँग सम्पर्क भएको र आफन्तजन धेरै भएको, विभिन्न मानिसहरूलाई सहयोग गरेको, कामहरूमा पहुँच रहेको आदि इत्यादि । उनीहरूले गन्तव्य स्थानमा प्रदान गरिने नोकरी निश्चत छ र बसाई पनि सुरक्षित छ भनेर भान पार्दै त्यो कामको प्रक्रियामा लगातार सहयोग गर्ने बताउने गर्दथे ।

### ६.४.७ भनिएको जानकारी सत्य हो भन्ने पारेर

बेचबिखनकर्ताले प्रभावितहरूलाई खासगरी उनीहरूलाई भनिएको सूचनाहरूलाई अरू कसैसँग नभन्न आग्रह गरेका वा चेतावनी दिएका हुन्छन् । उनीहरूले तिनीहरूलाई मात्र जानकारी गराएको विशेष मानिस भन्ने महसुस गर्ने गराउँछन् र यदि यो कुरा कसैलाई भनेमा राम्रो काम पाउने योजना असफल हुनेछ भनेर चेतावनी पनि दिएका हुन्छन् । अठारजना उत्तरदाताहरूले बेचबिखनकर्तासँग भएका कुराकानी कसैलाई पनि नभनेको बताए जबकि चारवटा घटनाहरूमा उनीहरू पहिले नै घरबाट भागिसकेका थिए । प्रभावित र बेचबिखनकर्ताबीचको कस्तो सम्बन्ध छ अनि कहाँ र किन जादै गरेको आदि भनेर सीमामा वा बाटोमा कसैले प्रश्न गर्दा के भन्ने बारेमा प्रभावितहरूलाई पहिले नै सिकाइएको हुन्छ । धेरै उत्तरदाताहरूले सिकाइए जस्तै भनेको बताए । कसैले वा सुरक्षाकर्मीहरूले सोध्दा दाई र दिदी, भाई र बहिनी, बाबा, आमा र छोरी आदिको सम्बन्ध बताउँदै अस्पताल जादै गरेको, बजार जाँदै गरेका त कोहीले आफन्त भेटघाट गर्न जादैं गरेका बताएका थिए ।

केही बेचबिखनकर्ताहरुले प्रभावितहरुको प्रगतिको इर्ष्या अरुले नगरून् भन्ने प्रभाव पार्नको लागि लोभ्याउने खालको उपायहरू अपनाउछन् र यो कुराका साथै भागेर आएको बारेमा कसैसंग नभन्नु भनेर चेतावनी दिन्छन् । एक अनाथ किशोरीलाई एकजना बेचबिखनकर्ताले यसो भन्दै थियो: *"हाम्रो कुराकानी अरू कसैलाई नभन्नु । तिमी धेरै राम्रो र पैसा कमाउने ठाउँमा जाँदैछौ भनेर थाहा पाए भने तिनीहरूले तिमीप्रति डाह गर्नेछन् । उनीहरूले त तिम्रो सपना तथा योजनालाई अवरोध गर्नेछन् । अरू मानिसहरू तिमी धनी भएको हेर्न चाहनन्न ।"* त्यसैले ऊनले घर छोड्ने बारेमा नजिकैको आफन्तहरूलाई पनि भनिनन् ।

### ६.४.८. लैंङ्गिक विभेद र सामाजिक छुवाछुतलाई औजारको रूपमा प्रयोग गर्दै

प्रभावितहरूको व्यवहारलाई नियन्त्रण गर्न समाजमा रहेको सामाजिक छुवाछुत तथा लैङ्गिक भेदभावहरूलाई पनि बेचबिखनकर्ताद्वारा प्रयोग गरिएको पाइन्छ । मुख्य उपायहरूमा निम्न कुराहरू पर्दछन्;

> *"मैले (प्रभावित) सोँधे कि "यदि हामी राम्रो कामको लागि जादै छौँ भने हामी किन रातीमा हिड्नुपर्ने ?" बेचबिखनकर्ताले उत्तर दियो: "तिमी बच्चा केटी हौ । यदि तिमीले कसैलाई भन्यौ भने तिनीहरूले तिमीलाई कहीँ पनि पठाउदैनन् ।"*
>
> *"काठमाडौंमा तिमीलाई चिनेका मान्छे हुन सक्छन् । यदि तिनीहरूले तिमीलाई देखे भने तिम्रोबारमा नराम्रो सोच्ने छन् । त्यसैले हामी अलि टाढा (यो घटनामा भारततिर) जानु पर्छ ।"*

यी कारणहरूले गर्दा पनि प्रभावितहरूले अरूलाई जानकारी गराउँदैनन् । बेचबिखनकर्ताहरूले सामान्यतया नकारात्मक सामाजिक दृष्टिकोणहरूसँग खेल्ने गर्छन् ।

### ६.४.९ चिन्तालाई नियन्त्रण गर्नु र दार्शनिक तर्कहरूले सामीप्य हुनु

बेचबिखनकर्ताहरू चलाख सुझावकर्ता हुन् जसले फकाउनको लागि दार्शनिक तर्कहरूलाई प्रस्तुत गर्छन् । सामान्यतयाः प्रभाववितहरू हिड्ने बेलामा संवेगात्मक र दुखद समय आउँछ । त्यतिबेला बेचबिखनकर्ताहरूले उनीहरूको मनोबल, विचार तथा विवेकलाई प्रभाव पार्छन् । तिनीहरूले विभिन्न भनाईहरू प्रयोग गर्दछन् जसले जो कोहीको पनि चिन्ता तथा तनाब कम हुन्छ जस्तै केही वाक्यहरू:

*"छोराछोरीबाट टाढा जानु भनेको पाप होइन (प्रभावित आफ्नो सानो बच्चालाई छोडेर जादै गर्दा) । यो त एउटा आमाले गर्ने उत्तरदायित्व र कर्तव्य हो । आमाले उनीहरूको लागि गर्ने योगदान यस्तै हुनुपर्छ ।"*

*"तिमी जस्तै धेरै मानिसहरू खुसीका साथ बिदेश काम गर्न गएका छन् । यो त सामान्य हो ।"*

*"यदि तिमीले उनीहरूको साथ तथा मायालाई निरन्तर मनमा लिइरहन्छौ भने तिमीले जीवनमा प्रगति गर्न सक्दैनौ । केही समय पछि तिमी स्वतन्त्र हुनेछौ र त्यसपछि उनीहरूले तिमीप्रति गर्व गर्नेछन् ।"*

...यसले अवश्य पनि कसैको संवेदना र दु:खहरु हटाउन र सहजपन ल्याउदछ ।

### ६.४.१० साथीको जस्तै व्यवहारतथा भाषाहरू प्रयोग गर्नु

बेचबिखनकर्ता प्रतिको शंका कम गर्न तथा विश्वास जित्न बोली तथा व्यवहारले ठुलै भूमिका खेल्छ । बेचबिखनकर्ताहरूले साना केटीहरूलाई अभिभावक जस्तै हेरचाह गर्ने, वयस्कहरूलाई माया गर्ने, प्रेमी तथा शुभ-चिन्तक जस्तो व्यवहार गर्छन् । धेरै सम्बोधन गर्ने शब्दहरू भनेको नानी, दिदी, बहिनी, तथा साथी हुन् जो नेपाली समाजमा सम्मानित मानिन्छन् । यस अध्ययनले पनि छनौट र ओसारपसारको सम्पूर्ण प्रक्रियाभरी कोही प्रभावितहरू बेचबिखनकर्ताबाट दुर्व्यहारको शिकार नभएको र त्यहाँ उनीहरूलाई राम्रो व्यवहार गरिएको भन्ने देखाउँदछ ।

### ६.४.११ ऋणको जालो बनाएर

यो अध्ययनमा यस किसिमको उपाय त्यति धेरै देखिएन । बेचबिखनकर्ताहरूले प्रभावितलाई आवश्यक परेको बेलामा आर्थिक रूपमा गर्ने सहयोग उनीहरुलाई प्रभावित पार्ने खालको हुन्छ । उनीहरूले कागजात मिलाउने र गाडीभाडा तिर्ने काममा पैसा खर्च गर्छन् । यतिमात्र नभई उनीहरूले प्रभावितहरूलाई भौतिक वस्तुहरू दिदै भविष्यमा फेरि फिर्ता गर्नु पर्छ भन्ने मनोविज्ञान खडा गर्छन् । दुईवटा घटनाहरूमा बेचबिखनपुर्व प्रभावितको दिमागलाई चिन्तित बनाउँदै यस्तै किसिमको जालो प्रयोग गरिएको देखियो । धेरैजसो यी जालोहरू केवल नैतिक बन्धनमात्र हुन् ।

### ६.४.१२ स्वतस्फुर्त कार्यहरूमा जोड गरेर

सम्भव भएसम्म बेचबिखनकर्ताले काम पाउन समय कम छ भन्दै यदि प्रभावितले तत्कालै कार्य सम्पन्न गर्न नसके काम अरूले नै पाउने भनेर हतारोपन र दुख:दायीजस्तो अवस्था सिर्जना गर्ने प्रयास गर्छन् । यसले त्यो अवस्थाको बारेमा कम सोच्दै र विश्लेषण गर्दै प्रभावितहरूलाई छोटो समयमा नै छिटो छिटो कामगर्न लगाउँछ ।

## ६.५ छनोट प्रक्रियाको समय अवधि

मानसिक रूपमा घर छोड्नलाई फकाउन र तयारी पार्न वयस्कहरूलाई २ वा ३ दिनसम्म र ११ बर्षकी केटीको घटनामा आधा दिन लागेको आश्चर्यजनक निष्कर्षमा यो अध्ययन पुग्यो । यी घटनाहरूको पछाडि विभिन्न सन्दर्भहरू छन्, जस्तै दुईवटा बच्चा भएको एकल महिलाहरू, जो त्यस किसिमको अवस्थाबाट एकदमै हत्तोसाहित थिए र एउटा निराश केटी जो घरबाट भागेर नचिनेको ठाउँमा जान्छिन् अनि बसमा नै बेचबिखनकर्तासंग भेटिएर छनोट हुनपुग्छिन् । तर यो बुझ्न निकै गाह्रो छ किनभने नौवटा घटनाहरूमा बेचबिखनकर्तालाई प्रभावितसंग पहिलो भेटपछि फकाउन तथा सम्झाउन २ देखि ७ दिन लागेको पाइयो ।

यो अध्ययनले त्यस्ता किसिमका घटनाहरूलाई पत्ता लगायो जहाँ खासगरी निराशाजनक अवस्थामा रहेका मानिसहरू र बेचबिखनकर्ताबीच दुई दिनभित्र दुई वा तीन पटकको भेटघाट हुँदा नै प्रभावितहरू फक्किन पुगेका थिए । यी छनोटहरूले छनोट अवधिको बारेमा खेस्रा चित्र दिन्छ, कसरी र कति छिटो बेचबिखनकर्ताले अझ पहिलो भेटमै मासिनहरूको अवस्थालाई बुझेर उनीहरूलाई घर छोडाउन फकाइसकेका हुन्छन् । प्रभावितहरूको धेरै जसो प्रतिक्रियामा छनोट प्रक्रियाको सामान्य समय तालिका वा अवधि २ देखि ३ दिन, ४ देखि ५ दिन, एक हप्ता, १५ दिन, २ देखि ३ महिना र बढीमा एक बर्ष भएको देखिन्छ । यो अध्ययनमा गरिएको साहित्य सिंहावलोकनले यो आयाममाथि केही पनि प्रतिक्रिया दिएको छैन, तथापि बेचबिखनको प्रक्रियालाई बुझ्न यो पक्ष महत्वपूर्ण छ ।

## ६.६ प्रभावितको परिवारसंग छनोटकर्ताको सम्बन्ध

परिवार एक प्राथमिक सरोकारकर्ता हो जहाँ प्रभावितहरु छोरी, श्रीमती, आमा, बहिनी तथा भतिजीको रूपमा रहेका हुन सक्छन् । यद्यपि, माथि उल्लेख गरे जस्तै जम्मा बाइसमध्ये अठारजना उत्तरदाताहरूले बेचबिखनकर्ता र उनीहरूसँग भएका वार्तालाप कसैलाई नभनेको बताए र चार घटनाहरुमा तिनीहरू पहिले नै घरबाट भागिसकेका थिए । यसरी केही हदसम्म यो प्रष्ट हुन्छ कि परिवारले बेचबिखनकर्तासँग भेटे वा देखे पनि उनीहरूको परिवारका सदस्य कोसँग गयो भनेर चिन्दैनन् । लगभग एक तिहाई घटनाहरूको परिवारहरूमात्र बेचबिखनकर्तासँग परिचित थिए । ती घटनाहरूमा बेचबिखनकर्ता र परिवारका बीच कस्ता सम्बन्ध थियो भनेर चित्रण गर्न निकै कठिन छ । तलका बुँदाहरूमा यो कठिन बिषयवस्तुलाई उल्लेख गर्ने प्रयास गरिएको छ ।

### ६.६.१ बेचबिखनकर्तासँग परिवारको परिचय कत्तिको नजिक छ ?

- घटनाहरूमा परिवारका सदस्यहरूले बेचबिखनकर्तालाई चिनेका थिए । प्रभावितको परिवारका सदस्य वा भतिजी बेचबिखनकर्तासँग राम्रोसँग परिचित थिए र उ पनि प्रभावितको घर नियमित आउने जाने गर्दथ्यो ।
- चारवटा घटनाहरूमा परिवारले बेचबिखनकर्तालाई सतहीरूपमा चिनेका थिए र एउटै गाउँ घरको साथीभाई जस्तै सामान्य शिष्टाचारको स्तरमा तिनीहरूको चिनजान थियो ।

### ६.६.२ छोरी, श्रीमती तथा बहिनीहरुले बेचबिखनकर्तालाई भेटेको वा उनीहरुसँग भागेको कुरा परिवारलाई थाहा थियो कि थिएन ?

- अनाथ केटीको तीनवटा घटनाहरू र एकवटा केटीको घटनामा जो उनीहरू आफ्नै छिमेकीहरू, बहिनीको साथी तथा नजिकैको गाउँको मान्छेबाट बेचिएका थिए, तिनीहरूले परिवारका सदस्य तथा नजिकको आफन्तीहरूसँग बेचबिखनकर्ता चिरपरिचित भएको बताए । यद्यपि, उनीहरु बेचबिखनकर्तासँग आफ्नो घर छाडेर भागे । यसले के संकेत गर्छ भने परिवारका सदस्य तथा नजिकको आफन्तीहरू बेचबिखनकर्तासँग परिचित भए पनि आफ्नो परिवारका सदस्य वास्तवमा कोसँग गयो भनेर थाहा पाउन सक्दैनन् ।
- तीनवटा घटनाहरूमा राम्रो कामको लागि आफ्ना श्रीमतीहरूलाई पठाउनका लागि तिनीहरूका श्रीमानलाई सोधिएको थियो । यद्यपि, तिनीहरूका श्रीमानहरू उनीहरूका श्रीमतीहरू बेचिदै थिए भनेर सचेत थिएनन् । जब उनीहरूका श्रीमतीहरू फर्किए (एक जना एक महिनापछि फर्किए, एक जना तीन महिनापछि फर्किए र एक जना सात महिनापछि फर्किए), तिनीहरूले आफुहरू बेचिएको भनेर आफ्नो श्रीमानलाई बताएनन् । त्यसैले श्रीमानहरूलाई के भएको थियो भन्ने खासै थाहा हुदैन र बेचबिखनकर्ताको भेटघाट वा उसप्रति नकारात्मक धारणा बनाउदैनन् ।
- परिवारका छोरी, दिदीबहिनी र आफन्तहरूको बेचबिखनकर्ता परिचित व्यक्ति नै भएको तीनवटा घटनाहरूमा मात्र देखिन्छन्, जुनकुरा तीनको परिवार र काका वा मामाको छोरा/छोरीलाई थाहा थियो ।

### ६.६.३ बेचबिखनकर्तासँग भएका वार्तालापबारे प्रभावितहरुले परिवारलाई कत्तिको भन्दछन् ?

लगभग सबै घटनाहरूलमा बेचबिखनकर्तासँग भएका संवादबारे खुलारूपमा परिवारलाई बताइएको थिएन । केही घटनामा भने श्रीमतीहरूले पाएको कामको लागि घर छोड्नुभन्दा अगाडि आफ्ना श्रीमानलाई केही जानकारी गराएका थिए । यद्यपि, गन्तव्य स्थानमा वास्तविकरुपमा के भएको थियो भनेर बताएनन् । त्यसैगरी, बेचबिखनकर्ता जो प्रभावितको घरमा फकाउन जाने गर्दथ्यो उसका खास नियत के हो भनेर प्रभावितहरूले परिवारलाई कहिले भनेनन् । एक जना प्रभावितले परिचित बेचबिखनकर्ताले परिवारलाई थाहा नदिई कसरी उनलाई भेट्न आउँथ्यो भनेर बताइन् । उनले भनिन्: *"उसले मलाई घरमा भेट्न आलु किन्नु छ भनेर भन्ने गर्दथ्यो र आउँथ्यो (घरमा पसल थियो) । मेरो आमाबुबाहरूले उसलाई राम्रोसँग जानेका थिए तर पनि उसको उद्देश्य आलु किन्ने नभएर मलाई भेट्नु थियो भन्ने उनीहरूलाई थाहा थिएन । अहिले मैले ठान्छु कि यदि मैले उनीहरूलाई भनेको भए सायद उनीहरूलाई उसको नियतको बारेमा थाहा हुन्थ्यो तर मैले उनीहरूलाई भनिन ।"*

यस खण्डमा विभिन्न जानकारी तथा गतिविधिबाट प्रस्तुत विचारले एक आधारभूत प्रश्नको जवाफ दिनको लागि नयाँ आयाम दिन्छ जस्तो कि यदि धेरै बेचबिखनकर्ताहरू तिनीहरूले जानेका र चिनेका छन् भने किन तिनीहरूले प्रतिकार गर्दैनन ? व्याख्या गरिएको घटनाहरूले बताउँछन् कि परिचयको घनिष्टता बिभिन्न तहमा हुन्छ र को बेचबिखनकर्ता हो भनेर जान्दा जान्दै पनि छोरीहरू, श्रीमतीहरू तथा बहिनीहरू कसले लग्यो, उनीहरूसँग के व्यवहार गरे आदि कुराहरू धेरै तथा बिभिन्न तहहरूमा हुन्छन् । त्यसैले यो स्पष्ट तरीकाले बुझ्नु पर्छ कि प्रभावितले बेचबिखनकर्तालाई राम्रोसँग चिन्दैमा उसको परिवारले पनि उत्तिकै चिनेको हुन्छ भन्ने हुदैन ।

दोस्रो, लगभग आधा उत्तरदाताहरूसँग केही हदसम्म बिग्रिएका घरबारहरू अर्थात् कमजोर सामाजिक पुँजी थियो । त्यसैले त्यहाँ उनीहरूको लागि लड्ने र आवाज उठाउने मानिस पाउन ज्यादै मुश्किल थियो । तेस्रो, परिवार तथा नजिकको आफन्तीले बेचबिखनकर्तालाई चिनेका भएपनि उनीहरूले प्रभावितहरू उसँगै गएको हो भनेर थाहा पाउन सक्दैनथे किनभने धेरै जनाले परिवारलाई खबर नै नगरी सुटुक्क भागेका थिए । चौथो, यदि परिवार तथा नजिकको आफन्तीहरूले चिनेको बेचबिखनकर्तासँग भागेको थाहा पाए पनि प्रभाववितलाई के भयो र कहाँ थिए भनेर थाहा पाएनन् किनभने गन्तब्य स्थानको पुरा कहानी ती प्रभावितहरूले भनेका थिएनन् अथवा उनीहरू घर कहिल्यै फर्किएनन् । त्यसैले, बेचबिखनकर्ता त्यही गाउँमा फेरी पनि त्यस्तै गर्न धेरै स्वतन्त्र थियो ।

आश्चर्यजनक त यो छ कि परिवारले बेचबिखन तथा यस्ता कार्यको बारेमा थाहा पाउँदा पनि बेचबिखनकर्ता उनीहरूको अगाडि निकै भयमुक्त तथा विश्वस्त देखिन्छन् । एउटा घटनामा छोरीको अवस्थाको बारेमा सोध्न जाँदा बेचबिखनकर्ताले परिवारलाई उल्टै धम्काएको देखियो । पीडितको आमा बेचबिखनकर्ता कहाँ गएर रिसाउँदै सोधिन्: *"कहाँ छिन् मेरी छोरी ?"* उत्तरदाताको अनुसार बेचबिखनकर्ताले यसो भन्दै उल्टै आमालाई गाली गर्‍यो: *"तिम्रो छोरी ठुली भई । कुनै केटासँग पोइला गई होला । मैले उसलाई देखेको छैन ।"* यसले अपराध गर्दै गर्दा पनि बेचबिखनकर्तालाई शक्तिशाली भएको देखाउँछ । यसरी सबै कारण तथा अवस्थाहरूले गर्दा परिवार बेचबिखनकर्तासँग लडाई गर्न सकिने अवस्थामा देखिदैन ।

कानुनी मुद्दा दर्ता गरे पनि प्रभावितको कानुनी ज्ञानको अभावले न्याय पाउने क्षमतालाई कमजोर बनाउँछ। एक जना महिलाले आफु बेचिएको प्रमाणसहित घटनाको उजुरी दर्ता गराइन्। यद्यपि, आफुसँगै बेचिएका छोरा र छोरीलाई पनि समावेश गर्नु पर्छ भनेर महाशुस नै गरिनन्। नेपालको बर्तमान कानुन अनुसार त्यो समाबेश गर्नाले प्रमाणलाई अझ बलियो बनाउने थियो। उनले त्यो जानकारी समावेश गरिनन् किनभने उनीसँग प्रयाप्त कानुनी ज्ञान थिएन। उपयुक्त कानुनी परामर्श तथा धेरै प्रमाणहरूले उनले आफ्नो मुद्दालाई अझ बलियो बनाउन सक्थिन् र सायद अपराधीलाई सजाय पनि दिलाउँथिन्।

कहिलेकाहीँ आफ्नै परिवार नै छोरी, श्रीमती र दिदीबहिनीको बेचबिखनमा संलग्न हुन्छ भन्ने तर्क गरिन्छ, तर यस अध्ययनको क्रममा देखिएको बेचबिखनकर्ता र प्रभावितहरूको सम्बन्धले यस कुरालाई पुष्टि गर्दैन, केवल एउटा घटनामा सम्भवत यस्तो भएको होला, तर यकिन भन्न सकिन्न। घटना यस्तो थियो: एउटा अनाथ केटी आफ्नो काकाको घरमा बस्थिन् जसको चाहना राम्रो नोकरीको लागि विदेश जाने थियो। उनले सीमा पार गर्न बेचबिखनकर्तासंगै गईन् र तीन पटक सम्म पक्राउ परेर सीमा पार हुन पाईनन्। तेस्रो पटक समातिएपछि बेचबिखनकर्ताले सीमा पार गराउन प्रभावित केटीकै काकाको सहयोग माग्यो। उनी अगाडि भन्छिन्: *"उनीहरूले मेरो काका* (सानो बुबा अर्थात् आमाको बहिनीको श्रीमान) *लाई बोलाए र हामीसंगै सीमा पार गर्न गयौं। फेरी पनि हामीलाई प्रहरीले पक्राउ गऱ्यो। मेरो काकाले आफ्नो छोरी भारतमा भएको र उसलाई म* (प्रभावित केटी) *भेट्न जान लागेको भन्नुभयो। मैले पनि उनलाई भेट्न जान लागेको भन्ने कुरा बताएँ। अन्तमा उनीहरूले हामीलाई सीमा पार गर्न दिए। हामी रेलमा बस्यौं र मेरो काका त्यहाँबाट घरतिर फर्किनु भयो।"*

यस सन्दर्भमा बेचबिखनकर्ताको निहित स्वार्थको बारेमा परिवारलाई थाहा हुन पनि सक्छ नहुन पनि सक्छ, र परिवारका सदस्यलाई राम्रो नोकरीको अवसरहरूको लागि केटीलाई सीमा पार गराउन केवल सहयोग मात्रै गरेको हो भन्ने लाग्न सक्छ। यस्तो घटना एउटा सघन अन्तर्वार्ता र समूह छलफलमा प्रमाणित भयो, जहाँ अन्तर्वार्ताका एक उत्तरदाताले परिवारका सदस्यहरूले अन्जानवस बेचबिखनकर्तालाई सहयोग गर्दछन् भन्ने कुरा बताए भने समूह छलफलका उत्तरदाताका अनुसार यदि परिवारका सदस्यहरू पनि कुनै न कुनै रूपमा बेचबिखन प्रक्रियामा देखिन पुगे भने कानुनी लडाई वा मुद्दा पनि कमजोर हुन पुग्छ। यसकारण बेचबिखनकर्ताले सकभर परिवारलाई पनि धोकापूर्ण तरीकाले यसमा संलग्न गराउने प्रयास गर्दछ। यसप्रकारको घटनाले यसलाई "नरम प्रकारको बेचबिखन"को रूपमा परिणत गराईदिने खतरा रहन्छ (Frederick, 1998)। विद्धवान Frederick का अनुसार "कडाखालको बेचबिखन" प्रक्रियामा परिवारका सदस्यहरू सहभागी हुदैनन्। माथिको घटना विवरणमा परिवारका सदस्य सहभागी भएको देखाउछ तर परिवारलाई पछि पाइने परिणामहरूको बारेमा थाहा थिएन। त्यसैले यो घटना नरम प्रकारको बेचबिखन हो भनेर किटानी रूपमा भन्न सकिदैन।


# ६.७ ओसारपसार प्रक्रिया

## ६.७.१ ओसारपसार

यस खण्डले प्रभावितहरूलाई उनको घर वा थलोबाट कसरी योजनागत रूपमा गन्तव्यसम्म पुर्‍याइयो भन्ने व्याख्या गर्छ।

ओसारपसारमा प्रयोग गरिएका सबै साधनहरू सार्वजनिक सवारी साधनहरू बस, माइक्रो बस, ट्याक्सी, रिक्सा, रेल आदि थिए। उद्धार कार्यहरूमा संलग्न मानिसहरूसँग गरिएको समूहगत छलफलमा के जानकारी दिइयो भने एउटा घटनामा जिप चालकले दिएको सूचनाको आधारमा काठमाडौंदेखि हेटौडा (सीमामा) तर्फ गइरहेका छजना महिलाहरूलाई उद्धार गरियो। यसले सार्वजनिक यातायातमा संलग्न मानिसहरूले बेचबिखनलाई कम गर्न सक्रिय भूमिका निर्वाह गर्न सक्दछन् भन्ने देखाउँछ।

अध्ययनमा सबै घटनाहरूमा पीडितहरूको छनौट र ओसारपसार दुबै प्रक्रिया एउटै व्यक्तिको संलग्नता पाइयो। प्रायः जसो एक्लो व्यक्तिले पीडितलाई ओसारपसार गरेको तर नौवटा घटनाहरूमा दुईदेखि चारजनासम्मको सानो समूहको संलग्नता रहेको समेत देखियो। महिला बेचबिखनकर्ताहरूले समेत केही समूहहरूलाई साथ दिएका थिए। उनीहरूको विशेष भूमिका र जिम्मेवारी सम्बन्धमा तथ्याङ्कले प्रयाप्त सूचना उपलव्ध नगराए पनि यात्रामा अन्य महिलाको साथका कारण पीडितले बढी सहज महसुस गर्ने गरेको देखिन्छ। एक पटकमा एकभन्दा बढी बेचबिखनकर्ता भएमा यसले ओसारपसार प्रक्रियालाई सजिलो र सुरक्षित बनाउँछ। अध्ययनले ओसारपसार प्रक्रिया र ओसारपसार केन्द्रमा छलकपट बाहेक कुनै पनि बलजफती वा र्दुव्यवहार भएको पाएन। यो पीडितहरूले यात्राको अवधिमा समेत दुर्व्यहार व्यहोर्दछन् भन्ने Motus (2004) ले गर्नुभएको दाबीभन्दा फरक रहेको छ। यस अध्ययनले छनौटदेखि ओसारपसार प्रक्रियासम्म छलकपट र धोकापूर्ण योजना नै बेचबिखनकर्ताको मुख्य चाल रहेको पायो।




MT: पुरुष बेचबिखनकर्ता
FT: महिला बेचबिखनकर्ता
S: प्रभावित
SC: प्रभावित छोरी
CMT: पुरुष सह–बेचबिखनकर्ता
BCH: सीमा पार गराउने सहयोगी
TRP-1: सीमा पार गर्नु अघिको ओसारपसार केन्द्र
TRP-2: सीमा पार गरी सके पछिको ओसारपसार केन्द्र
TRP-3: केटाकेटीहरुलाई परिपक्क नहुदाँसम्म हुर्काइने केन्द्र
TRPH-1: सीमा पार गर्नु अघिको ओसारपसार केन्द्र सहयोगी
TRPH-2: सीमा पार गरी सके पछिको ओसारपसार केन्द्र सहयोगी
MP-1: पीडितहरुलाई खरिद गर्ने र परिपक्क नहुदाँसम्म उनीहरुलाई ओसारपसार केन्द्रमा हुर्काई उनीहरुलाई गन्तव्यमा बिक्रि गर्ने बिचौलिया
MP-2: पीडितहरुलाई खरिद गरी उनीहरुलाई भारत वा विदेश (अध्ययनमा खाडी देशहरु देखिएको) गन्तव्यमा बिक्रि गर्ने बिचौलिया
नोटः पुरुष र महिला संकेतको आकारले सम्बन्धित जातिको बढी लैङ्गिक संलग्नताको संख्यालाई जनाउँछ

*चित्र ३ः छनौट, ओसारपसार र ओसारपसार केन्द्रहरु नक्शांकन*

## ६.७.२ ओसारपसार केन्द्रहरु

यो खण्डले पीडित वा प्रभाववितहरूलाई कहाँ राखिन्छ, ती स्थानहरूको विशेषताहरू, अवधि र उनीहरूले त्यहाँ के गरे भन्ने देखाउन यात्रा अवधिका ओसारपसार केन्द्रहरूको बारेमा वर्णन गर्दछ । चित्र ३ अध्ययन गरिएका घटनाहरूको आधारमा सामान्यीकरण गरिएको नक्शांकन[२५] हो । यसले सीमा पार गर्नुअघि बेचबिखनकर्ताहरूले एकदेखि तीनवटासम्म ओसारपसार केन्द्रहरूको प्रयोग गर्ने र सीमा पार गरिसके पश्चात गन्तव्यमा पुग्न एकदेखि चारवटा ओसारपसार केन्द्रहरूको प्रयोग गर्ने गरेको देखाउँछ । यस अध्ययनले ओसारपसार केन्द्रहरूमा साधारणतया बिताउने अवधि निम्नानुसारको प्रवृतिमा रहने गरेको देखाउँछः एकदेखि दुई दिन, चारदेखि पाँच दिन, दशदेखि तीस दिन, एकदेखि पाँच महिना, अधिकतम दुई वर्ष । प्रायः छोटो अवधिको ओसारपसार केन्द्रहरूको बसाई एकदेखि पाँच दिनको, मध्यमखालको बसाई दशदेखि तीस दिनको र अन्तमा लामो अवधिको बसाई एक महिनादेखि दुई बर्षसम्मको हुन्छन् ।

छोटो अवधिको ओसारपसार केन्द्रहरू प्रायः जसो आराम गर्न, खाना खान, नुहाउन र अर्को चालको योजना गर्न प्रयोग गरिन्छन् । यो पीडितहरूको सपनालाई उत्तेजित तुल्याउन र उनीहरूलाई बेचबिखनकर्ताहरूसँग यात्रा जारी राख्नका निम्ति हतास नतुल्याउनको लागि उत्तम समय हो । यी ओसारपसार केन्द्रहरूमा बेचबिखनकर्ताहरूले पीडितहरूलाई सुरक्षाकर्मीहरू र नचिनेका मानिसहरूसँग कसरी व्यवहार गर्ने र उनीहरूलाई के जवाफ दिने भन्ने अभिमूखीकरण समेत गर्दछन् । उनीहरूको बसाई अवधिमा पीडितहरूलाई खुसी पार्न, बेचबिखनकर्ताहरूले कपडाहरू र यात्रामा चाहिने अन्य आधारभूत सामानहरू पनि किनिदिन्छन् ।

[२५] छनौटमा पुरूष बेचबिखनकर्ताहरू प्रभावी हुने गरेको भएपनि छनौट प्रक्रियाको अवधिमा पुरूष (MT) र महिला (FT) दुवै सक्रिय थिए । बेचबिखनकर्ताले प्रभावितहरू (S) र कहिलेकाँही आफ्नो केटाकेटीहरू (SC) को छनौट गर्दछन् । ओसारपसारको अवधिमा साधारणतया पुरूष वा महिला बेचबिखनकर्ता एक्लैले प्रभावितहरूलाई गन्तव्यसम्म ओसारपसार गर्दछन् यद्यपि कहिलेकाँही उनीहरूले समूहको रूपमा सह–बेचबिखनकर्ता (CMT) हरूको साथ पाएका हुन्छन् । साधारणतया यी सह–बेचबिखनकर्ताहरू पुरूष थिए । बेचबिखनकर्ताहरूले सीमा पार गर्नु अघि एकदेखि तीनवटा ओसारपसार केन्द्रहरू (TRP-1) को प्रयोग गर्दछन् । ओसारपसार केन्द्र आकस्मिक, होटल वा उनीहरूले चिनेका कुनै व्यक्ति (TRPH-1) को आफ्नै वा उनीहरूले भाडामा लिएको स्थानहरू हुन सक्छन् । अन्तर्राष्ट्रिय सीमा पार गर्नु रणनीतिक कार्य हो । यसकारण बेचबिखन कर्ताहरूले सिमा पार गर्नका निम्ति बेचबिखनको बारेमा थाहा भएका व्यक्तिहरू (BCH) को वा स्थानीयहरू (जसलाई बेचबिखनको बारेमा केही थाहा छैन ।) को सहयोग लिन सक्दछन् । यद्यपि सबै बेचबिखनकर्ताहरू सीमा पार गर्दा सहयोग लिदैनन् । उनीहरूले बेचबिखनको बारेमा थाहा भएका व्यक्ति (BCH) को सहायता बिना पनि सीमा पार गर्ने जोखिम उठाउन सक्दछन् । सीमा पार गरिसके पछि उनीहरू (पुरूष वा महिला बेचबिखनकर्ता एक्लै वा समूहमा बेचबिखनकर्ताहरू) ले गन्तव्यमा नपुग्दा सम्म फेरी एकदेखि चार वटासम्म ओसारपसार केन्द्रहरू (TRP-2) को प्रयोग गर्दछन् । यहाँ पनि केही ओसारपसार केन्द्रहरू आकस्मिक हुन्छन् भने अन्य चिने जानेका व्यक्तिहरू वा बिचिलियाहरू (TRPH-2) लेसञ्चालन गरेका हुन्छन् । पीडितहरूलाई बिक्री गरिने अन्तिम चरण तीन तरीकाबाट हुन्छः १) बेचबिखनकर्ताले सिधै वेश्यालयमा बिक्री गर्नु २) बिचौलिया (MP-1) लाई बिक्री गर्नु, जसले ओसारपसार केन्द्रहरू (TRP3) मा पीडितको पालनपोषण गर्दछन् र पछि पीडितलाई वेश्यालयमा बिक्री गर्दछन्, र ३) बेचबिखनकर्ताले बिचौलिया (MP-2) लाई बिक्री गर्दछन् जसले पीडितहरूलाई सिधै वेश्यालयमा बिक्री गर्दछन् (वा अर्को बिचौलियालाई बिक्री गर्दछन् वा भारतभन्दा बाहिर अन्य देशमा बिक्री गर्दछन् ।)

मध्यमखालको ओसारपसार केन्द्रहरू साधारणतया ओसारपसार प्रक्रियामा बाधा उत्पन्न भएमा प्रयोग गरिन्छ (जस्तो कि कागजपत्रहरू अपुरो हुनु, सुरक्षा जाँच कडा हुनु, योजनाहरू अव्यवस्थित हुनु, अन्य बेचबिखनकर्ताहरूलाई पर्खनु आदि) । यस अवधिमा गरिने सामान्य गतिविधिहरू छोटो अवधिको ओसारपसार केन्द्रको जस्तै हुन्छन् । यस अवधिमा पीडितहरूलाई निश्चित बिन्दुभन्दा पर हिँडडुल गर्न निषेध गरिन्छ । कहिलेकाही मध्यमखालका ओसारपसार केन्द्रहरू बेचबिखनकर्ताले उपयुक्त ग्राहक वा आकर्षक मुल्य नपाउँदासम्म पीडितहरूलाई राख्न समेत प्रयोग गरिन्छ ।

लामो अवधिको ओसारपसार केन्द्रहरूमा कम उमेरका केटाकेटीहरूलाई उनीहरू शारीरिक रुपमा परिपक्क उमेरका नहुँदासम्म हुर्काइन्छ र उनीहरूको शारीरिक बनौटलाई आकर्षक स्वरूपमा परिमार्जन गर्न औषधीहरू दिइन्छ । यसले प्रत्येक युवती र कम उमेरका केटीहरूलाई सजिलै फकाउन र ओसारपसार गर्न सकिने र ओसारपसार केन्द्रहरुमा राखेर पछि बेच्न सकिने भएकोले उनीहरू जोखिमपूर्ण अवस्थामा रहेको जनाउँछ । साधारणतया पीडितहरूलाई आरामदायक वातावरणमा राखिन्छ र केही पीडितहरू नियमित घरायसी कार्यहरुमा समेत लाग्दछन् । यी केन्द्रहरूमा कम उमेरका अन्य केटीहरू समेत ल्याएर राखिने भएकोले यी केन्द्रहरू केटाकेटीहरू हुर्काउने थलो समेत भएको देखिन्छ । आवश्यकता र अवस्था अनुसार उनीहरू हुर्कने यस अवधिमा यी केटीहरूलाई यही राख्न वा अन्य विभिन्न स्थानहरुमा ओसारपसार गर्न सकिन्छ । अघि चर्चा गरिए झै, ओसारपसार र ओसारपसार प्रक्रियाको कुनै पनि चरणमा उनीहरूलाई यौन शोषण र दुर्व्यवहार गरिएको देखिदैन । प्रायः जसो उनीहरूलाई शारीरिक रुपमा परिपक्क उमेर नपुग्दासम्म राम्रो व्यवहार गरिन्छ ।

यी ओसारपसार केन्द्रहरू साविक कै स्थानमा वा ओसारपसार प्रक्रियाको आवश्यकता अनुसार परिवर्तन समेत हुनसक्छन् । प्रायः यस्ता केन्द्रहरू निजी होटलहरू वा बेचबिखनकर्ताहरूको साथीहरूको अपार्टमेन्ट वा भाडाका कोठाहरूमा अवस्थित हुन्छन् । यस अध्ययनका उत्तरदाताहरूलाई ओसारपसार गर्दा दुवैप्रकारका ओसारपसार केन्द्रहरूको समानरुपमा प्रयोग गरिएको थियो । धेरै घटनाहरूमा चाखलाग्दो विषय के देखियो भने विशेषगरी लामो अवधिको ओसारपसार केन्द्रहरूको रूपमा प्रयोग गरिएका साथीहरूको अपार्टमेन्ट वा कोठाहरूमा बेचबिखनकर्ताहरुको साथीहरूको परिवार समेत बस्ने गरेको पाइयो । त्यहाँ श्रीमान, श्रीमती र उनीहरूका साना केटाकेटीहरू समेत थिए । यस स्थानका मालिकहरू प्रायः नेपालीहरू नै थिए । यसप्रकार बेचबिखनकर्ताहरूका परिवारका सदस्यहरू र उनीहरूका साथीहरूलाई समेत बेचबिखिनको बारेमा थाहा हुने गरेको र उनीहरूले बेचबिखनलाई सहजता प्रदान गर्न सहयोग गरेको देखिन्छ ।

### ६.७.३ गन्तव्यहरु

गन्तव्य स्थानहरूको सम्बन्धमा यस अध्ययनमा उत्तरदाताहरूको अन्तिम गन्तव्य भारत (विशेषगरी कलकत्ता, दिल्ली, मुम्बई, सिलगुडी र दक्षिण भारत) थियो तर केहीले भारत भएर खाडी मुलुकहरूको समेत भ्रमण गरेका थिए । आन्तरिक बेचबिखन भने नेपाल भारतको सीमा नजिकका क्षेत्रहरूमा पनि हुने गर्दछ ।

### ६.७.४ ओसारपसार अवधिको खर्च

विशेषरूपमा बेचबिखन प्रक्रियाबाट प्राप्त नाफाले नै बेचबिखनकर्ताहरूको प्रयत्नहरू र उत्प्रेरणालाई चलायमान बनाउँछ । Glont (2004) का अनुसार अवैधानिक लागू पदार्थको ओसारपसार र हतियारको बेचबिखनभन्दा मानव शोषणको क्षेत्र सुरक्षित र नाफामूलक छ । यससँग सम्बन्धित माग र नाफाको मात्राले बेचबिखनकर्ताहरूलाई मानव बेचबिखनका लागि कुनै पनि साधन र छलकपट वा बल प्रयोग गर्न उत्प्रेरित गर्दछ । यसकारण भनिन्छ कि “प्राप्त गर्ने बढी नाफाका कारण अपराधका उपायहरूमा बेचबिखनकर्ताहरू अझ बढी सिर्जनात्मक बन्दछन्” (Lutya and Lanier, 2012: 566) ।

यस अध्ययनका अनुसार बेचबिखनकर्ताले छनौट र ओसारपसार प्रक्रियामा लागेको सम्पूर्ण खर्च तिर्दछ । छनौट र यात्राको चरणहरूमा सबै खर्चहरू जस्तै खाना, बास खर्च, यातायात, कागजात बनाउदा लाग्ने खर्च, पीडितलाई लत्ताकपडा आदि बेचबिखनकर्ताहरूले नै ब्यहोरेको पाइयो । मुख्य सूचनादाताका अनुसार बेचबिखनकर्ताहरूले यौनजन्य बेचबिखनमा लगभग ने.रू. ४०,००० (अन्दाजी ३७० अमेरिकी डलर) र वैदेशिक रोजगारीको लागि ने.रू. १,५०,००० (अन्दाजी १,३८८ अमेरिकी डलर) सम्म खर्च गर्दछन् ।

अर्कोतर्फ, नेपालको सन्दर्भमा Hudlow (2016) ले बेचबिखनकर्ताहरूको खर्च र आम्दानीको विश्लेषण गरेका छन् र उनको दाबी के छ भने अहिलेको सन्दर्भमा कम नाफा र दोषी ठहरिएमा ठूलो जरिवना तिर्नु पर्ने भएकोले नेपालमा बेचबिखनकर्ता बन्ने निर्णय ‘खराब छनौट’ बन्दैछ ।

### ६.७.५ ओसारपसार चरणको समय र समयावधि

औसतमा बेचबिखनकर्ता र प्रभाववितको लागि सीमासम्म पुग्न करीब एकदेखि तीन दिनसम्म र गन्तव्यमा पुग्न अतिरिक्त दुईदेखि तीन दिन लाग्ने गरेको पाइयो । यसकारण औसतमा यात्राले करिब पाँच दिन लिने गरेको छ । कहिलेकाँही यदि ओसारपसार प्रक्रियामा कुनै कमजोरी भएमा वा पीडितहरूलाई लामो अवधिको ओसारपसारकेन्द्रहरूमा राखिएको अवस्थामा यो प्रक्रियाले छ महिनादेखि दुई वर्षसम्म पनि लिन सक्छ (खण्ड ६.७.२ हेर्नुहोस् ।) । उत्तरदाताहरूका अनुसार अप्रिलदेखि अगष्ट र अक्टोवरदेखि नोभेम्वर महिनाहरू प्रभावितहरु सबैभन्दा बढी प्रस्थान हुने महिनाहरू थिए । (यस अध्ययनका उत्तरदाताहरू बेचबिखनमा परेको समय भूकम्प अघिको समय भएकोले नेपालमा सन् २०१५ को भूकम्पपछि बढेको बेचबिखनलाई यस अध्ययनमा समावेश गरिएको छैन ।)

यसका बावजुत प्राप्त सूचनाहरूको आधारमा यस अध्ययनले कसरी अक्टोवर–नोभेम्वर अवधिका महिनाहरू बेचबिखनसँग बढी सम्बन्धित (एक संयोग वा रणनीतिक रूपमै) थिए भन्ने सन्दर्भमा यथेष्ट प्रमाणहरू प्राप्त गर्न सकेको छैन । समूहगत छलफल र मुख्य सूचनादाताहरूका अनुसार यी महिनाहरूमा केही अन्तरसम्बन्ध देखियो । यो समय हिन्दुहरूको वर्षकै सबैभन्दा ठूलो पर्व दशैंको समय भएकोले यसबेला देशमा मानिसहरूको आवतजावत बढी हुने गर्दछ । यस समयमा मानिसहरू विदेशबाट समेत घर फर्कन्छन् । बढ्दो आवतजावतले गर्दा नौला मानिसहरू लगायत विभिन्न पृष्ठभूमिका मानिसहरू सम्पर्कमा आउँदछन् । बेचबिखनकर्ताहरू र सम्भावित पीडितहरूको बीचका यस्ता परस्पर सम्बन्ध बढ्दै जाँदा भेटघाट र सञ्चारको आदान प्रदानमा बदलिन सक्छ । यस्ता घटनाहरूले बेचबिखनकर्ता र पीडितबीचमा पहिलो चरणको सम्बन्ध स्थापित गर्नका लागि सहज तुल्याउने भूमिका खेल्दछन् ।

## ६.८ ओसारपसार अवधिमा प्रयोगहुने चालहरू

यस अध्ययनअनुसार प्रभाववितहरूको छनौट र ओसारपसारको सम्बन्ध र सिकाईमा बेचबिखनकर्ताहरू नै विशेषज्ञ हुन्छन् । प्रभावितहरूको भूमिका भने बेचबिखनकर्ताहरूले उनीहरूलाई जे भन्यो त्यही मान्ने कठपुतलीको जस्तो हुने गरेको यस अध्ययनले देखाउँछ । खण्ड ६.३ ले उनीहरूले किन यस्तो शैलीको व्यबहार देखाउँछन् भन्ने प्रष्ट्याउँछ । त्यस्तै, कहिलेकाँही पीडितहरूको लापरवाहीपन र निर्दोषपनाले ओसारपसारको प्रक्रियामा बेचबिखनकर्ताहरूको कामलाई सजिलो बनाइदिन्छ ।

### ६.८.१ प्रभाववितलाई शक्तिविहीन बनाउनु

प्रभाववितहरूलाई नियन्त्रणमा राख्न यो साझा कार्यनीतिको रूपमा रहेको पाईन्छ । बेचबिखनकर्ताहरूले प्रभावितको कमजोरीहरू र गल्तीहरूलाई बढी महत्व दिई निरन्तर रूपमा बढाइचढाई गर्दछन् र यसलाई उनीहरूको कमजोरीसँग जोड्दछन् । यसबाट प्रभावितको विश्वास र आत्मसम्मानलाई चकनाचुर पारी उनीहरूलाई बेचबिखनकर्ताले पूर्णरूपमा नियन्त्रणमा लिन सक्दछन् । कुनै घटनामा एकजना प्रभावितले ओसारपसार गरिराखिएको अवस्थामा बेचबिखनकर्तालाई सोधिन्: *"तपाईले पहिले भने अनुसार गन्तव्य नजिक थियो । किन हामीहरू टाढा जाँदैछौं ?"* उत्तरदाताका अनुसार बेचबिखनकर्ताले यस्तो जवाफ दिए: *"नेपालमा महिलाको लागि काम छैन । यसमाथि पनि तिमीहरु अशिक्षित छौ । यहाँ तिमीहरूलाई कसले काम दिन्छ? नेपालमा काम पाउन ज्यादै गाह्रो छ त्यसकारण हामीहरू भारत जानु पर्छ ।"* ती महिलाले अझै छानबिन गर्ने कोशिस गरेकी थिइन् तर बेचबिखनकर्ताले उनको कमजोरीहरूलाई महत्वका साथ दर्शाई दिदा उनी चुप लाग्नुपर्‍यो (महिला र अशिक्षित हुनुको कारणले गर्दा) र बेचबिखनकर्ताले भने अनुसार मान्दै गइन् । त्यस्तै एकजना केटी आफ्नो घरबाट भागेकी थिइन् । उनले आफ्नो गल्ती महसुस गर्दै घर फर्कन कोसिस पनि गरिन् । तर बेचबिखनकर्ताले उनको कमजोर पक्षलाई देखाउन सक्षम भयो र उनलाई पूर्णरूपमा नियन्त्रणमा राख्यो । उनले भनिन्: *"जब मैले घर छाडे र पहाडको टुप्पोमा पुगें, मलाई नराम्रो महसुस भइरहेको थियो र घर फर्कनु पर्छ भन्ने लाग्यो । तर बेचबिखनकर्ताले तिमी आफ्नो घरबाट यति टाढा आइसक्यौ कि यस अवस्थामा यदि तिमी घर फर्कियौ भने तिमीलाई कलंकित तुल्याइनेछ र तिमीलाई परिवार र समाजले स्विकार गर्नेछैन भन्यो । यो भनाईले मेरो दिमाग फेरी परिवर्तन भयो ।"* बेचबिखनकर्ताहरूले प्रभावितहरूको सानो गल्ती र कमजोरीहरूलाई पनि बढाईचढाई गर्छन् र उनीहरूलाई निरीह तुल्याउँछन् ।

### ६.८.२ पीडितहरूको लागि सूचनाको प्रवाहलाई सीमित गर्नु

बेचबिखनकर्ता एक पटकमा सीमित सूचनाहरू प्रवाह गरेर प्रभावितहरूलाई अलमल र अनिश्चित तुल्याउनुमा रमाउँछन् । अध्ययनमा देखिए अनुसार यो नै बेचबिखनकर्ताहरूको मुख्य बल हो । प्रभावितहरूलाई बाहिरीयाहरूले प्रश्न गरे उनीहरूलाई कसरी प्रतिक्रिया दिने भन्ने पनि सिकाइन्छ तर बेचबिखनकर्ताहरूले किन यस्तो कुरा गरिराखेका छन् भन्ने उनीहरुहरूलाई जानकारी हुँदैन । यसकारण प्रभावितहरू जति धेरै अलमलमा पर्दछन् उति नै बेचबिखनकर्ताहरूको कडा नियन्त्रणमा पुग्छन् ।

### ६.८.३ ओसारपसारमा गैरकानुनी पदार्थ र औषधीहरु प्रयोग गर्नु

यस अध्ययनमा बेचबिखनकर्ताहरूले प्रभावितहरूलाई छलकपटपूर्ण तरीकाले गैरकानुनी पदार्थहरूको ओसारपसारमा समेत प्रयोग गरिरहेको पाइयो । यस्तै दुईवटा घटनाहरूमा प्रभावितहरूलाई बसपार्क र रेलस्टेसनमा चिसो पेय पदार्थ र मिठाईहरू दिइयो, र त्यस पछि उनीहरू अर्ध बेहोस भए । जब उनीहरू होसमा आए उनीहरूले सीमा वा यात्राको मुख्यखण्ड पार गरिसकेका थिए । बेचबिखनकर्ताले यात्रामा मानिसहरू धेरै निदाउँछन् भन्दै उनीहरूले के गरे भन्ने कुरा लुकाए ।

### ६.८.४ पीडितले शंका गर्न शुरू गरे अझै क्रियाशिल हुनु

बेचबिखनकर्ताहरूको सीपहरू र रणनीतिहरू सधै प्रभावितहरूको ज्ञानभन्दा बढी हुन्छ । बेचबिखनकर्ताले उनीहरूप्रति प्रभावितको शंकालाई छिटै अन्दाज गर्दछन् र तुरून्तै भन्छन् कि उनीहरू खराब मानिसहरु होइनन् । उनीहरूले कुराकानी यसप्रकार शुरू गर्दछन्: *"के हामीहरूले तिमीहरूलाई समस्यामा पार्छौं होलां? के हामीहरूको दिदीवहिनी, आमा, श्रीमती र बालबच्चाहरू छैनन्? के हामी एक्लै छौ? तिमीहरु जस्ता बच्चाबच्ची भएका मानिसहरुलाई के हामीले समस्यामा पारौला? हामीहरूले कामको लागि प्रयाप्त मानिसहरू पाउँछौ* (यस घटनामा, जडिबुटी आपूर्ति गर्ने काम) *। हामीहरूले तिमीलाई कठीन अवस्थामा देख्यौ यसकारण तिमीलाई काम दिएका हौं ।"* बेचबिखनकर्ताहरूप्रति पीडितहरूको शंकालाई निवारण गर्न ओसारपसार प्रक्रियालाई सहज तुल्याउन यसप्रकारको क्रियाशीलता लिइएको पाइयो ।

### ६.८.५ रात्रीको समयमा ठाउँ छाड्नु

बेचबिखनको ओसारपसार प्रक्रियाको योजना बनाउँदा दिन र रातीको दुबै समय समान रूपमा प्रयोग भएको हामीहरूले पत्ता पायौं । ठाउँ छोड्ने उपयुक्त समयको सम्बन्धमा कुनै निश्चित ढाँचा देखिएन । यद्यपि, रातीको समयमा ठाउँ छाड्दा बेचबिखनकर्ताहरूलाई फाइदा पुग्ने देखिन्छ । एउटा घटनामा बेचबिखनकर्ताले दुईजना केटीहरूलाई रातीको समयमा ठाँउ छाड्न राजी बनाए । केटीहरू शहरी इलाकाहरूको बारेमा नौला थिए र आफ्नो जीवनमा त्यति धेरै यात्रा गरेका थिएनन् । उनीहरू रात्री बस चढे । उनीहरूलाई पोखरा (काठमाडौं देखि पश्चिम) जादैछौं भनियो तर उनीहरूको यात्रा नेपाल–भारत सीमाको सुनौली (काठमाडौंदेखि दक्षिण पश्चिम) को रेल स्टेसन नजिक पुगेर टुंगियो । प्रभाववितहरूले जनाए अनुसार रात्रीको समयमा बस कहाँ जाँदैछन् भन्ने उनीहरूलाई कुनै पत्तो थिएन ।

### ६.८.६ शुरूवातदेखि अन्तिम गन्तव्यसम्म एकै व्यक्तिलाई प्रयोग गर्नु

यो अध्ययनमा साधारणतया सबै घटनाहरूमा एक पटकमा एक वा केही जोडी प्रभावितहरूको छनौट भएको र ओसारपसार प्रक्रियामा एकै व्यक्ति संलग्न भएको पाइयो । बेचबिखनकर्ताहरूले ओसारपसार केन्द्रहरूमा मात्र अन्य कर्ताहरूबाट खाना र बासको लागि सहयोग लिएको र केही घटनाहरूमा स्थानीय मानिसहरूबाट अन्तर्राष्ट्रिय सीमा पार गराउन सहयोग प्राप्त गरेको पाइयो । बेचबिखनकर्ताहरू मात्रै पूर्णरूपमा प्रभाववितहरूलाई र आवश्यक परेमा परिवारलाई फकाउन, उनीहरूलाई ओसारपसार गर्न र वेश्यालय वा वेश्यालयहरूका सञ्जालहरूमा हस्तान्तरण गर्न जिम्मेवार थिए । मुख्य सूचनादाताको अन्तर्वार्ताबाट के थाहा पाइयो एउटै व्यक्तिको संलग्नता हुँदा पीडितलाई कम शंका हुन्छ र उनीहरूलाई अन्तिम गन्तव्यमा नपुग्दासम्म विभिन्न चरणहरूमा अन्जान व्यक्तिसँग जानुभन्दा चिनेको एउटै व्यक्तिसँग जान सहज अनुभव हुन्छ । यौनजन्य बेचबिखन धेरै कर्ताहरू र स्पष्टताका साथ संगठीत वृहद स्तरको सञ्जालको साटो केही हदसम्म व्यक्तिगत रूपमा सञ्चालन भइरहेको यस अध्ययनले देखायो ।

### ६.८.७ ओसारपसार प्रक्रियामा एकभन्दा बढी बेचबिखनकर्ता संलग्न हुनु

ओसारपसार चरणमा लगभग पाँचमा दुई घटनाहरूमा दुईदेखि चारजनासम्म बेचबिखनकर्ताहरूले पीडितलाई साथ दिएको पाइयो । कहिलेकाँही महिला बेचबिखनकर्ताहरूले समूहलाई साथ दिएका दिए । तथ्याङ्कहरूले उनीहरूको विशेष भूमिका र जिम्मेवारीको बारेमा प्रयाप्त सूचना नदिए पनि अन्य महिलाले यात्रालाई साथ दिदा प्रभावितहरूको निम्ति यात्रा सहज हुन सक्छ । यदि एक समयमा एकभन्दा बढी बेचबिखनकर्ता भएमा यसले ओसारपसार प्रक्रियालाई सजिलो र सुरक्षित बनाउँछ ।

### ६.८.८ एक समयमा एउटै व्यक्ति वा सानो समूहलाई मात्र लिनु

बेचबिखनकर्ताहरूले सानो समूह वा एक समयमा एउटामात्र प्रभावित छनौट गर्न इच्छुक देखिन्छन् । चारवटा घटनाहरूले देखाए अनुसार तीनमा दुईजना प्रभावितहरू एकै समयमा ओसारपसार गरिन्छन् र प्रायः जसो घटनाहरूमा छनौट र ओसारपसारमा एकै व्यक्ति छानिएको थियो । ठूलो समूहहरूमा भन्दा कम व्यक्तिहरूसँग यात्रागर्दा जोखिमता कम हुन्छ । ठूलो समूहमा प्रभावितहरूले उनीहरूको सूचना एक अर्कासँग साटफेर गर्ने बढी सम्भावना रहन्छ र कहाँसम्म भने यदि उनीहरूमा शंका भएमा उनीहरू एकताबद्ध भई बेचबिखनकर्ता बिरुद्ध जाइलाग्ने सम्भावना समेत रहन्छ । एउटा आकस्मिक घटना यस्तै घटनासँग मिल्दछ जहाँ दुईजना प्रभावितलाई लगिदै थियो र एकजनाले धेरै मानिसहरूसँग प्रत्येक स्थानहरूको बारेमा सोधपुछ गर्दै बहादुरीपूर्ण व्यवहार गरिरहेकी थिइन् । बेचबिखनकर्ताले उनको व्यवहार धम्कीपूर्ण र असुरक्षित पाए, र पहिला उनीबाट छुटकारा पाउने कोसिस गरे । पछि तिनलाई नै पहिला बिक्री गरिदिए । जब पीडित एक्लै हुन्छन् र नौलो स्थानमा यात्रा गरिराखेका हुन्छन्, पूर्णरूमा बेचबिखनकर्तामा भर पर्दछन् किनकी बेचबिखनकर्ता नै उनीहरूले चिनेको एउटै व्यक्ति हुनेगर्छ । यस अवस्थाले बेचबिखनकर्तालाई पीडितमाथि पूर्ण नियन्त्रण राख्न अवसर प्रदान गर्दछ ।

### ६.८.९ प्रभावितलाई प्रत्येक अस्थायी गन्तव्यहरूमा भरोसा दिलाउनु

प्रभावितलाई उनीहरूको थलोबाट गन्तव्यसम्म ओसारपसार गर्दा चरणबद्ध रूपमा भरोसा दिलाउनु उनीहरूलाई अलमलमा पार्ने सबैभन्दा राम्रो रणनीति हो । बेचबिखनकर्ताहरूले पीडितहरू समक्ष अन्तिम गन्तव्यलाई गोप्य राख्दछन् र उनीहरूलाई जसरी पनि पहिलो गन्तव्यमा पुऱ्याउन छलकपट गर्दछन् । पहिलो गन्तव्यमा पुगिसकेपछि सोचेको झै नभएको भन्दै बेचबिखनकर्ताहरू फेरी छलकपट गर्दछन् र प्रभावितलाई अर्को गन्तव्यमा जान राजी गराउँछन् । बेचबिखनकर्ताहरूले उनीहरूलाई अन्तिम गन्तव्यमा नपुग्दासम्म अर्को केन्द्र र फेरी अर्को केन्द्रमा जान बारम्बार सम्झाउँदछन् । यी चालहरूले गर्दा पीडितहरू अलमलमा परी यात्रा जारी राख्ने की नराख्ने र बेचबिखनकर्तासँग जाने कि घर फर्कने भन्नेमा अलमल पर्दछन् । तर तथ्याङ्कहरूका अनुसार उनीहरूले बेचबिखनकर्ताहरूसँग यात्रा जारी राख्दछन् ।

प्रभावितहरूलाई उनीहरूसँग कुनै बिन्दुबाट यात्रा जारी राख्न सहमत बनाउन बेचबिखनकर्ताहरू चतुर हुन्छन् । यो घटनाले यस बिषयमा अझै प्रष्ट पार्दछः *"यदि हामीहरूले जडिबुटी नेपाल–भारत सीमाको काँकडभित्तासम्म ओसार्न सहयोग गरेमा उनीहरू* (बेचबिखनकर्ता) *ले ने.रू. ३०,०००* (अन्दाजी २७७ अमेरिकी डलर) *तिर्ने बाचा गरे । हामीहरू त्यहाँ पुगीसके पछि उनीहरूले केही कारणले गर्दा खरिददाता सामान लिन आउनसकेन भने । उनीहरूले नम्रतापूर्वक हामीहरूलाई सामान खरिददाताको स्थानमा पुऱ्याईदिन अनुरोध गरे र यदि हामीहरू उनीहरूसँग यात्रा जारी राखे थप ने.रू. ३०,००० दिने बाचा समेत गरे । हामीहरू ट्याक्सी र त्यसपछि रेलबाट कलकत्ता* (भारत) *पुग्यौं । कलकत्ता पुगेपछि हामीहरूलाई फेरी अर्को स्थानमा लगियो । त्यसस्थानमा पुगेपछि* (अर्को गन्तव्य) *उनीहरूले फेरी त्यही कुरा दोहोऱ्याए - खरिदकर्ता आज*

*आउँदैन र हामीहरू होटेल फर्कियौं । वेश्यालयबाट गोप्यरूपमा मलाई हेर्न र मुल्यमा मोलमोलाई गर्न त्यहाँ* (अन्तिम गन्तव्य) *मानिसहरू आएका रहेछन् । पछि मैले अनुभव गरें कि म बिक्री भैसकेको रहेछु । सबै व्यवस्था पहिल्यै मिलाइएको थियो र उनीहरू ने.रू. १,००,०००* (अन्दाजी ९२५ अमेरिकी डलर) *पेश्कीको रूपमा तिरे ।"*

यी सबै प्रकारका घटनाहरूमा प्रभावितले बेचबिखनकर्ताहरूसँग यात्रा जारी राख्ने निर्णय गरेको पाइयो । त्यस्तै लामो यात्राको क्रममा बेचबिखनकर्ताहरूले लगातार रूपमा *"हामीहरू गन्तव्यमा पुग्नै लाग्यौं"* वा *"गन्तव्य नजिकै छ । केही हुँदैन । चिन्ता गर्नु पर्दैन"* भन्दै प्रभावविततलाई शान्त पारेको पाइयो । यात्राको क्रममा पीडितहरूलाई शान्त बनाउने यी सामान्य शब्दहरू धेरै बनावटी थिए । त्यस्तै यात्रामा साथ दिइराखेका सह–बेचबिखनकर्ताले पनि उनीहरू सही मानिससँग आएकाछन्, सही मानिसहरूको हातमा छन् र सही ठाउँमा जादैछन् भन्दै पीडितहरूलाई प्रभावित पारेको पाइयो । यसले बेचबिखनकर्ताहरूप्रति पीडितहरूको विश्वासलाई बढाउँछ । बेचबिखनकर्ताहरूले पीडितहरूलाई यदि उनीहरूसँग मोवाइल फोन भएमा सोबाट र अन्य कुनै पनि सञ्चारबाट अलग राख्न कोसिस गरेको अध्ययनबाट देखियो ।

### ६.८.१० यात्रामा सुरक्षा कर्मचारीसँग जम्काभेट

बेचबिखनकर्ता र प्रभावितहरू यात्राका क्रममा प्रहरी अधिकृतहरू र सोधपुछका लागि राखिएका उद्धारकर्ता संस्थाहरूको सीमा चेकजाँच पोष्टहरूको सामु आएको र उनीहरूले सीमा पार गर्न रोकेको धेरै घटनाहरू यस अध्ययनले देखाउँछ । तिनमा एकभन्दा बढी घटनाहरूमा बेचबिखनकर्ताहरूको सुरक्षा कर्मचारीहरूसँग जम्काभेट भएको पाइयो तर बेचबिखनकर्ताहरूको चलाखीले र पीडितहरूको नाजुक गल्तीहरू (बिस्तृतमा माथि व्याख्या गरिएको) को कारणले गर्दा धेरैले यहाँबाट सीमा पार गर्ने अनुमति पाएको पाइयो । दुईवटा घटनाहरूमा मात्र सुरक्षाद्वारा पर्याप्त शंका गरिएको पाइयो र यात्रीहरूलाई सीमा पारगर्न दिइएन । केरकार पछि उनीहरू पहिलो कोसिसमा सीमा पार गर्न असमर्थ भए पछि एकजनाले तेस्रो कोसिसमा सीमा पार गर्न सफल भयो र अन्य दुईजनाले अन्य स्थानहरूबाट सीमा पार गरे । यसले एकातर्फ बेचबिखनलाई कम गर्न सुरक्षा कर्मचारीहरू परिचालित देखिन्छन् तर अर्कोतर्फ उनीहरूको प्रयासहरू प्रयाप्त नभएको देखाउँछ किनकि धेरै घटनाहरूमा बेचबिखनकर्ताहरू फुत्कन सफल भइरहेका छन् भने कतिपय घटनाहरूमा उनीहरूलाई प्रहरीले केरकार समेत गरेको पाइदैन ।

### ६.८.११ भूगोलको बारेमा शुन्य सचेतना

आधाभन्दा बढी उत्तरदाताहरूका अनुसार प्रभावितहरूलाई उनीहरू नेपाल–भारत सीमा पार गर्दैछन् भन्ने थाहा थिएन । उनीहरूले बेचबिखनकर्ताहरूले भने अनुसार गरे । प्रभावितको भूगोलसँग सम्बन्धित सीमित ज्ञान यस्तै एउटा घटनाले स्पष्ट देखाउँछ । उनी भन्छिन् कि उनलाई तब झड्का लाग्यो जब सीमा क्षेत्रको बुथमा उद्धारमा खटिएका कर्मचारीहरूले उनलाई रोके र यो सूचित गरे कि उनी काठमाडौं (जहाँ उनी बेचबिखनकर्तासँग जान चाहन्थिन्) मा नभएर नेपाल–भारत सीमामा पुगेकी छिन् । सबै घटनाहरूले उस्तै ढाँचा देखाउँछ । प्रभावितहरूमा उनीहरू पुगेको ठाउँको बारेमा कुनै जानकारी थिएन । यदि उनीहरूलाई भनिएको दिशाभन्दा फरक दिशामा यात्रा गरिराखेको शंका लागेमा नेपालको भूगोलसम्बन्धी केही ज्ञानले समेत पीडितहरूलाई सावधान बनाउन सक्छ ।

## ६.९ बेचबिखन र बिक्री - अन्तिम चरण

अध्ययनले प्रभावितहरूलाई बेचिने तीन तहहरू पछ्यायो :

क) बेचबिखनकर्ताबाट सिधै वेश्यालयमा,

ख) बेचबिखनकर्ताबाट बिचौलियालाई जसले पीडितलाई वेश्यालयमा बेच्छ, र

ग) बिचौलियालाई जसले पीडितलाई ओसारपसार केन्द्रहरूमा हुर्काउँछन् र पछि वेश्यालयमा बेच्छन् ।

वेश्यालयमा पुगेपछि पीडितहरूलाई बिक्री गर्न सकिने जटिल खालको सञ्जाल हुन्छ जहाँ उनीहरूलाई माग अनुसार धेरै पल्ट वेश्यालयहरूमा बिक्री गर्न सकिन्छ ।

अघि वर्णन गरिए झै छनौटकर्ता र ओसारपसारकर्ता दुबै सामान्यतया उही व्यक्ति वा समूह हुन्छन् । सीमा पार गरिसके पछि वा गन्तव्यमा पुगि सकेपछि मात्र अर्को व्यक्ति वा एजेन्टलाई हस्तान्तरण हुन्छ । यस्तो हस्तान्तरण दुई तरीकाहरूबाट हुन्छ:

क) सिधै उनीहरूलाई हस्तान्तरण गर्ने र

ख) रणनीतिक र चलाखीपूर्ण रूपमा हस्तान्तरण गर्नु ।

पहिलो विधिमा उनीहरूलाई लिन आउने व्यक्तिहरू उनीहरूलाई काम दिने वास्तविक व्यक्तिहरू हुन् भनी पीडितहरूलाई विश्वास दिलाइन्छ । कम उमेरका केटीहरूकालागि बेचबिखनकर्ताहरूले उनीहरू अझै कामको लागि सानो भएको भनेर सम्झाउँछन् र जसले उनीहरूलाई लिन आउछन् तिनीहरूले अहिले उनीहरूको राम्रो हेरविचार गर्ने र केही समय पछि काममा लगाइदिने बाचा गर्दछन् ।

रणनीतिक प्रकृतिको हस्तान्तरण धेरै चाखलाग्दो हुन्छ । एउटा घटनामा एक जना महिला नौ महिनाको छोरीसँगै बेचबिखनमा परिन् । उनले आफ्नो कथा यसरी सुनाउँछिन्: *"जब हामी ट्याक्सीबाट पुग्यौं एक महिला र एक नौलो मानिस नजिक आए र कति राम्री बच्चा भन्दै मेरो छोरीको प्रशंसा गर्दै कोमलतापूर्वक मेरी छोरीलाई अंगालिन् । केही छिन पछि उनी मेरी छोरी लिएर दौडेर अर्को ट्याक्सीमा चढीन्* (जो पहिल्यै व्यवस्था मिलाइएको थियो ।) *र गायब भइन् । मलाई झड्का लाग्यो र आत्तिएर लडें । मैले फर्किएर हेर्दा त भाई* (बेचबिखनकर्ता) *पनि*

*गायब भएको थियो । म एक्लै थिएँ र म चिच्याउँदै जमिनमा ढलें । सहयोग गर्ने मनसायले अर्को एकजना नचिनेको महिला* (जो पछि अर्को वेश्यालयको प्रतिनिधिको रूपमा परिवर्तित भई) *आइन् । उनले मेरी छोरी लग्ने व्यक्तिलाई चिनेको बताइन् । उनले मलाई ती महिला कहाँ पुर्‍याईदिने बाचा समेत गरिन् र म ती महिलाको साथमा गएँ । जब म त्यस ठाउँमा पुगें, उनीहरू सबैले म बेचिइसकेको बताए ।"*

कतिपय घटनाहरूमा एकपटकमा एकभन्दा बढी पीडितहरू बेचबिखन गरिन्छन् । पीडितहरूलाई छुट्याइन्छ र एक प्रतिनिधिले एक पीडित र अर्को प्रतिनिधिले अर्कीलाई लैजान्छन् । पीडितहरूलाई फेरी एक्लो र कमजोर बनाउने यो छुट्याउने प्रक्रिया रणनीति हुनसक्छ । साधारणतया पीडितहरूलाई लिन आउने मानिसहरू एक्लै वा दुई–तीन जनाको समूहमा आउछन् ।

हस्तान्तरणको प्रक्रियाले समेत बेचबिखनको सञ्जाल कसरी सञ्चालन हुन्छ भन्ने सम्बन्धमा केही प्रकाश पार्दछ । गन्तव्यमा सधैं निश्चित वा तोकिएको खरिदकर्ता नहुने एक घटनाले देखाउँछ । यस घटनामा प्रभावितहरूलाई बेचबिखनकर्ताले जडिवुटी ओसारपसारको काममा लगाएका थिए । उनीहरूलाई ओसारपसार केन्द्रमा योजनाभन्दा एक हप्तासम्म बढी राखियो । बेचबिखनकर्ताले उपयुक्त जडिबुटी खरिदकर्ता खोजिरहेको भन्दै प्रत्येक दिन डुल्ने गर्दथ्यो । तर वास्तविकतामा भने बेचबिखनकर्ताले प्रत्येक दिन वेश्यालय वा महिला समेतलाई बिक्रि गर्नका लागि उपयुक्त खरिदकर्ता खोजिरहेको हुन्थ्यो । यसले कहिलेकाँही बेचबिखनकर्तासँग खरिदकर्ताको सम्बन्धमा पूर्व निर्धारित योजना नहुने साथै उनीहरू निश्चत खरिदकर्ताहरूसँग सम्पर्कमा नरहेको जनाउँछ । यसले बेचबिखन सुक्ष्म तहमा, कहिलेकाँही असंगठीत सञ्जालहरूमा र सरल संरचनात्मक व्यवस्थामा सञ्चालन हुने भाव दिन्छ ।

यसप्रकार यो अध्ययनमा Shelley (2010) ले भनेझैं बेचबिखनकर्ताहरू पूर्ण संगठीत भएको भेटिएन । यसको अलावा प्राप्त सूचनाहरूको आधारमा यस अध्ययनमा Feingold (2005) ले वर्णन गरेझैं बेचबिखनकर्ताहरू समूहमा "असंगठीत अपराध" को काम गर्दछन् भन्ने निष्कर्षमा पुग्दछ र Hudlow (2016:13) को शव्दमा "अन्य संगठीत अपराधमा झै धेरै नजिकबाट एकिकृत छैनन्" । यसप्रकारको 'असंगठीत अपराध'को पूर्ण विकसित संरचना र जिम्मेवारीहरू हुदैन तर ड्राइभर, स्थानीय तहका प्रहरी र दलाल, चिया पसलको मालिक र गाउँको काकीहरू र छिमेकीहरू आदि जस्ता खुला सञ्जाल र कर्ताहरू स्वतन्त्ररूपमा संलग्न हुन्छन् । Feingold (2005) ले दावी र वर्णन गरे झै यो जापान र थाइल्याण्डमा पाइए जस्तो संगठीत यौनजन्य बेचबिखन होइन ।

सबै घटनाहरूमा प्रभावितहरूले जनाए अनुसार उनीहरू बिक्रि भएको कुरा अन्तिम गन्तव्यको अन्तिम बिन्दुमा पुगेपछि मात्र उनीहरूले महसुस गरे । केहीलाई खरिदकर्ताहरूले नै उनीहरू बिक्रि भएको जानकारी दिए भने केहीलाई सहकर्मीहरूले, केहीले तबमात्र थाहा पाए जब पहिलो ग्राहक शारीरिक सम्पर्कको लागि उनीहरूको कोठामा प्रवेश गरे । ओसारपसार केन्द्रमा रहेका केटीहरूले उनीहरू बिक्रि भएको परिपक्क उमेरमा पुगेपछि मात्र महसुस गर्दछन् । यसकारण बेचबिखनकर्ताले यस्तो अवस्थाको सिर्जना गर्दछ र प्रयाप्त रणनीतिक रूपमै पीडितहरूलाई सम्झाउँदछन् कि उनीहरूले छनौट र ओसारपसार प्रक्रियामा कहिल्यै बेचबिखनमा परेको शंका वा अनुभव गर्दैनन् । यस अनुसन्धानमा अन्तर्वार्ता लिइएका प्रभावितहरू एकदेखि दुइ हप्ताको छोटो अवधिको लागि, तीन देखि आठ महिनासम्मको मध्यम अवधि र अधिकतम दुईदेखि साढे तीन वर्षसम्म विपत्तिमा रहे ।

यस अध्ययनमा प्रभावितहरूले उनीहरू बिक्री भएको अन्दाजी मूल्य ने.रू. ७०,००० (अन्दाजी ६४८ अमेरिकी डलर) देखि ने.रू. ३,५०,००० (अन्दाजी ३२४० अमेरिकी डलर) सम्म रहेको सम्झन्छन् । KC तथा अन्य (2001) ले केटीहरूको बिक्री हुने मुल्य ने.रू. ८०,००० देखि १,१२,००० (अन्दाजी ६४० देखि १०३७ अमेरिकी डलर) सम्म हुनेगरेको अनुमान गरेका छन् जो अध्ययनमा पाइएको न्यूनतम मुल्यसँग लगभग समान रहेको छ भने अधिकतम मूल्य भने केही बढी रहेको छ । अध्ययनले प्रभावितहरूले भोग्नु परेको अधिकतम तहको शोषणपनि पत्ता लगायो । जब उनीहरूको व्यापरिक यौन उद्योगमा बेचिए वेश्यालय वा मालिकले उनीहरूको दैनिक आम्दानीमा शोषण गर्दछन् । एकजना प्रभावितले दुखपूर्वक भने,*"जम्मा आम्दानीमध्ये दलाल र मालिकले ७५ प्रतिशत* (उनीहरूको भाग मोलमोलाई क्षमतामा भर पर्छ) *र २५ प्रतिशतमात्र ग्राहकसँग सुत्ने केटीहरूलाई दिईन्छ ।"* KC तथा अन्यको अध्ययनले लगभग ९० प्रतिशतदेखि ९५ प्रतिशतसम्म पीडितहरूको आम्दानी वेश्यालयको मालिकले लिने गरेको देखाउँछ जो यस अध्ययनमा देखिएको भन्दा धरै बढी हो । आधारभूतरूपमा उनीहरूको घर फर्काइ तबमात्र सम्भब हुन्छ जबः

क) उनीहरूको प्रहरी वा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट उद्धार गरिन्छ,

ख) उनीहरूको आफ्नो ग्राहकहरूबाटै उद्धार गरिन्छ,

ग) उनीहरू वेश्यालयबाट भाग्न सफल हुन्छन्,

घ) उनीहरू आफ्नो इच्छा अनुसार बिक्रीमूल्य तिर्न सक्षम हुन्छन् (कहिलेकाँही त्यसको दोब्बर मुल्य), र

ङ) उनीहरूलाई कुनै रोगलागेमा वेश्यालयले नै घर फिर्ता गर्दछ ।

समूहगत छलफल र मुख्य सूचनादाताहरूको अन्तर्वार्ताले यदि प्रभावितहरूले आफ्नो स्थानमा आफ्नो साटो अर्को नयाँ केटी पठाउन सके पनि उनीहरूले फर्कने अनुमति पाउन सक्ने देखाउँछ । यो यस्तो अवस्था हो जहाँ पीडितलाई नै बेचबिखनकर्ता बन्नको लागि कर गरिन्छ । प्रहरी वा राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट गरिने उद्धार नै प्रभावितहरू घर फर्कने प्रमुख कारण रहेको यस अध्ययनले देखाएको छ ।

## ६.१० लैङ्गिक दृष्टिकोण

एक तिहाई बेचबिखनकर्ताहरू महिला नै भएकाले लैङ्गिक दृष्टिकोणबाट हेर्दा निराशाजनक अवस्था देखिन्छ[२६] । त्यस्तै दुई–तिहाई घटनाहरूमा पीडितहरूलाई केही समय राखिएको ओसारपसार केन्द्रहरूका मालिकहरू महिला नै थिए भने अन्तिम गन्तव्यमा पीडितहरूलाई लिन आउने बिचौलिया व्यक्तिहरू वा वेश्यालयका प्रतिनिधिहरू समेत महिलाहरू नै थिए । यो सच्चाई अझै हैरान पार्ने खालको छ कि ती महिलाहरूमा ७२ प्रतिशत महिलाहरू तामाङ जातिका नेपाली नागरिक थिए र केही आफै पीडितहरू थिए । यसप्रकारको अनौठो घटनालाई बेचबिखनसम्बन्धी साहित्यहरूमा "बेचबिखनको दोस्रो छाल" (Lutya and Lanier, 2012) वा "निमित्त छनोटकर्ता" (Aronowitz, 2009) को रूपमा लिइन्छ जहाँ बेचबिखनको चक्रलाई पहिलेका बेचबिखन पीडितहरूले पुरा गर्दछन्, जुन समाज घातक प्रक्रिया हो । यसले किन अन्य महिलाहरूको बेचबिखनमा महिलाहरू कै बढी संलग्नता रहने गरेको छ भन्ने प्रश्न उठाउँछ । यद्यपि, यो एउटा जटिल प्रश्न भएपनि यस अध्ययन यस आयाममा  केन्द्रित भने छैन ।



[२६] यी घटनाहरुमा महिलाहरु मुख्य बेचबिखनकर्तालाई सहयोग गर्ने सहायकभन्दा पनि आफैं नै मुख्य बेचबिखनकर्ताको रुपमा देखिएका थिए ।

# ७. निष्कर्ष

यस अध्ययनले जीविकोपार्जनका पुँजीहरू, बेचबिखनमा परेका प्रभावितहरूको आकांक्षा र व्यवहार साथै बेचबिखनकर्ताहरूले तिनीहरूलाई छनौट, ओसारपसार र बिक्री गर्दा उनीहरूको विशेषताहरू र चालहरूको बारेमा उपयोगी सूचनाहरू प्रदान गर्दछ । प्रभावितहरूको अन्तर्वार्ताबाट प्राप्त उनीहरूको कथाहरूले हामीहरूलाई उनीहरूको व्यक्तिगत अनुभव बुझ्न मात्र सहयोग नगरेर नेपालको सन्दर्भमा बेचबिखनलाई अझै फराकिलो रूपमा बुझ्न सघाउँछ ।

पीडित वा प्रभावितहरू शिक्षा र सीपको स्तरमा, सामाजिक सञ्जालहरूमा उनीहरूको सदस्यतामा र आर्थिक पुँजीमा ज्यादै नै पछि छन् । उनीहरुमा रोजगारीका साथै आम्दानीको स्रोतको अभाव छ । वित्तीय पुँजीमा उनीहरूकोस्तर औसतमा सबैभन्दा कम रहेको छ । प्रभावितहरू प्रायः जनजातिहरू (मुख्यतया तामाङ र मगर समुदायहरूबाट) र दलित समुदायबाट छन् । साथै, बेचबिखनको समयमा प्रायजसो केटीहरूको उमेर ११ देखि १६ बर्षको रहेको छ । केही असमान्य घटनाहरूमा जस्तै एकजना निजी यौनकर्मी बेचिएको, तीन जना बच्चाहरूसँगै विवाहित महिला बेचिएको र कममा ९ बर्षदेखि बढी उमेरमा ३८ बर्षसम्मका महिलाहरू बेचिएको भेट्टियो । आधाजति प्रभावितहरूको परिवारिक पृष्ठभूमिमा अभिभावकहरूको अनुपस्थिति, सम्बन्धविच्छेद, अविभावकहरू र आमाबुबामा सूचनाको अभाव, बहुविवाह आदि जस्ता समस्याहरू थिए । विशेषगरी केटीहरूलाई केटाहरूभन्दा कमसल दर्जाको रुपमा हेरिने र खासगरी परिवारको सबैभन्दा जेठी छोरीहरूमा परिवारको हेर बिचारको निम्ति नैतिक दवाव पर्नाले उनीहरू बढी जोखिमयुक्त पाइयो । बालबच्चालाई गरिने दुर्व्यहार सम्बन्ध बिच्छेद, लैङ्गिक विभेद र जबरजस्ती विवाह जस्ता दवावहरूले मानिसहरूलाई डरलाग्दो कार्य गर्न दवाव दिन्छ । यस्ता दवावहरूले पुरुषप्रधान संस्कृतिमा गहिरोसँग जरा गाडेको छ जसले लैङ्गिक असमानता, विभेद र हिंसालाई स्विकार गर्दछ । यसले संरचनागत जोखिमताको अवधारणालाई पुष्टी गर्दछ । ठूलो संख्यामा प्रभावितहरू, उनीहरूको लापरवाहीपूर्व व्यवहार र जानीजानी गरिने प्राणघातक गल्लीले गर्दा उनीहरूले आफैलाई ठूलो जोखिममा पारेको यस अध्ययनको निष्कर्ष समेत रहेको छ । यसले व्यक्तिगत जोखिमतालाई आकार दिदैबेचबिखनको साङ्लोलाई अझै बलियो बनायो ।

साधारणतया बेचबिखनकर्ताहरू पीडितहरूद्वारा वा उनीहरूको साथीहरू वा परिवारबाट चिनाइन्छन् जसले उनीहरूलाई विश्वास प्राप्त गर्न सघाउँ पुऱ्याउँछ । सबै छनौट प्रक्रिया पीडितको वर्तमान अवस्था र राम्रो काम उपलब्ध गराउने बाचासँग जोडेर हुने कुराकानीबाट शुरू भयो । पीडितहरूको आर्थिक जोखिमता र उनीहरू सपनाहरूलाई संरचनागत र व्यक्तिगत जोखिमताहरूले साथ दिने हुनाले बेचबिखनकर्ताहरूले छनौट प्रक्रियामा यसबाट फाइदा लिन्छन् । अन्य विधिहरू जस्तै दमन, आतङ्क, जाली विवाह आदि भने यस अध्ययनमा देखिएनन् ।

वास्तवमा बेचबिखनकर्ताहरू प्रभावित छनौट र ओसारपसारका लागि विशेषज्ञ नै हुने यस अध्ययनले देखाउँछ । बेचबिखनकर्ताहरूको आधारभूत चालहरूमा छनौट र ओसारपसार अवधिमा कम सूचना प्रदान गर्नु, पीडितहरूको आत्मविश्वास र आत्मसम्मान तोड्नु, उनीहरूलाई एक्लै र अधिनमा पार्नु र उनीहरूलाई शक्तिविहिन बनाएर नियन्त्रणमा राख्नु थिए । ओसारपसार चरणबद्ध प्रक्रिया हो । पीडितहरू नयाँ ठाउँमा एक्लै र नौला हुने हुनाले उनीहरूले बेचबिखनकर्तासँग यात्रालाई जारी राख्दछन् । ओसारपसार केन्द्रहरू कम उमेरका केटीहरूलाई उनीहरूलाई बिक्रि नगरिदासम्म कम्तिमा दुई वर्षदेखि उनीहरू शारीरिक रुपमा परिपक्क अवस्थामा नपुग्दासम्म हुर्काउन प्रयोग गर्न सकिन्छ । त्यसकारण कम उमेरका बच्चाहरू समेत जोखिममा रहेका छन् ।

छनौट, ओसारपसार, ओसारपसार केन्द्रहरू र गन्तव्यमा हुने कारोबारहरूमा संलग्न मानिसहरूको आधारमा यस अध्ययनले यौनजन्य बेचबिखन खुला सञ्जालमा र असंगठीत अपराधको रूपमा सञ्चालन हुने गरेको दावी गर्दछ । यस अध्ययनमा एक तिहाई बेचबिखनकर्ताहरू महिला भएको, दुई तिहाई ओसारपसार केन्द्रहरूको महिलाद्वारा संचालन गरिएका र पीडितलाई लिन आउने ७२ प्रतिशत बिचौलियाहरू वा वेश्यालयका प्रतिनिधिहरू महिलाहरू नै भएको पाइएकोले स्थिति निराशाजनक रहेको छ । त्यस्तै उनीहरू नेपाली नागरिक, बहुसंख्यक तामाङ जाति र केही पहिलेका पीडितहरू नै थिए । यो अवस्था साच्चैकै आपत्तिजनक र दुखलाग्दो रहेको छ । त्यस्तै यसले किन महिलाहरू नै अन्य महिलाहरूको बेचबिखनमा सामेल हुन्छन् भन्ने जटिल प्रश्नको समेत उठान गर्दछ ।

समग्र प्रक्रियालाई हेर्दा यस अध्ययनले छनौट र ओसारपसार प्रक्रियाको विश्लेषण गर्दै बेचबिखनकर्ताको सीप र रणनीतिहरु कसरी प्रभावितहरुको विवेकभन्दा शक्तिशाली हुन्छ भन्ने व्याख्या गर्दछ । त्यसकारण अध्ययनले बेचबिखनलाई बुझ्न र रोकथामको नमुनाहरूको तर्जुमामा अझै फराकिलो खाकाको आवश्यकता देख्दछ । समूहगत छलफलहरू, मुख्य सूचनादाताहरूको अन्तर्वार्ताहरू र घटनाहरूको अन्तर्वार्ताहरूको आधारमा, उत्प्रेरित बेचबिखनकर्ताहरूले मानव बेचबिखनको अकल्पनीय कार्य सजिलै पुरा गर्न सक्छन् भन्ने अन्दाज लगाइयो । यस अध्ययनमा वर्णन गरिएका छनौट र ओसारपसारको तरिका, चालहरू र मनोवैज्ञानिक उपायहरूले बेचबिखनकर्ताहरूले उनीहरूको चेतना र साधनस्रोत सक्दो प्रयोग गर्दछन् भन्ने प्रमाणित गर्छ र मानिसहरूको बेचबिखन गर्ने जोखिमता उठाउँछन् । उत्प्रेरित बेचबिखनकर्ताले एउटा बच्चालाई


एकैपटकको भेटमा सार्वजनिक बसको प्रयोग गरेर बेचबिखन गर्न सक्छन् भने बेचबिखनको बारेमा थाहा भएको तर्कपूर्ण निर्णय लिन सक्ने वयश्कहरूलाई समेत दुई वा तीन दिनमा, तीनदेखि चार भेटघाटमा बेचबिखनमा पार्न सक्ने घटनाहरूले देखाएको छ। यसले बेचबिखनकर्ताले वास्तवमै अपराध गर्न चाहेमा यो कार्य सजिलो रहेको देखाउँछ। राम्रो परिवारको, आर्थिक रूपले सम्पन्न, शिक्षित र प्रत्येक पाइलामा विधिवत् प्रश्न गर्न सक्ने महिलाहरू समेत अन्तमा बेचबिखनमा परेको पाइयो ।

यी परिस्थितिहरूमा सशक्तीकरण र संरचनागत तथा व्यक्तिगत जोखिमतालाई हटाउँदा बेचबिखन रोकथाममा थप गति प्राप्त हुने भए तापनि यो पूर्णरूमा समस्याको मुख्य जरालाई सम्बोधन गर्न प्रयाप्त हुने हुँदैन । पीडित–केन्द्रीत जोखिमतालाई निरन्तर सम्बोधन गरीरहँदा यौन बेचबिखनको मागका आधारभूत कारणहरूलाई सम्बोधन गर्न र बेचबिखनकर्ताहरूले किन अपराध गर्दछन् भन्ने प्रश्नलाई सुल्झाउन दूरगामी दृष्टिकोण वा रणनीति आवश्यक पर्दछ। यस अध्ययनबाट खिचिएका अन्तरदृष्टिहरूले रोकथामका नमूनाहरूकालागि पूर्ण अवधारणागत ढाँचाको प्रस्ताव गर्दछ ।

# ८. सिफारिसहरू

मानव बेचविखनको अवधारणाको थालनी अपराध किन हुन्छ र यो कसरी हुन्छ भन्ने प्रश्नको बिन्दुबाट हुनपर्छ भन्ने निष्कर्षमा यस अध्ययन पुग्यो । यी आधारहरूमा पक्का बुझाई भएपछि मात्र रोकथामका नमूना र रणनीतिहरू सान्दर्भिक र प्रभावशाली हुन सक्दछन् । यस अध्ययन Lutya and Lanier (2012), Cohen and Felson (1979) / Miethe and Meier (1994) को सैद्धान्तिक ढाँचामा आधारित छ । यस अध्ययनले यौनजन्य बेचबिखनलाई बुझ्नका लागि बेचबिखनकर्ताहरूको स्वतन्त्र इच्छा र उत्प्रेरणा, माग र पीडितको जोखिमताको खाका भित्र रहेर बुझ्नु पर्छ भन्ने उनीहरूको तर्कहरूलाई समर्थन गर्दछ । यस अवधारणामा बेचबिखनकर्ताले अपराध गर्ने निर्णय लगानी र आम्दानीको गणनाको आधारमा गर्ने गर्दछन् । यौन शोषणसँग सम्बन्धित उद्योगको अस्तित्वले बेचबिखनकर्ताले सुर क्षित मागको आत्म–प्रत्याभूति गर्दछन् जसले उनीहरूलाई अपर ाध गर्नका लागि उत्प्रेरित गर्दछ । अन्तमा, व्यक्तिगत जोखिमताले बेचबिखनकर्ताहरूलाई यसबाट फाइदा लिने र पीडितहरूलाई आफ्नो बशमा पार्ने प्रयाप्त अवसर प्रदान गर्दछ । यो पूर्ण खाकाले यी तीन चरहरूको उपस्थितिमा मात्र सैद्धान्तिक रूपमा बेचबिखन सम्भव हुन्छ भन्ने संकेत गर्दछ । अर्कोतर्फ, यी तीनै चरहरूलाई सम्बोधन नगरी बेचबिखनलाई शिथिल पार्न नसकिने तथ्यमा कुनै शंका नभएको देखाउँछ ।

नेपालको यौनजन्य बेचबिखनको सन्दर्भमा, रोकथामको नमूनाले बेचबिखनबाट प्राप्त हुने नाफाको तुलनामा यसबाट सिर्जना हुने परिस्थितिको मूल्य बढी हुन्छ भन्ने अवस्थाको सिर्जना गरी बेचबिखनकर्ताहरूको निर्णय लिने प्रक्रियामा प्रभाव पार्न सक्नु पर्दछ । यस्ता हस्तक्षेपहरू कडा संयन्त्रहरू जस्तोकि बेचबिखन विरुद्धको नीतिहरू, कडा आरोप र जरिबाना र सामाजिक अनादर देखि नरम खालका संयन्त्रहरू जस्तै बेचबिखनकर्ताहरूलाई मानवीय मूल्य, सिद्धान्त र आचारसंहिताको बारेमा जानकारी दिने, उनीहरूलाई विकल्प प्रदान गर्ने आदि हुन सक्दछन् । रणनीतिले बेचबिखनबाट प्राप्त नाफाको तुलनामा यसको वित्तीय, सामाजिक वा राजनीतिक सजायलाई कडा तुल्याउन सहयोग पुऱ्याउनु पर्दछ ।




*चित्र ४: मानव बेचबिखनका प्रमुख कारणहरु*
*Source: Lutya and Lanier (2012); Cohen and Felson (1979) and Miethe and Meier (1994), and author*

माग चरको सम्बन्धमा, रोकथामको नमूनाले मागलाई सुनिश्चितता प्रदान गर्ने यौनजन्य उद्योगहरूलाई कडा नियन्त्रण गर्न र यसको विस्तार लाई रोक्न वकालत र तद्नुरूप कार्य गर्नुपर्दछ । नेपालमा यौनको देशभित्र आन्तरिक माग अवैधानिक यौन उद्योगहरूले धानेका छन् भने अन्तर्राष्ट्रिय मागको सम्बन्धमा नेपाल महिला र केटीकेटी बेचबिखनको स्रोतको रूपमा रहेको छ । स्पष्टरूपमा राष्ट्रिय नीति र सुरक्षाको क्षेत्रभन्दा बाहिर भएको कारणले आन्तरिक मागको तुलनामा राष्ट्रले अन्तर्राष्ट्रियमागलाई मुस्किलले प्रभाव पार्न सक्छ । यसकारण, राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै खालका मागलाई नियन्त्रण गर्न फराकिलोस्तरको पहलको आवश्यकता रहेको छ ।

तेस्रो चर जोखिमतालाई हटाउनु हो । सैद्धान्तिक खाकाले निम्न अवस्थामा मात्र छनौट प्रक्रिया शुरु हुने सुझाव दिन्छ :

क) बेचबिखनकर्ता र सम्भाव्य पीडितबीच असमान शक्ति भएमा,

ख) सम्भावित पीडितले बेचबिखनकर्ताको प्रस्ताव स्विकार गर्ने वा नगर्ने तथा बेचबिखनकर्ताले अपराधलाई गर्ने वा नगर्ने कुरा घाटा-नाफाको विश्लेषणको आधारमा गरेमा र

ग) सम्भाव्य पीडितहरूको व्यवहार प्रेरक, हतास, लापरवाहीपूर्ण रवा जोखिमयुक्त भएमा ।

यसकारण रोकथामका रणनीतिहरूले सोचमा र स्रोतहरूमा निम्न दुई दृष्टिकोणबाट लगानी गर्नु पर्दछः

क) संरचनागतजनीत जोखिमता र

ख) व्यक्तिजनीत जोखिमता ।

पीडितशास्त्रको अवधारणा अनुसार व्यक्तिहरू उनीहरूको आफ्नै गतिविधिको कारणले र उनीहरू बसिरहेका ठाउँको अवस्थाले गर्दा पीडित हुन पुग्छन् । प्रारम्भिक दुई अवस्थाहरू असमान शक्तिको सम्बन्ध र पीडितको लगानी–नाफा विश्लेषणले संरचनागत जोखिमतालाई बढी प्रोत्साहन गर्छ भने पीडितको जीवन शैली र व्यक्तित्वले व्यक्तिगत जोखिमता (चित्र ४ मा हेर्नुहोस् ।) लाई बढी प्रोत्साहन गर्दछ । संरचनागत र व्यक्तिगत दुबै खालका जोखिमताहरूले समग्रमा पीडितको जोखिमतालाई प्रोत्साहित गर्दछ । कुनै संरचनागत समस्याहरू जस्तै समाजिक रूपमा तोकिएको अन्यायपूर्ण र शोषणयुक्त भूमिका र जिम्मेवारीहरू, पितृसत्तात्मक प्रवृत्ति र व्यवहार, लैङ्गिक हिंसा र भेदभाव, महिलालाई उपयोगको वस्तुको रुपमा मान्ने व्यवहार, विभेदलाई बचाउ, अनुमति र स्वीकार गर्ने सांस्कृतिक मापदण्ड र प्रयोगहरूलाई निवारण गर्नु पर्छ । यस सँगसँगै जोखिममा परेका मानिसहरूलाई उनीहरूको व्यवहार र चालचलनले बेचबिखनको घटनाहरू भइरहनुमा सहयोग पुऱ्याएको हुन्छ भन्नेमा सचेत बनाउनु पर्छ । कडारूपमा दोष लगाउनु भन्दा उनीहरूलाई,उनीहरू कै व्यवहारहरूको कारणले गर्दा छनौट र ओसारपासारमा पर्ने जोखिमताको सम्भावना रहेको हुँदा उनीहरूको व्यवहारलाई हेर्न सहयोग गर्नु पर्दछ र उनीहरूलाई पूर्वसावधानी र चनाखोपन अपनाउन प्रोत्साहित गरिनुपर्दछ ।

यस अनुसन्धानको आधारमा प्रतिवेदनको सिफारिसहरू कार्यान्वयनको लागि विस्तृत प्रस्तावको रूपमा तलको खण्डमा तयार पारिएको छ । योजनाहरू बेचबिखनका रोकथामका उपायहरूको तर्जुमा गर्ने सन्दर्भमा पक्कै पनि यू.एम.एन.को कामको लागि प्रस्तावित हुन् भन्ने सम्झनु जरूरी छ र यी सुझावहरु यू.एम.एन.को बेचबिखन विरूद्धको वर्तमान कार्यहरुका सन्दर्भमा प्रस्तावित गरिएका छन् ।

| प्रस्तावित कियाकलपाहरु | | | | |
|---|---|---|---|---|
| **उत्साही बेचबिखनकर्ताको स्वतन्त्र इच्छा**<br>*(सम्भाव्य अपराधलाई रोक्न सक्ने रणनीतिहरू, खासगरी तेर्सो र शीर्ष-तल पद्धतिबाट विश्लेषणगरी अपराधको सजायलाई बढाउने खाले आधारभूत विचार)* | **यौन क्रियाकलापहरूको माग**<br>*(तेर्सो तथा शीर्ष-तल पद्धतिअनुसार अन्तर्राष्ट्रिय तथा राष्ट्रियरूपमा हुने व्यावसायिक र हिंसात्मक यौन क्रियाकलापलाई कम गर्ने खालको रणनीतिहरू बनाउने आधारभूत विचार)* | **प्रभाववितको जोखिमता**<br>(तलदेखि शीर्ष पद्धतिअनुसार बेचबिखनबाट असुरक्षित हुने किसिमको अवस्थालाई कम गर्ने प्रकारको रणनीतिहरू बनाउने आधारभूत विचार) | | |
| | | **संरचनागत सन्दर्भले निम्ताएको जोखिमता**<br>(पीडितको जीविकोपार्जनका पुँजीलाई निर्माण गर्ने र सामाजिक तथा आर्थिक सन्दर्भहरूले गर्दा संरचनागत जोखिमतालाई न्यूनीकरण गर्न रणनीति बनाउने आधारभुत विचार) | | **व्यक्तिगत कारणले निम्ताएको जोखिमता**<br>(व्यक्तिलाई पर्याप्त व्यावाहारिक सूचनाहरू, सीपहरू, विश्वास, तार्किक निर्णय र व्यवहारिक परिस्थितिहरू जसले उनीहरू आफै कसैमाथि भर नपरी तार्किक निणर्य लिन सक्ने, सचेत बन्न सक्ने र आफैलाई परिभाषित गर्न सक्ने रणनीति बनाउने खालको विचार) |
| | | **बेचबिखनकर्ता र प्रभावितबीचको असमान शक्तिको फरक**<br>(फरक क्षमता र शक्तिलाई घटाउने खालको रणनीति बनाउने आधारभूत विचार) | **पीडितको घाटा र नाफामा आधारित स्वेच्छिक तर्क सहितको निर्णय**<br>(सामाजिक तथा आर्थिक अवस्थालाई सुधार गर्दै नाफालाई बढाउने रणनीति सम्बन्धी आधारभूत विचार) | **प्रभावितको जीवनशैली तथा व्यत्तित्व बेचबिखनमा जिम्मेवार कारकको रूपमा**<br>(व्यवहारिक प्रवृति तथा तार्किक निर्णय गर्ने क्षमतामा परि वर्तन ल्याउने किसिमको रणनीति बनाउने आधारभूत विचार) |
| ➲ समन्वय तथा सहकार्यमा सहयोग गर्न बेचबिखनको मुद्दाको बारेमा यू.एम.एन.को स्थिति पत्र निर्माण गर्ने ।<br>➲ बेचबिखनमा संलग्न अपराधीहरु बिरुद्ध मुद्दा दायरगरी अभियोग प्रमाणित गर्ने कार्यमा शुरुबात गर्ने वा यस कार्यमा सहयोग पुऱ्याउने ।<br>➲ बेचबिखनकर्ताको विरुद्धमा कडा कारवाहीको लागि नीति वकालत शुरुवात गर्ने वा सो कार्यमा सहयोग तथा सहयोग गर्ने । | ➲ समन्वय तथा सहकार्यमा सहयोग गर्न बेचबिखनकको मुद्दामा यु.एम.एन.को स्थिति पत्र निर्माण गर्ने ।<br>➲ बेचबिखनलाई मानव अधिकार रुपरेखामा समावेश गरी वकालतलाई अझै प्रभावकारी बनाउने । | ➲ सम्भावित प्रभावितहरुको जीविकोपार्जनका पुँजीहरू मुख्यगरी शिक्षा, सीप, सञ्जाल, सदस्यता, बचत, पारिवारिक सम्बन्ध र आर्थिक अवस्थालाई निर्माण गर्न केन्द्रित हुने ।<br>➲ अभिभावक तथा बालबालिकाबीचको संवाद बढाउनका साथै बच्चाहरूलाई आफ्नो सपना र सुख–दुख साट्न प्रोत्साहन गर्ने र अप्ठ्यारो अवस्थासँग लड्न मार्गदर्शन प्रदान गर्ने । | | ➲ तार्किक सोचाई तथा बौद्धिक निर्णय गर्ने क्षमतालाई अभिबृद्धि गर्न जीवनमुखी तालिमहरू प्रदान गर्ने ।<br>➲ प्रभावितहरुको व्यवहारले बेचबिखनको जोखिमतालाई बढावा दिन सक्छ भनेर मनन् गराउने ।<br>➲ लक्षित समूहहरुलाई भूगोल र अन्तर्राष्ट्रिय सीमाहरुको विशेषता (खासगरी नेपाल–भारत) र केही स्थलगत हुलियाहरुबारे जानकारी गराउने जसले गर्दा आफू बेचिदै वा सीमा पार हुदै गर्दाको अवस्थाबारे जान्न सकून् । |

| | | | |
|---|---|---|---|
| ➲ बेचबिखनलाई मानव अधिकार रुपरेखामा समावेश गरी वकालतलाई प्रभावकारी बनाउने ।<br>➲ सञ्जाललाई पराजित गर्न सञ्जालकै आवश्यकता पर्ने हुनाले (UNODC, 2013) बेचबिखनको बिरुद्ध लड्न रणनीतिक साझेदारीको स्थापना गर्ने ।<br>➲ प्रत्यक्ष प्रभावकारी हस्तक्षेपको लागि तथ्याङ्कको विश्वसनीयताको बारेमा सहकार्यरत संघ संस्थाहरूसँग छलफल गर्ने ।<br>➲ बेचबिखनको बारेमा राम्रो अनुसन्धान तथा प्रमाण जुटाउनको लागि राष्ट्रिय सुरक्षा निकायहरूसँग नजिकको समन्वय तथा सहजीकरण गर्ने ।<br>➲ बेचबिखनकर्ताहरुको तथ्याङ्क तालिका बनाउन र अद्यावधिक गर्नका लागि पहल र योगदान गर्ने ।<br>➲ अन्तर्राष्ट्रिय सीमामा कडाइ गर्न पहल र योगदान गर्ने ।<br>➲ स्थानीय छनाटकर्ताहरूभन्दा मुख्य अपराधीको अपराधको विरुद्ध फैसला तथा कारबाही गर्ने जसले पुरै बेचबिखनमा ठूलो प्रभाव ल्याउन नसकुन् ।<br>➲ बेचबिखनकर्तालाई नैतिक मूल्य–मान्यताहरू, मानव स्वतन्त्रता आदि बारे अभिमुखीकरण दिने कार्यको पहल गर्ने वा सो कार्यमा योगदान गर्ने । | ➲ सञ्जाललाई पराजित गर्न सञ्जालकै आवश्यकता पर्ने हुनाले (UNODC, 2013) बेचबिखनको बिरुद्ध लड्न रणनीतिक साझेदारीको स्थापना गर्ने ।<br>➲ यौन शिक्षा र नैतिक मुल्यलाई यौनसँगै सामेल गर्ने ।<br>➲ व्यवसायिक यौन शोषणको मागलाई कसरी कम गर्न सकिन्छ भन्ने विषयमा बहस तथा पैरवीको शुरुवात गर्ने (जस्तै यौन व्यवसायलाई कानुनी दायरामा ल्याउने कि नल्याउने?)<br>➲ महिला र पुरुषका लागि समान आर्थिक अवसरको लागि अभियानको पहल वा योगदान गर्ने किनकि १) धेरै स्रोतहरु पुरुषको नियन्त्रणमा हुन्छन् जसले गर्दा उनीहरु यौनको लागि खर्च गर्न सक्छन्; र २) महिलाहरुलाई वैकल्पिक आम्दानीको स्रोतको खाँचो हुन्छ जसले गर्दा उनीहरु यौन व्यवसायमा लाग्न बाध्य हुदैनन् । | ➲ विशेषगरी वेश्यावृतिमा संलग्न महिलालाई गरिने कलंकित व्यवहारलाई तोडने र त्यसलाई घृणा वा सामाजिक बहिस्कार गर्नुभन्दा प्रभावितहरूलाई साथ दिन समुदायलाई उत्प्रेरित गर्ने ।<br>➲ उपलब्ध उपयुक्त कानुनी प्रक्रिया सहजीकरण गर्न समुदायहरूमा पारालिगलको परिचालन गर्ने जसले गर्दा प्रभावितहरु मुद्दा दर्ता गर्न र त्यसलाई सफल बनाउन प्रेरित हुन्छन् ।<br>➲ खासगरी केटीहरु (बढ्दो उमेरका) जोखिम हुन्छन् भन्ने जनचेतना बढाउने, जहाँ केटीहरुसंग उच्च नैतिक दायित्व हुन्छन् र कहिलेकाहीं तिनीहरु केटाहरु भन्दा तल्लो दर्जामा गनिन्छन् । परिवार भित्र समान अवसरहरुको लागि वकालत गर्ने ।<br>➲ बसचालक, रिक्सावाला र अन्य सार्वजनिक सवारीसाधन चालकहरूको लागि त्यस्तै साधनहरु प्रयोग गरेर जनचेतनामूलक कार्यक्रम गर्ने ।<br>➲ बेचबिखन सम्बन्धी जनचेतना जगाउने खालको सामग्रीहरूलाई लामो दूरीको बसभित्र र बस रोक्ने स्थानहरूमा टाँस्ने वा देखाउने ।<br>➲ होटेल मालिकहरूलाई जनचेतना जगाउने र बेचबिखनको सम्बन्धमा जानकारीमूलक सामग्री प्रयोग गर्ने ।<br>➲ विकासका प्रयासहरुलाई प्रवर्द्धन गर्ने जसले सबै लिङ्ग तथा जातिहरुका लागि समान अवसरहरू सिर्जना गरोस् ।<br>➲ सामुदायिक समूहहरूलाई अनुगमन तथा उत्तरदायीकर्ताको रुपमा परिचालन गर्ने र अपरिचित व्यक्तिहरु र शंकास्पद क्रियाकलापहरु प्रति सचेत रहने । | ➲ मोबाइल फोनमा स्थान र बाटो पत्ता लगाउने प्रविधिको प्रयोगबारे सुसूचित गराउने ।<br>➲ परिवार तथा साथीहरुसंग नयाँ निर्णय, भ्रमण तालिका र सवालहरुबारे आवश्यक सरसल्लाह लिन सम्भावित प्रभावितहरुलाई जानकारी गराउने ।<br>➲ स्थानहरूको नाम लेखेर राख्न, उनीहरू बसेको होटेलको कार्डहरूलाई जम्मा गर्न सम्भावित प्रभावितहरुलाई प्रोत्साहित गर्ने जसले गर्दा उनीको यात्रा गरको बाटोको नक्साङ्कन गर्न सहयोग गरोस् ।<br>➲ उनीहरूलाई सुरक्षाकर्मीसँग समन्वय गर्न र झुठो नबोल्न भनेर सिकाउने ।<br>➲ यात्राको क्रममा सुरक्षित भ्रमण कसरी गर्ने, हराउँदा के गर्ने, के कस्ता वस्तुहरू बोकेर हिड्ने (जस्तै पैसा, परिचय पत्र, मोबाइल), यदि हराएको खण्डमा वा शंका लागेमा अरू मानिसहरूसम्म कसरी पुग्ने भन्ने जस्ता कुराहरूको बारेमा प्रशिक्षण दिने ।<br>➲ बिना पैसा केही पनि खान पाइँदैन भनेर शिक्षित गराउने र यदि कसैले त्यस्तो सहयोग गर्दै छ भने त्यसको भित्री इच्छा के हो भनेर जान्नु पर्छ भनेर भन्ने ।<br>➲ खासगरी केटीहरु (बढ्दो उमेरका) जोखिमयुक्त हुन्छन् भन्ने जनचेतना बढाउने, जहाँ केटीहरुसंग उच्च नैतिक दायित्व हुन्छन् र कहिलेकाहीं तिनीहरु केटाहरु भन्दा तल्लो दर्जामा गनिन्छन् । परिवार भित्र समान अवसरहरुको लागि वकालत गर्ने र केटीहरुलाई सचेत रहन भन्ने ।<br>➲ अनुसन्धानमा उल्लेख गरे जस्तै बेचबिखनकर्ताले कस्ता कस्ता पद्धतिहरू, मनोवैज्ञानिक उपायहरू र ब्यावाहारिक तरिकाहरू प्रयोग गर्छ भनेर उनीहरूलाई सिकाउने । |

| | | | |
|---|---|---|---|
| • बेचबिखनकर्तालाई वैकल्पिक जीविकाको विकल्पहरू प्रदान गर्न पहल गर्ने वा सो कार्यको शुरुवात गर्ने ।<br>• बेचबिखनकर्ताको विरुद्ध लड्ने स्थानीयहरूमा सीमित कानुनी ज्ञान छ भने उनीहरूलाई सहयोग गर्न समुदायमा पारालिगलको परिचालन गर्ने ।<br>• पीडितहरूले मुद्दा दर्ता गराउँदा उनीहरु कमजोर हुने र बेचबिखनकर्ताहरु शक्तिशाली बन्न खोज्ने किसिमको मनोविज्ञानलाई र शक्ति सम्बन्धलाई उल्टाउने । | • महिलालाई वस्तु वा सामानजस्तै खरिद बिक्री गर्न, मस्ती लिन वा त्याग्न हुदैन उनीहरु आफ्नो शरीरको सुरक्षा गर्ने अधिकार भएका मानव जाति भएकोले पुरुष र केटाहरुमा महिला तथा केटीहरुको सम्मान गर्ने भावना विकास गर्ने । | • लक्षित समुदायमा सामाजिक कुप्रथा तथा कुसँस्कृतिलाई हटाउने खालका रणनीति तर्जुमा गर्ने र सुरक्षात्मक संस्कृति र मूल्यहरू निर्धारण गर्ने जहाँ हिंसा र शोषण स्वीकृत र अस्वीकृत हुन्छन् । यस्ता विकृतिहरु उन्मुलन गर्न सामुदायिक उत्तरदायित्वको विकास गर्ने ।<br>• रोकथामको रणनीतिहरूले पारिवारिक सम्बन्धलाई मजबुत बनाउन परिवारलाई प्रकार्यत्मक बनाउने र पारिवारिक अन्तरसम्बन्धमाथि जोड दिने ।<br>• नीति तथा सामाजिक वकालतको सुरुवात तथा त्यसमा योगदान गर्ने जसले गर्दा जोखिममा रहेका परिवारहरुलाई सुरक्षा कवचहरु बढाउने, महिला सशक्तिकरण गर्ने र राम्रो श्रम बजार सिर्जना गर्ने ।<br>• अनुचित तरीकाले सामाजिक रुपमा परिभाषित लैङ्गिक मूल्य र उत्तरदायित्वहरुलाई सम्बोधन गर्ने र खासगरी महिला तथा सुबिधा–वञ्चित समूहहरुको लागि सबै क्षेत्रमा समान अवसर हरुको प्रोत्साहन गर्ने ।<br>• सामाजिक संरक्षण र सुरक्षाको अवधारणामा जोडदिदै जीविकोपार्जनका पुँजीहरुको अवस्थामा सुधार गर्न रणनीतिहरु तर्जुमा गर्ने । | • यात्राको क्रममा सुरक्षित भ्रमण कसरी गर्ने, हराउँदा के गर्ने, के कस्ता वस्तुहरू बोकेर हिड्ने (जस्तै पैसा, परिचय पत्र, मोबाइल), यदि हराएको खण्डमा वा शंका लागेमा अरू मानिसहरूसम्म कसरी पुग्ने भन्ने जस्ता कुराहरूको बारेमा प्रशिक्षण दिने ।<br>• बिना पैसा केही पनि खान पाइँदैन भनेर शिक्षित गराउने र यदि कसैले त्यस्तो सहयोग गर्दै छ भने त्यसको भित्री इच्छा के हो भनेर जान्नु पर्छ भनेर भन्ने ।<br>• खासगरी केटीहरु (बढ्दो उमेरका) जोखिमयुक्त हुन्छन् भन्ने जनचेतना बढाउने, जहाँ केटीहरुसंग उच्च नैतिक दायित्व हुन्छन् र कहिलेकाहीं तिनीहरु केटाहरु भन्दा तल्लो दर्जामा गनिन्छन् । परिवार भित्र समान अवसरहरुको लागि वकालत गर्ने र केटीहरुलाई सचेत रहन भन्ने ।<br>• अनुसन्धानमा उल्लेख गरे जस्तै बेचबिखनकर्ताले कस्ता कस्ता पद्धतिहरू, मनोवैज्ञानिक उपायहरू र व्यावाहारिक तरिकाहरू प्रयोग गर्छ भनेर उनीहरूलाई सिकाउने ।<br>• यदि साथीको सञ्जालबाट बेचबिखनकर्ता आएको थाहा छ भने पनि त्यसलाई बारम्बार प्रश्नहरु गर्न र जागरुक रहन सम्भावित प्रभावितहरुलाई सिकाउने ।<br>• जुनसुकै उमेर, जाति र शारीरिक अवस्था (यो अनुसन्धानमा शारीरिक रूपमा अशक्तहरू देखिएनन्) का महिलाहरू पनि बेचिन सक्छन् भनेर जनचेतना जगाउने ।<br>• बाँच्न पाउनु, प्रतिष्ठित र सुरक्षित जीवन जिउनु भनेको सबैको मौलिक अधिकार हो भनेर उनीहरूलाई महसुस गराउने । |

| | | | |
|---|---|---|---|
| | | | ➲ घरबाट भाग्नु हुदैन भनेर केटीहरुलाई सजग बनाउने ।<br>➲ महिला तथा केटीहरुको इच्छाशक्तिलाई बढाउने र महिलाहरू कमजोर हुदैनन् भनेर मनन् गराउने, ताकि उनीहरुलाई शक्तिहीन गर्न र पुरा नियन्त्रण गर्न बेचबिखनकर्ताले यस जोखिमतालाई प्रयोग गर्न नसकून् । |

# ९ सन्दर्भ सामाग्रीहरू


*Alexis A. Aronowitz A.A. (2009). Human Trafficking, Human Misery: The Global Trade in Human Beings. Westport, London: Praeger*

*American Bar Association and Center for Legal research and Resource Development (CeLRRd) (2011) Human Trafficking Assessment Tool Report For Nepal. Washington, DC: American Bar Association*

*Amir, M. (1971). Patterns in forcible rape. Chicago, IL: University of Chicago Press.*

*Anderson, E. (1999). Code of the street: Decency, violence, and the moral life of the inner city. New York, NY: WW Norton & Company.*

*Angelina S. and Blagojce P. (2014). The Process of Trafficking In Human Beings: Phases of Commiting the Crime. Horizons 16(10): 39-52.*

*Artadi E., Bjorkman M., and La Ferrara E. (2010). Factors of Vulnerability to Human Trafficking and Prospects for Reintegration of Former Victims. Evidence from the Philippines Working Paper No. 374. Available at: http://ftp.igier.unibocconi.it/wp/2010/374.pdf. Accessed on 5 July 2016.*

*Berg, M. T., Stewart, E. A., Schreck, C. J., and Simons, R. L. (2012). The victim-offender overlap in context: Examining the role of neighborhood street culture. Criminology. 50: 359–390.*

*Cameron, S. (2008). Trafficking of women for prostitution. In Trafficking in humans: Social, cultural and political dimensions. Eds. Cameron, S. and Newman, E. Tokyo: United Nations University Press.*

*Chapkis, W. (2003).Trafficking, migration and the law, Gender and Society, 17(6): 926.*

*Clark, M. A. (2008). Vulnerability, prevention and human trafficking: the need for a new paradigm. In An Introduction to Human Trafficking: Vulnerability, Impact and Action. New York: United Nations Office On Drugs And Crime 59-78*

*Cohen, L. E., and Felson, M. (1979). Social change and crime rate trends: A routine activity approach. American Sociological Review: 588–608.*

*Crawford M. and Kaufman M. R. (2008). Sex trafficking in Nepal: Survivor characteristics and long-term outcomes. Violence Against Women. 14: 905–916. doi:10.1177=1077801208320906*

*DeKeseredy, W., and Schwartz, M. (2009). Dangerous exits: Escaping abusive relationships in rural America. Piscataway, NJ: Rutgers University Press*

*DFID. (1999). Sustainable Livelihoods Guidance Sheets. Available at http://www.eldis.org/vfile/upload/1/document/0901/section2.pdf. Accessed on 9 March 2016*

*Di Tommaso, M. L., Shima, I., Strom, S., and Bettio, F. (2009). As bad as it gets: Wellbeing deprivation of sexually exploited trafficked women. European Journal of Political Economy. 25: 143–162. doi:10.1016=j.ejpoleco.2008.11.002*

*Dignan, J. (2004). Understanding victims and restorative justice. UK: McGraw-Hill Education*

*Doezema, J. (2005). Now you see her, now you don't: Sex workers at the UN trafficking protocol negotiation. Social and Legal Studies. 14: 61–89. doi:10.1177=0964663905049526*

*Erenstein O., Hellin J. and Chandna P. (2010). Poverty mapping based on livelihood assets: A meso-level application in the Indo-Gangetic Plains, India. Applied Geography 30 (1): 112–125. DOI: 10.1016/j.apgeog.2009.05.001*

*Erenstein, O. (2009). Livelihood assets as a multidimensional inverse proxy for poverty: A district level analysis of the Indian Indo-Gangetic Plains.Working paper. New Delhi: CIMMYT*

*Evans C. and Bhattarai P. 2000. Trafficking In Nepal: Intervention Models. A Comparative Analysis of Anti-Trafficking Intervention Approaches in Nepal. The Asia Foundation and Population Council*

*Feingold, D. A. (2005). Human trafficking. Foreign Policy, 150: 26-32.*

*Franklin, C. A, Franklin T. W, Nobles, M. R., and Krecher, G.A. (2012). Assessing the Effect of Routine Activity Theory and Self-Control on Property, Personal, and Sexual Assault Victimization. Criminal Justice and Behavior. 39(10): 1296-1315.*

*Gallagher, A. (2001). Human rights and the new UN protocols on trafficking and migrant smuggling: A preliminary analysis. Human Rights Quarterly. 23: 975–1004. doi:10.1353=hrq.2001.0049*

*Gallagher, A. (2001). Human rights and the new UN protocols on trafficking and migrant smuggling: A preliminary analysis. Human Rights Quarterly, 23 (4): 975-1004.*

*Gallagher, A. (2013). Issue Paper: Abuse of a position of vulnerability and other "means" within the definition of trafficking in persons. United Nations Office on Drugs and Crime. Vienna, Austria. Available at: http://www.unodc.org/documents/human-trafficking/2012/UNODC_ 2012_ Issue_ Paper_ -_ Abuse_ of_ a_ Position_ of_ Vulnerability.pdf. Accessed on 23 May 2016*

*Glonti, G. (2004). Human trafficking: Concept, classification, and questions of legislative regulation. Publication Series-European Institute for Crime Prevention and Control, 70-80.*

*Gozdziak E.M. and Collett E.A. (2005). Research on Human Trafficking in North America: A Review of Literature. In Data and Research on Human Trafficking: A Global Survey. Eds Frank Laczko and ElzbietaGozdziak.Geneva, Switzerland: International Organization for Migration*

*Hindelang, M. J., Gottfredson, M. R., and Garofalo, J. (1978). Victims of personal crime: An empirical foundation for a theory of personal victimization. Cambridge, MA: Ballinge*

*Hudlow, J. (2016). Study of Imprisoned Traffickers in Kathmandu Valley Kathmandu, Nepal: Center for Strategic knowledge.*

*Hughes, M. D. (2004). Best practices to address the demand side of sex trafficking. Rhode Island: University of Rhode Island.*

*International Labour Organization – ILO. (2005). A global alliance against forced labour: Global Report under the Follow-up to the ILO Declaration on Fundamental Principles and Rights at Work 2005. Geneva: ILO, International Labour Conference, 93rd Session 2005, Report I (B). Available at::http://www.ilo.org/wcmsp5/groups/public/---ed_ norm/---declaration/documents/publication/wcms_ 081882.pdf. Accessed on 10 March 2016*

*International Labour Organization – ILO. (2012). ILO Global estimate of Forced Labour: Results and Methodology. Geneva: ILO, Special Action Programme to Combat Forced Labour (SAP-FL).*

*International Labour Organization (ILO) (2009). The Cost of Coercion: Global Report under the follow-up to the ILO Declaration on Fundamental Principles and Rights at Work. Geneva: ILO. Available at: http://www.ilo.org/wcmsp5/groups/public/@ed_ norm/@relconf/documents/meetingdocument/wcms_ 106230.pdf. Accessed on: 10 April 2016*

*IOM Undated. 10 Questions about Human Trafficking. Available at http://www.ungift.org/doc/knowledgehub/resource-centre/IOM_ SACTAP_ South_ Africa_ 10_ Questions_ about_ Human_ Trafficking.pdf. Accessed on 16 June 2016.*

*J. Frederick, 1998. Deconstructing Gita, Himal Magazine, 1998 available at: http://www.childtrafficking.com/Docs/frederick_ himal_ 1998_ _ decon.pdf. Accessed on 15 May 2016*

*KC, B.K.; Subedi, G.; Gurung, Y.B. and Adhikari, K.P. (2001). Nepal Trafficking in Girls With Special Reference to Prostitution: A Rapid Assessment. Geneva: ILO, International Programme on the Elimination of Child Labour (IPEC)*

*Kempadoo K., Sanghera J. and Pattanaik B. (2005). Trafficking and prostitution reconsidered: new perspectives on migration, sex work, and human rights.Paradigm Publishers.*

*Leman, J., and Janssens, S. (2008). The Albanian and Post-Soviet Business of Trafficking Women for Prostitution Structural Developments and Financial Modus Operandi. European Journal of Criminology, 5(4), 433-451.*

*Lutya T.M. and Lanier M. (2012). An Integrated Theoretical Framework to Describe Human Trafficking of Young Women and Girls for Involuntary Prostitution. In Public Health - Social and Behavioral. Ed Jay Maddock. DOI: 10.5772/37064*

*McCray, J. (2006). Dynamics and the economic theory of crime. Criminology and Economics Summer Workshop, University of Michigan*

*Mendelsohn, B. 1956. Une nouvelle branch de la science biopsycho-social: La victimology. Review international de criminologieet de police technique, 2*

*Meshkovska B., Siegel M., Stutterheim S.E. and Bos A.E.R. (2015) Female Sex Trafficking: Conceptual Issues, Current Debates, and Future Directions. The Journal of Sex Research. 52(4): 380-395. DOI: 10.1080/00224499.2014.1002126*

*Miethe, T. D., and Meier, R. F. (1994). Crime and its social context: Toward an integrated theory of offenders, victims, and situations. Albany, NY: Suny Press.*

*Moser, C., & Felton, A. (2007). The construction of an asset index measuring asset accumulation in Ecuador. Chronic poverty research centre working paper. (87).*

*Motus, N (2004). The trafficking process from the perspective of trafficked persons. In The Mental Health Aspects of Trafficking in Human Beings–Training Manual. International Organisation of Migration: 15-30.*

*National Human Rights Commission (NHRC), Nepal. (2011). Trafficking in Persons Especially on Women and Children in Nepal: National Report. Kathmandu, Nepal: NHRC, Office of the Special Rapporteur on Trafficking in Women and Children.*

*O'Connor, M., & Healy, G. (2006). The links between prostitution and sex trafficking: A briefing handbook. Dublin, Ireland: Coalition Against Trafficking in Women.*

*QC, F. G., Muraszkiewicz, J., and Vavoula, N. (2016). The role of technology in the fight against human trafficking: Reflections on privacy and data protection concerns. Computer Law & Security Review. 32(2): 205-217.*

*Ray, N. (2005). Looking at trafficking through a new lens. Cardozo JL & Gender.12: 909.*

*Shelley L. (2010). Human Trafficking: A Global Perspective. Cambridge: Cambridge University Press*

*Silvermann, D., (2000). Doing qualitative research: A practical handbook. London: Sage.*

*Subedi, G. (2009). Trafficking In Girls And Women In Nepal For Commercial Sexual Exploitation: Emerging Concerns And Gaps. Pakistan Journal of Women's Studies. 16 - 1&2 (121-145)*

*UN Office on Drugs and Crime (UNODC). (2008). Toolkit to Combat Trafficking in Persons. 2nd edition. Available at: http://www.refworld.org/docid/4a7944fe2.html. Accessed on 3 May 2016*

*United Nations Office on Drugs and Crime – UNODC. (2013) Transnational Organised Crime in East Asia and the Pacific: A threat Assessment. Available at: http://www.unodc.org/documents/data-and-analysis/Studies/TOCTA_ EAP_ web.pdf. Accessed 25 October 2016.*

*Usman M. (2014). Trafficking In Women and Children as Vulnerable Groups: Talking Through Theories Of International Relations. European Scientific Journal. 10(17): 282-292*

*Van den Hoven, A., & Maree, A. (2005). Victimization risk factors, repeat victimization and victim profiling. In Davis, L. &Snyman, R. Victimology in South Africa. Pretoria: Van Schaik Publishers.*

*Vijeyarasa, R. (2013). Stigma, stereotypes, and Brazilian soap operas: Road-blocks to ending human trafficking in Vietnam, Ghana, and Ukraine. Gender, Place, and Culture. 20: 1015–1032. doi:10.1080=0966369X.2012.759905*

*Vindhya U. and Dev V. S. (2011). Survivors of sex trafficking in Andhra Pradesh: Evidence and testimony. Indian Journal of Gender Studies. 18: 129–165. doi:10.1080=0966369X.2012.759905*

*Von Hentig, H. (1941). The criminal and his victim: Studies in the socio-biology of crime. New York, NY: Schocken Books.*

*Von Hentig. H. (1948). The criminal & his victim: Studies in the sociobiology of crime: Archon Books*

*Zimmerman, C., Yun, K., Shvab, I., Watts, C., Trappolin, L., Treppete, M., Bimbi, F., Adams, B., Jiraporn, S., Beci, L., Albrecht, M., Bindel, J., and Regan, L. (2003). The health risks and consequences of trafficking in women and adolescents. Findings from a European study. London: London School of Hygiene & Tropical Medicine (LSHTM).*